# याङ्वरक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## थर्पु पाँचथर, कोशी प्रदेश नेपाल








# याङवरक गाउँपालिका पाँचथरको सामाजिक परिक्षण प्रतिवेदन २०८०

***<u>प्रतिवेदन पेश गर्ने संस्था</u>***


## रौताहा टेक्निकल कलेज प्रा.लि.
## Rautaha Technical College Pvt. Ltd.
Gmail: rauthatechnical20@gmail.com, Phone: 9842645424

# खण्ड १

## १.१ पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले विकेन्द्रीकरणको व्यवस्था गरे अनुसार स्थानीय निकायलाई सुदृढ र सवलीकरण गर्दै केन्द्रमा रहेको अधिकार र जिम्मेवारी स्थानीय तहसम्म पुऱ्याउन विभिन्न नियम तथा विनियमहरू तर्जुमा गरेको पाउन सकिन्छ, जसमा यस अन्तर्गत नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ निर्माण गरीएको छ । जनताको प्रत्यक्ष सहभागितामा जनतामा निहित जिम्मेवारी र जवाफदेहिताको लागि उल्लिखित नीति, नियमावलीको निर्माणको मूल उद्देश्य रहेको छ । जनताका आवश्यकताहरूलाई स्थानीय स्तरको आवश्यकता र मागको आधारमा आवश्यकताको स्तरीकरण गरेर परिपूर्ति गर्ने गरीन्छ । जनताको आवश्कता जनताद्वारा नै महसुस गरी उनीहरूको अग्रसरतामा गरीएको कामप्रति जनता जवाफदेही र जिम्मेवार हुने कुरालाई यस नियमावलीले अंगालेको छ । नेपाल सरकारले स्थानीय निकायलाई दिने अनुदान लक्षित समुदायहरूको समग्र विकासका लागि केन्द्रित गर्ने कुरामा विशेष जोड दिंदै आएको छ । यसका लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ । स्थानीय निकायमा जाने अनुदान रकममा पनि विगतका दिन भन्दा बढोत्तरी भएको छ । यसले स्थानीय निकायलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनताँगको सबै भन्दा नजिकको भनौ घरको सरकार भनेकै स्थानीय सरकार हो जसमा मुलत नगरपालिका नागरीकको दुख बेदना अनी मर्महरूलाई नजिकबाट नियालेर सोही विषयवस्तु सँग साक्षातकार भएर काम गर्ने भएबाट नागरीकहरूका आशा र अपेक्षा बढेर गएको पाउन सकिन्छ । जति मात्रामा नागरीकको आशा र अपेक्षा बढेर गएको छ त्यति नै रूपमा स्थानीय निकायहरूको जिम्मेवारी र भूमिका पनि बढेर गएको छ । साथमा नागरीकहरूमा नेतृत्व क्षमता, जागरूकता र सहभागिता पनि बढेको पाउन सकिन्छ । स्थानीय निकायहरूको सवलीकरण र क्षमता विकासका लागि यी नियमावलीहरूले बिशेष भूमिका निर्वाह गरेको छ । **स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षणको व्यवस्था गरीएको छ ।** जसअनुसार **"सामाजिक परीक्षण"** लाई स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य भनिएको छ । यस बिषयलाई जवाफदेही र पारदर्शी बनाउनका लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लाई आधार मानी यस याङबारक गाउँपालिकाले पनि गाउँपालिकाको काम कार्वाहीलाई जवाफदेही र पारदर्शी बनाउनका लागि **सार्वजनिक जवाफदेहिता प्रबर्द्धनसम्बन्धी कार्यबिधि २०७८** को निर्माण गरेको छ । **सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यबिधि २०७८ को अनुसूची ४, ५,६ मा सामाजिक परीक्षणका बिधि तथा प्रक्रियाहरूको व्यवस्था गरीएको छ ।** सामाजिक परीक्षणलाई व्यवस्थित गर्नका लागि नेपाल सरकारले स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि २०६७ जारी गरी लागु गरेको अवस्था छ भने यसलाई अझ आफ्नो गाउँपालिकाको वस्तुस्थितिसँग मिल्दोजुल्दो गराउनका लागि यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को प्रयोजनका लागि यस गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७४को दफाले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यबिधि २०७८ को निर्माण गरी जवाफदेहिताका बिभिन्न औं.जारहरूमध्ये सामाजिक परीक्षण पनि एक औं.जारको रूपमा ब्याख्या गरीएको छ साथै उक्त कार्यबिधिमा ,गुनासो ब्यवस्थापन, सामाजिक

परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, जस्ता विषयहरूको विधि, प्रक्रिया सम्बन्धमा विस्तृत उल्लेख गरी गाउँपालिकाको मार्गनिर्देशनमा सञ्चालनका विधिहरू उल्लेख गरीएको छ । उक्त जवाफदेहिता प्रवर्द्धनसम्बन्धि कार्यविधिको मर्मअनुसार यस गाउँपालिकाले **वर्षको एक पटक** अनिवार्य रूपमा सामाजिक परीक्षण गर्ने व्यवस्था गरीएको छ । स्थानीय निकायको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यका विभिन्न सूचकहरूमध्ये सामाजिक परीक्षण पनि एक महत्वपूर्ण सूचक हो । यसले गर्दा पनि स्थानीय निकायहरू जिसस, नगरपालिका र गा.पा.हरूले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण अनिवार्य शर्त बनेको छ । सामाजिक परीक्षणको प्रक्रियागत कार्यअन्तर्गत, सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवालासहितको समावेशी उपस्थितिमा प्रस्तुत गर्न आवश्यक हुन्छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गरीन्छ । यसरी स्थानीय निकायबाट भए गरेका कामहरूले सामाजिक उपलब्धी कति हासिल भए, सामाजिक परिवर्तन,जनचाँसो तथा सहभागिता, प्रक्रियागत पक्ष र पारदर्शिता जस्ता विविध विषयको विश्लेषणात्मक प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण विधि धेरै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण, सामाजिक परीक्षण सामाजिक परीक्षण प्रतिवेदन, कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा याङवरक गाउँपालिकालाई ठुलो टेवा पुऱ्याउन मद्दत गर्दछ । यसै परिप्रेक्षमा सामाजिक परीक्षण कार्यविधि २०६७ तथा सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७८ बमोजिम यस रौताहा टेक्निकल कलेज प्रा.लि. इटहरी सुनसरीले याङबारक गाउँपालिकाको सामाजिक परीक्षण गरी यो प्रतिवेदन पेश गरेको छ ।

## १.२ सामाजिक परीक्षणको उद्धेश्य

याङवरक गाउँपालिकाको कार्यसम्पादनको मूल्याङ्कन तथा भावी योजनामा सुधार गर्न सहयोग पुर्‍याउने मुख्य यस परीक्षणको धेय रहेको छ । यस गाउँपालिकाले आफ्नो क्षेत्रमा पुर्‍याएका विभिन्न विषयगत योगदान तथा कार्य सम्पादनलाई मापनको रूपमा प्रतिवेदनमा सम्पादित गरीनु यस परीक्षणको उद्देश्य रहेको छ । यसका साथै यस सामाजिक परीक्षणको अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- योजनाको आम्दानी खर्च तथा अन्य विवरणहरू आम उपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने ।
- कार्यक्रमप्रति जनचासा वृद्धि गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा वृद्धि गर्ने ।
- निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शिता व्यवहार अवलम्बन गर्न गराउन सजग गराउने ।
- गाउँपालिकाको समग्र कार्यक्रमको स्व-विश्लेषण र मूल्याङ्कन गर्ने साथै यसले निर्वाह गरेको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।
- नागरीक मैत्री गाउँपालिका निर्माणका लागि सेवा प्रभाहलाई थप प्रभावकारी र सुलभ भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने

- गाउँपालिकाद्वारा सञ्चालन भए गरेका कार्यक्रमहरूको कार्यान्वयनबाट प्राप्त हुने प्रशंसा तथा पृष्ठपोषणबाट आगामी दिनहरूका गाउँपालिकाको कार्यसम्पादनमा मार्ग निर्देश प्राप्त गर्नका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा बढी अंक प्राप्त गरी बढी अनुदान प्राप्त गर्न टेवा पुर्‍याउन सन्तुलित विकासको अवधारणाअनुसार भए गरेका कार्यक्रमहरूको फाईदाहरूको समिक्षा गर्ने ।

## १.३ सामाजिक परीक्षणका आधारहरू

याङवरक गा.पा.ले कार्यसम्पादनको अनुगमन मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखाजोखा गर्नका लागि गरीएको यस सामाजिक परीक्षणका आधारहरूलाई देहाय बमोजिम प्रस्तुत गरीएको छ ।

- याङवरक गाउँपालिका कार्यलयको सङ्गठन संरचना
- याङवरक गाउँपालिकाको नीतिहरू रणनीति  आगामी कार्यक्षेत्र र यसको प्रभावकारीता
- योजना, कार्यक्रम र बजेट ब्यवस्थापन
- गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मूल्याङ्कन
- वातावरण मैत्री विकास निर्माणमा गाउँपालीकाले निर्वाह गरेको भूमिका
- नागरीकमैत्री सेवा प्रवाहको प्रभावकारिता तथा सेवाग्राहीको हितमा गाउँपालिकाले गरेको कार्य
- लक्षितवर्ग र समुदायको हितका लागि गा.पा.ले खेलेको भूमिका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण र विकासमा गा.पा.ले दिएको योगदान
- सरकारी, निनी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य तथा योगदान

## १.४ सामाजिक परीक्षण प्रक्रिया

याङवरक गाउँपालिकाको सामाजिक परीक्षण मा गुणात्मक र तथ्याङ्कपरक परिणाम प्राप्त गर्नका लागि विभिन्न प्रक्रियागत अनुसन्धानका साथै सामाजिक कार्य सम्पादनको स्थितिको मूल्याङ्कन र सामाजिक योगदानलाई आधार बनाएर यसैमा केन्द्रित रहँदै सामाजिक परीक्षण  प्रक्रिया अगाडि बढाइएको छ । यसका लागि तपशीलका प्रक्रियाहरूलाई अवलम्बन गरीएको छ ।

- समन्वय
- जनकारीमूलक गोष्ठी कार्यक्रम
- कार्ययोजना निर्माण
- वडास्तरको प्रतिनिधि, कर्मचारीहरूसँगको छलफल तथा कागजातको अवलोकन
- क्षेत्रगत प्रतिनिधि, उपभोक्ता समिति तथा अन्य सरोकारवालासँगको छलफल
- सर्वेक्षण तथा सूचना सङ्कलन
- सरोकारवाला मुख्य सूचनादातासँगको अन्तक्रिया
- मस्यौदा बिवरण भेलामा प्रस्तुति तथा सहभागीहरूको विचारलाई सम्बोधन
- स्पष्ट पार्नुपर्ने छलफलको विषयलाई सम्बन्धित पक्षबाट जवाफ प्रस्तुत गरीएको
- उपलब्धि, परिणाम र प्रभाव आदि सूचनाको आधारमा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरीएको ।

## १.५ सामाजिक परीक्षणका लक्ष्य

याङवरक गाउँपालिकाको समग्र प्रगति विवरण, कार्यसम्पादनको अवस्था, सामाजिक योगदानमा याङवरक गाउँपालिकाले खेलेको भूमिका आदिको मूल्याङ्कन सहित निम्नानुसारका लक्ष्य तय गरीएका छन् ।

- याङवरक गाउँपालिकद्वारा सञ्चालित आ.व. २०७८।०७९ सालमा सञ्चालन गरीएका परियोजनाहरूको समग्रतामा सूक्ष्म अध्ययन तथा बिश्लेषण
- सञ्चालित परियोजनाहरूको सबल तथा कमजोर पक्षहरूको अध्ययन तथा आगामी परियोजना सञ्चालनमा मार्गनिर्देश प्रदान
- आ.व.२०७८।०७९ सालमा सञ्चालित परियोजनाहरूको गाउँपालिका स्तर तथा वडागत रूपमा छलफल तथा बिश्लेषण
- आ.व. २०७८।०७९ सालमा सञ्चालित परियोजनाहरू प्रति समुदायको सन्तुष्टिको मापन
- सरोकार वाला पक्षहरूसँग प्रत्यक्ष छलफल तथा भेटघाट
- परियोजनासँग सम्बन्धित अभिलेखहरूको अध्ययन तथा विश्लेषण
- सेवा प्रदायक तह तथा सेवाग्राही बिचको पुलको रूपमा जिम्मेवारी निर्वाह गर्ने

## १.६ सामाजिक परीक्षणका सीमाहरू

याङवरक गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधिअनुसार यस गाउँपालिकाको सामाजिक परीक्षण गरीने सिमाहरू निर्धारण गर्नुका अलावा तर्कसंगत पेश गरीने आधारहरूका रूपमा कार्यालयको अभिलेखको जाँच, सूचनाहरूको सङ्कलन, लक्षित सरोकारवालासँगको अर्न्तर्क्रिया, छलफल, कार्यसम्पादनको क्रममा देखिएका समस्याहरूको तुलनात्मक विश्लेषण आदिलाई यस परीक्षणको सिमा तय गर्दै थप तपशीलका सिमाहरू निर्धारण गरी सामाजिक परीक्षण प्रक्रिया अगाडि बढाइएको छ ।

- याङवरक गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यबिधि २०७८ मा सामाजिक परीक्षण सम्बन्धि प्रक्रिया उल्लेख भएअनुसार सामाजिक परीक्षण सम्पन्न गरीएको
- प्रतिवेदन तयारी गर्ने क्रमसम्म आइपुग्दा कार्यालयको अभिलेख जाँच गरीएको छ
- मुख्य सूचनादातासँगको अन्तरवार्ता लिइएको र लक्षित सरोकारवालासँगको अन्तरवार्ता र अन्तरक्रियाको आधारमा लिइएको
- गाउँपालिकामा धेरै कार्यक्रमहरू सञ्चालन भएको कारण जनप्रतिनिधि तथा कर्मचारीहरू व्यस्त हुने भएकोले धेरै समय प्राप्त नहुनु
- याङवरक गाउँपालिकाका प्रत्येक वडाहरूको वडा कार्यालयहरूको अनुगमन, अभिलेखहरूको अध्ययन, सञ्चालित परियोजनाहरूको अध्ययन तथा सरोकारवाला पक्षहरूको छलफल र अन्तरक्रियाबाट आवश्यक सूचनाहरू सङ्कलन गरीएको
- सूचना अध्ययन र सङ्कलनको क्रममा सरोकारवाला पक्षको सहभागिताका लागि संचार प्रभावकारी नहुनु
- सामाजिक परीक्षणको बारेमा गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरूको अनभिज्ञता र यसलाई ठुलो समस्याको रूपमा लिइनु

- विषयगत क्षेत्रका जिम्मेवार कर्मचारीले सामाजिक परीक्षणप्रतिको उत्तरदायित्व नदेखाएका
- कतिपय वडामा कर्मचारी तथा जनप्रतिनिधिहरू भेट्न नसक्नु
- अभिलेखहरू सङ्कलन गर्न समय बढी खर्चिनु परेको
- दैवीक प्रकोपका कारण बाटोघाटोको समस्याले गर्दा अध्ययनको लागि धेरै समय खर्चिनु परेको ।

## १.७ सामाजिक परीक्षण कार्यसञ्चालन प्रकिया

- गाउँपालिकासँग समन्वय गरेको
- सम्बन्धित विषयको सहजताको लागि याङवरक गाउँपालिकाको विभिन्न प्रकाशन प्रतिवेदन, नीति नियम, समाचार, वेवसाइडको अध्ययन गरेको
- गाउँपालिका स्तरको जनप्रतिनिधि, कर्मचारी एवम् प्रकारले वडाका जनप्रतिनिधि तथा वडाका कर्मचारीहरूसँग पालिका स्तरको सामाजिक परीक्षण  कार्यक्रमको परिचयात्मक गोष्ठी तथा कार्ययोजना निर्माण तथा सामाजिक परीक्षणको सञ्चालनको प्रक्रियाको तय गरेको
- वडागत समयतालिकासहित छलफलद्वारा निर्माण गरेको
- समयतालिकाअनुसार सम्बन्धित वडाको फोकल ब्यक्तिले भेलाको लागि सम्पर्क र समन्वय गर्ने सहमति गरेको
- पहिलो दिनमा जनप्रतिनिध, कर्मचारी, विषयगत क्षेत्रको प्रतिनिधिहरूसँग सम्पन्न परियोजनाहरूको बारेमा छलफल सम्पन्न गरेको
- दोस्रो दिनमा वडा स्तरमा जनप्रतिनिध, कर्मचारी, शिक्षक, स्वास्थ्य प्रमुख, कृषिको प्राविधिक, योजनाका प्राविधिक, महिला स्वास्थ्य स्वयम् सेविका, उपभोक्ता समिति सदस्यहरू, महिला, सहकारी प्रतिनिधि,समुदायको सहभागितामा छलफल तथा टिपोट गरेको
- समुदायबाट आएको कतिपय जिज्ञासाहरूलाई सम्बन्धित विषयत क्षेत्रको प्रतिनिधिले स्पष्ट पार्नु पर्ने आवश्यकताको आधारमा स्पष्ट पार्ने कार्य गरेको
- वडागत स्तरबाट आएका विविध टिपोटलाई समग्रतामा समेटने कार्य गरेको
- गाउँपालिका स्तरमा विषयगत क्षेत्रका प्रमुखहरूसँग छलफल तथा अन्तरवार्ता सम्पन्न गरेको
- संकलित सम्पूर्ण सूचना तथा अभिलेखहरूको गहिरो अध्ययन, विश्लेषण गर्दै मस्यौदा प्रतिवेदनको तयारी तथा गाउँपालिका स्तरमा छलफल गोष्ठीको आयोजना गर्ने
- पूर्ण प्रतिवेदन तयारी तथा सरोकारवाला पक्षहरूलाई हस्तान्तरण गर्ने

## १.८ याङवरक गाउँपालिकाको संक्षिप्त परिचय

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचनाअनुसार पाँचथर जिल्ला प्रदेश नं. १ अन्तर्गत कोशी प्रदेशमा अवस्थित छ । विगतको प्रशासनिक विभाजनअनुसार मेची र कोशी अञ्चल अर्न्तगतका १४ जिल्ला रहेको यो प्रदेशको पाँचथर मेची अञ्चलमा पर्ने पहाडी जिल्लाहरूमध्येको एक हो । समुन्द्र सतहबाट ६०९ मिटर उचाइमा याङवरक ४ खाल्डे नागीदेखि ४५७५ मिटर उचाइ याङवरक २ फलैचाको चुचुरोसम्म फैलिएको छ । पाँचथर जिल्लाको उत्तर पूर्वी भागमा रहेको यस गाउँपालिका जिल्ला सदरमुकाम फिदिमदेखि ३० किलोमिटर दुरीमा रहेको छ । यस गाउँपालिकाको

उत्तरी अक्षांश २७.२७० देखि पूर्वी देशान्तर ८७.८६० फैलिएको छ । राज्य पुनसंरचनाअनुसार यस जिल्लामा ८ स्थानीय तह निर्माण गरीएअनुसार १ याङवरक गाउँपालिका एक गाउँपालिकाको रूपमा रहेको छ । याङवरक गाउँपालिका जिल्लाको सुदूर पूर्वी उत्तर गाउँपालिकाको रूपमा रहेको छ । साविक पाँचवटा गा.वि.स.हरूलाई मिलाएर गाउँपालिका निर्माण भएको हो । यस गाउँपालिकाको सिमाना पूर्वमा छिमेकी मुलुक भारतसँग, पश्चिममा हिलिहाङ गाउँपालिका, उत्तरमा ताप्लेजुङ जिल्लाको पाथिभरा याङवरक गाउँपालिका र दक्षिणतर्फ फालेलुङ गाउँपालिकासँग जोडिएको छ । यस गाउँपालिकाको केन्द्र थर्पू बजारमा रहेको छ । साविकको च्याङथापु गा.बि.स.को ९ वटै वडाहरू मिलाएर वडा नं. १, साबिकको फलैचा गा.बि.स.को ९ वटै वडाहरूलाई मिलाएर वडा नं. २, साबिकको ओयाम गा.वि.स.को ९ वटै वडाहरूलाई मिलाएर वडा नं. ३, साबिक थर्पु गा.बि.स.का १ देखि ५ वडाहरूलाई मिलाएर वडा नं. ४, साविक थर्पू गा.बि.स.का वडा नं. ६ देखि ९ र नागीका १ देखि २ वडाहरू मिलाएर वडा नं. ५, र साबिकका नागीका ३ देखि ९ वडाहरू मिलाएर वडा नं. ६ कायम भई जम्मा ६ वटा वडाहरूको पुनरनिर्माण भई याङवरक  गाउँपालिकाको कार्यसञ्चालन हुदै आईरहेको छ ।

## १.९.याङवरक गाउँपालिका वस्तुस्थिती विवरण

याङवरक गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ । सन् २०१८ मा गरीएको घरधुरी सर्वेक्षणअनुसार यस गाउँपालीकामा जम्मा ३४२७ घरधुरी रहेका र ३४६१ परिवार वसोवास गरेको पाइन्छ । जम्मा १८,०८० जनसंख्या रहेको यस गाउँपालिकामा पुरूष ९३९२, महिला ८६८४ र ४ जना तेश्रो लिङ्गी रहेको देखिन्छ भने प्रति १०० महिलामा १०८ जना पुरूष रहेको पाइन्छ । याङवरक गाउँपालिकामा बसोबास गरीरहेका जनसंख्याको वार्षिक औं.सत वृद्धिदर  १.६ रहेको देखिएको छ ।

यस गाउँपालिकामा विभिन्न किसिमका जातीय समुदायहरू बसोवास गर्दैआईरहेका छन् भने १२ जातिहरूको बाहुल्यता रहेको छ र ती मध्ये बहुसंख्यक लिम्बू  जाति (५१.३ प्रतिशत), ब्राह्मण जाति (१३.३ प्रतिशत), र राई जाति (१२.७ प्रतिशत) रहेका छन् । अन्य जातीय समुदायमा क्रमश क्षेत्री, दलित, गुरूङ, नेवार तथा मगर जाति रहेका छन् भने थकाली, यादव, दनुवार, तामाङ्ग जातिहरू अल्पसंख्यक रूपमा रहेको देखिन्छ । धर्मका आधारमा सबैभन्दा बढी जनसंख्या किरांत (५७.७५) र हिन्दु (३६.४५) धर्मालम्बीहरू रहेका छन् र बौद्ध तथा क्रिश्चियन धर्म मान्नेहरू पनि उल्लेखनिय संख्यामा रहेका छन् । भाषाका आधारमा सबैभन्दा बढी प्रयोग हुने नेपाली (७३.३५) र दोस्रोमा लिम्बू (२५.१५) रहेको देखिएको छ भने राई भाषा (१.०५) र अन्य पनि केही प्रयोग हुने देखिएको छ ।

याङवरक गाउँपालिकाको ११,६८६ उमेर १८ वर्षभन्दा माथिको जनसंख्या मध्ये २९२९ कृषि तथा पशुपालन, ३८४ व्यापार, २९३ सरकारी तथा अन्य जागिर, ७५३ वैदेशिक रोजगार तथा ६९७४ आंशिक वेरोजगार रहेको देखिन्छ । जम्मा जनसंख्याको १.६ प्रतिशत वा २९६ जना अपाङ्गता भएका व्यक्तिहरू तथा २६० जना एकलमहिला रहेको देखिन्छ । विवाहित जम्मा संख्या ९०३६ मध्ये ३३९१ (३७.५५) २० वर्षभन्दा कम उमेरमा विवाह भएको देखिन्छ ।

याङवरक गाउँपालिकाको जम्मा वार्षिक आम्दानी ने.रू.५४१,६४५,०३५।- र जम्मा खर्च ने.रू.६५८,८६७,४८३।- भई वार्षिक ने.रू.५९४,०७३,४८३।- ऋणात्मक वचत भएको देखिन्छ । वडा नं. ३, ४ र ५ मा आम्दानीभन्दा खर्च नै वढी भई वचतको अवस्था ऋणात्मक रहेको देखिन्छ । यस गाउँपालिकाको कुल ३४५४ परिवारलाई खाद्यान्न पर्याप्तताको आधारमा वर्गीकरण गर्दा ३ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने ३३.६ प्रतिशत घरधुरी, ६ महिनाभन्दा कम खाद्यान्न प्राप्त गर्ने ३३.६ प्रतिशत

घरधुरी, ९ महिनाभन्दा कम खाद्यान्न प्राप्त गर्ने ९.५ प्रतिशत घरधुरी, र वर्षभरिलाई खाद्यान्न प्राप्त गर्ने १२.१ प्रतिशत घरधुरी र आफ्नो खेतवारीको उत्पादनबाट खान पुगेर बेच विखन गर्ने घरपरिवार ११.८ प्रतिशत रहेको देखिएको छ । विपत्को समय हुनसक्ने खाद्य अभावलाई परिपूर्ति गर्ने गरी खाद्यान्नको सुरक्षा तथा भण्डारणको लागि केन्द्रगत रूपमा व्यवस्थापन नगरीएको अवस्था छ । वार्षिक आम्दानी रू२०००००० भन्दा कम भएको तथा आफ्नै उब्जनीबाट ६ महिना भन्दा कम खान पुग्ने परिवारलाई गरीवीको रेखामुनि भएको परिवारलाई आधार मान्दा याङवरक गाउँपालिकाको गरीवीको दर ६२ प्रतिशत देखिएको छ । सवै भन्दा बढी गरीवी दर वार्ड ६ मा र सवै भन्दा कम वार्ड १ मा रहेको देखिन्छ ।

याङवरक गाउँपालिका क्षेत्रभित्र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक रूपमा महत्वपूर्ण पर्यटकीय स्थलहरू रहेका छन् । यस गाउँपालिकाको क्षेत्रमा भएका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र उक्त स्थलहरूमा पर्यटन पूर्वाधारको विकास गर्न सकेमा दैनिक रूपमा सयौंको संख्यामा पर्यटक भित्रन सक्ने देखिन्छ । यहाँका सवै वडाहरूमा  पर्यटकीय स्थल भएता पनि सवै भन्दा वढी वडा नं. १ मा रहेको देखिन्छ । यस गाउँपालिकामा प्रतिदिन औं.सतमा २०१ जना पर्यटकहरू आउने गरेको पाइन्छ । पर्यटकीय क्षेत्रको प्रचुर संभावना रहेको भएतापनि यसका लागि चाहिने आवश्यक पुर्वाधारहरू तथा होटल, होमस्टे आदिको कुनै पनि व्यवस्था नभएको एवं भएका रमणीय, ऐतिहासिक, प्राकृतिक सुन्दरता आदिको उपयुक्त प्रचार प्रसार नभएका कारण पर्यटक भित्राउन र व्यवस्थापन हुन नसकिरहेको अवस्था छ ।

याङवरक गाउँपालिकामा सम्पुर्ण उमेरसमूहमा हेर्दा साक्षरता दर **१००** प्रतिशत रहेको देखिए तापनि जातजाति, लिङ्ग, अपाङ्गता आदिका आधारमा निकै असमानता रहेको देखिन्छ । १५ ( २४ उमेर समूहका व्यक्तिहरूमा साक्षरता दर ९९५ देखिएको भएता पनि उक्त समूहका **३८**१७ जना मध्ये ३२ जना (१**५**) निरक्षर छन् भने १९०० (५०५) ले आधारभूत तहको शिक्षामात्र पूरा गरेको देखिएको बाट विद्यालय छाड्नेदर अत्यधिक रहेको पुष्टि हुन आउदछ । २० वर्ष भन्दा पहिले नै विवाह हुने प्रचलन, वैदेशिक रोजगारी आदि यसका प्रमुख कारण हुने अनुमान गर्न सकिन्छ । यस गाउँपालिकामा ३७ वटा सरकारी विद्यालय, ६ वटा निजी, ३५ वटा वाल विकास केन्द्र, २ वटा सामुदायिक अध्ययन केन्द्र, १ क्याम्पस र १ वेदविद्याश्रम गरी हाल सम्म जम्मा ८२ वटा शैक्षिक केन्द्रहरू सञ्चालनमा रहेको देखिन्छ । विद्यालयहरूमा सवैका लागि पहुँचयुक्त संरचना अभाव, शौचालय र खानेपानी अभाव, शिक्षक दरवन्दीको कमी, शिक्षक तालिम एवमं भौतिक संरचनाहरू शिक्षा सुधारका लागि मुख्य चुनौतिहरू रहेका छन् ।

यस गाउँपालिकामा हालसम्म कुनै पनि प्रकारको अस्पताल सञ्चालनमा नरहेको र पाँच वटा स्वास्थ्य चौकी वाट छ वटै वडाहरू समेट्ने गरी स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्था छ । साथै गाउँपालिकाको पहलमा २ वटा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरी सञ्चालनमा आइरहेको छ । यस गाउँपालिकाको खोपको कभरेज जम्मा ७७.७ प्रतिशत, कुपोषण ०.८ प्रतिशत, ३४६१ घरपरिवार मध्ये ९८.६ प्रतिशत घरपरिवारमा कुनै न कुनै किसिमको शौचालय भएको र बांकी १.४ घरपरिवारमा कुनै किसिमको शौचालय नभएको र ६५.६२ प्रतिशत घरपरिवारले साधारण शौचालय प्रयोग गर्ने गरेको पाइन्छ । स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा सवैका लागि पहुंचयुक्त संरचना अभाव, स्वास्थ्यकर्मीहरूलाई तालीम, स्वास्थय उपकरणहरू तथा जनचेतनामूलक कार्यक्रमको तीव्र आवश्यकता रहेको छ ।

यस याङवरक गाउँपालिकामा, गाउँपालिका स्तरीय घरधुरी सर्वेक्षण २०७५, याङवरक गाउँपालिका विषयगत कार्यालयहरूबाट प्राप्त सूचना एवं सहभागितामूलक सूचनाहरू समेतलाई आधार मानी गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने क्रममा गरीएको विश्लेषणका आाधारमा मानव विकास सूचाङ्क ०.३९६, मानव संसाधन सूचाङ्क ४२.२ र सामाजिक सुचाङ्क २५.७ पाइएको छ । यहां प्राप्त तथ्याङ्कको आधारमा यस गाउँपालिकामा वसोवास गर्ने मानिसहरूको औं.सत आयु ७० वर्ष देखिएको छ भने औं.सत वार्षिक आम्दानी प्रतिव्यक्ति प्रतिवर्ष अमेरिकन डलरमा ११५२ रहेको पाइएको छ ।

याङवरक गाउँपालिकाको क्षेत्रफल २०८.६३ वर्ग किलोमिटर रहेको छ । सन् २०१८ मा गरीएको घरधुरी सर्वेक्षणअनुसार यस गाउँपालिकामा जम्मा ३४२७ घरधुरी रहेका र ३४६१ परिवार बसोवास गरेको पाइन्छ । जम्मा १८,०८० जनसंख्या रहेको यस गाउँपालिकामा पुरूष ९३९२, महिला ८६८४ र ४ जना तेस्रो लिङ्गी रहेको देखिन्छ भने प्रति १०० महिलामा १०८ जना पुरूष रहेको पाइन्छ । याङवरक गाउँपालिकामा बसोबास गरीरहेका जनसंख्याको वार्षिक औं.सत वृद्धिदर १.६ रहेको देखिएको छ ।

यस गाउँपालिकामा विभिन्न किसिमका जातीय समुदायहरू बसोवास गर्दैआइरहेका छन् भने १२ जातिहरूको बाहुल्यता रहेको छ र ती मध्ये बहुसंख्यक लिम्बू जाति (५१.३ प्रतिशत), ब्राहमण जाति ( १३.३ प्रतिशत), र राई जाति (१२.७ प्रतिशत) रहेका छन् । अन्य जातीय समुदायमा क्रमश क्षेत्री, दलित, गुरूङ, नेवार तथा मगर जाति रहेका छन् भने थकाली, यादव, दनुवार, तामाङ्ग जातिहरू अल्पसंख्यक रूपमा रहेको देखिन्छ । धर्मका आधारमा सबैभन्दा बढी जनसंख्या किरांत

(५७.७५) र हिन्दु (३६.४५) धर्मालम्बीहरू रहेका छन् र बौद्ध तथा क्रिस्चियन धर्म मान्नेहरू पनि उल्लेखनीय संख्यामा रहेका छन् । भाषाका आधारमा सबैभन्दा बढी प्रयोग हुने नेपाली (७३.३५) र दोस्रोमा लिम्बू (२५.१५) रहेको देखिएको छ भने राईभाषा (१.०५) र अन्य पनि केहि प्रयोग हुने देखिएको छ ।

याङवरक गाउँपालिकाको ११,६८६ उमेर १८ वर्ष भन्दा माथिको जनसंख्या मध्ये २९२९ कृषि तथा पशुपालन, ३८४ व्यापार, २९३ सरकारी तथा अन्य जागिर, ७५३ वैदेशिक रोजगार तथा ६९७४ आंशिक वेरोजगार रहेको देखिन्छ । जम्मा जनसंख्याको १.६ प्रतिशत वा २९६ जना अपाङ्गता भएका व्यक्तिहरू तथा २६० जना एकलमहिला रहेको देखिन्छ । विवाहित जम्मा संख्या ९०३६ मध्ये ३३९१ ( ३७.५५) २० वर्षभन्दा कम उमेरमा विवाह भएको देखिन्छ ।

यस गाउँपालिकाको कुल ३४५४ परिवारलाई खाद्यान्न पर्याप्तताको आधारमा वर्गीकरण गर्दा ३ महिनाभन्दा कम खाद्यान्न प्राप्त गर्ने ३३.६ प्रतिशत घरधुरी, ६ महिनाभन्दा कम खाद्यान्न प्राप्त गर्ने ३३.६ प्रतिशत घरधुरी, ९ महिना भन्दा कम खाद्यान्न प्राप्त गर्ने ९.५ प्रतिशत घरधुरी, र वर्षभरिलाई खाद्यान्न प्राप्त गर्ने १२.१ प्रतिशत घरधुरी र आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर वबेचविखन गर्ने घरपरिवार ११.८ प्रतिशत रहेको देखिएको छ । विपतको समय हुनसक्ने खाद्य अभावलाई परिपूर्ति गर्ने गरी खाद्यान्नको सुरक्षा तथा भण्डारणको लागि केन्द्रगत रूपमा व्यवस्थापन नगरीएको अवस्था छ । वार्षिक आम्दानी रू२००००० भन्दा कम भएको तथा आफ्नै उब्जनीबाट ६ महिनाभन्दा कम खान पुग्ने परिवारलाई गरीवीको रेखामुनि भएको परिवारलाई आधार मान्दा याङवरक गाउँपालिकाने गरीवीको दर

६२ प्रतिशत देखिएको छ । सवैभन्दा बढी गरीवी दर वार्ड ६ मा र सवैभन्दा कम वार्ड १ मा रहेको देखिन्छ ।

यांङवरक गाउँपालिकामा सम्पुर्ण उमेर समूहमा हेर्दा साक्षरता दर **०** प्रतिशत रहेको देखिए तापनि जातजाती, लिंग, अपाङ्गता आदिका आधारमा निकै असमानता रहेको देखिन्छ। १५ ( २४ उमेर समूहका व्यक्तिहरूमा साक्षरता दर ९९५ देखिएको भए तापनि उक्त समूहका **३८**१७ जना मध्ये ३२ जना (**१५**) निरक्षर छन् भने १९०० (**५०५**) ले आधारभूत तहको शिक्षामात्र पूरा गरेको देखिएको वाट विद्यालय छाड्नेदर अत्यधिक रहेको पुष्टि हुन आउदछ । २० वर्ष भन्दा पहिले नै विवाह हुने प्रचलन, वैदेशिक रोजगारी आदि यसका प्रमुख कारण हुने अनुमान गर्न सकिन्छ यस गाउँपालिकामा हालसम्म कुनै पनि प्रकारको अस्पताल सञ्चालनमा नरहेको तर १५ शैयाको अस्पताल निर्माणाधीन रहेको छ भने पाँचवटा स्वास्थ्य चौकीबाट छ वटै वडाहरू समेट्ने गरी स्वास्थ्य सेवा प्रवाह भइरहेको अवस्था छ। साथै गाउँपालिकाको पहलमा २ वटा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरी सञ्चालनमा आइरहेको छ। यस याङवरक गाउँपालिकामा, गाउँपालिका स्तरीय घरधुरी सर्वेक्षण २०७५ अनुसार प्राप्त सूचनाअनुसार गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने क्रममा गरीएको विश्लेषणका आधारमा मानव विकास सूचाङ्क ०.३९६, मानव संसाधन सुचाङ्क ४२.२ र सामाजिक सुचाङ्क २५.७ पाइएको छ । यहां प्राप्त तथ्यांको आधारमा यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरूको औं.सत आयु ७० वर्ष देखिएको छ भने औं.सत वार्षिक आम्दानी प्रति व्यक्ति प्रतिवर्ष अमेरिकन डलरमा ११५२ रहेको पाइएको छ।

## उमेर तथा लिङ्गका आधारमा जनसंख्या बिवरण

| उमेर समूह | महिला | पुरूष | तेस्रो लिङ्गी | जम्मा |
|---|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | ७९१ | ८५२ | २ | १६४५ |
| ६ देखि ९ वर्षसम्म | ६३८ | ६३० | ० | १२६८ |
| १० देखि १४ वर्षसम्म | ९७५ | ९५४ | ० | १९२९ |
| १५ देखि १८ वर्षसम्म | ७६१ | ७८० | ० | १५४१ |
| १९ देखि २४ वर्षसम्म | १०८९ | ११८९ | ० | २२७८ |
| २५ देखि ४५ वर्षसम्म | २४७६ | २८५८ | १ | ५३३५ |
| ४६ देखि ५९ वर्षसम्म | १०६५ | १०८८ | १ | २१५० |
| ६० देखि ६९ वर्षसम्म | ५२३ | ६७६ | ० | ११९६ |
| ७० वर्ष भन्दा माथि | ३६६ | ३६५ | ० | ७२९ |
| जम्मा | ८६८४ | ९३९२ | ४ | १८०८० |

## धर्मका आधारमा बनोट


| क्र.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दू | ६५९७ | ३६.४ |
| २. | बौद्ध | ७६७ | ४.२ |
| ३. | इस्लाम | २ | ०.०१ |
| ४. | किराँत | १०४४५ | ५७.७ |

| | | | |
|---|---|---|---|
| ५. | क्रिश्चियन | २६९ | १.५ |
| ६. | जैन | ६ | ०.१ |
| ७. | सिख | २ | ०.०१ |
| ८. | अन्य | २६ | ०.१ |

## याङवरक गाउँपालिकामा रहेका कार्यालयहरू

| | |
|---|---|
| स्वास्थ्य सस्था | ५ |
| खोप केन्द्र | २६ |
| गाउँघर क्लिनिक | २१ |
| ससस्त्र प्रहरी पोष्ट | १ |
| सामुदायिक विद्यालय | आधारभूत १ देख ५ कक्षा सम्मका जम्मा २९ वटा<br>आधारभूत१ देखि ८ कक्षा सम्मका जम्मा ७ वटा<br>माध्यमिक १ देखि १० कक्षा सम्मका जम्मा ३ वटा<br>माध्यमिक १ देखि १२ कक्षा सम्मका जम्मा ४ वटा<br>जम्मा४३ वटा विद्यालयहरूमा हाल दरबन्दि मर्ज गरी ३७ वटा विद्यालयहरू मात्र क्रियाशिल रहेको बाँकि अन्य बिद्यायलय निष्क्रिय रहेको । |
| बालविकास केन्द्र | ३५ वटा सशर्त अनुदानबाट |
| निजी विद्यालयक | ६ वटा |
| सहकारी | २६ वटा सक्रिय रूपमा कार्यरत |

## १.१०. याङवरक गाउँपालिकाको राजनैतिक तथा भौगोलिक बिभाजन नक्सा



## खण्ड : २

### २.१.गाउँपालिकाको योजना शाखा

यस आवधिक योजनाले याङवरक गाउँपालिकाको समग्र विकासका पक्षहरूलाई निर्देशित गरेको छ र यसमा तल उल्लिखित क्षेत्रका योजनाहरूलाई समेटेको छ ।

१. **आर्थिक विकास क्षेत्रका योजना:** यस विषय अन्तरगत कृषि, पशुपालन, सिचाई खाद्य तथा पोषण, वन तथा वातावरण, उद्योग वाणिज्य तथा आपूर्ति जस्ता क्षेत्रहरू समेटिएका छन् ।

२. **सामाजिक विकास क्षेत्रका योजना:** यस विषयअन्तरगत जनसंख्या व्यवस्थापन, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, महिला, बालबालिका, ज्येष्ठ नागरिक, युवा, खेलकुद, सामाजिक सुरक्षा, असहाय: अपाँङ्गहरूको समग्र विकास सुनिश्चित गर्ने योजनाहरू समेटिएका छन् ।

३. **पूर्वाधार क्षेत्र:** यस विषयअन्तर्गत उर्जा, जलविद्युत, यातायात पूर्वाधार, सडक, केवलकार, यातायात व्यवस्थापन, प्रादेशिक तथा स्थानीय पूर्वाधार, विज्ञान तथा प्रविधि, शहरी विकास, ग्रामीण विकास, आवास तथा बस्ती विकास, पुननिर्माण जस्ता विषयगत क्षेत्रका योजनाहरू समेटिएका छन् ।

४. **लोकतन्त्र र सुशासनका क्षेत्रहरू:** यसअन्तर्गत पालिका एकता, सुरक्षा, शान्ति र सुव्यवस्था, नेतृत्व निर्माण, निर्वाचन प्रणालीमा सुधार, मानव अधिकार, न्याय प्रणाली, स्थानीय तहको सन्तुलित विकास, शासकीय सुधार, प्रशासकीय सुधार, वित्तीय सुधार, भ्रष्टचार निवारण, मानव वेचविखन तथा ओसार प्रसार अन्त जस्ता विषयका योजनाहरू समेटिएका छन् ।

५. **अन्तरसम्बन्धित क्षेत्र:** यस क्षेत्रअन्तरगत गरीवी निवारण, श्रम तथा रोजगारी, मावन संसाधन विकास, अनुसन्धान तथा विकास, उद्यमशीलता विकास, समानता, समावेशीकरण, सामाजिक सुधार, सामाजिक सास्कृतिक विविधता, विपत् व्यवस्थापन, वातावरण, जलवायु परिवर्तन, सामुदायिक साझेदारी र गैरसरकारी केन्द्रहरूसँग सम्बन्धित विषयहरू समेटिएका छन ।

६. **योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याँकन:** यस विषयअन्तरगत तथ्याङ्क प्रणाली, योजना तर्जुमा, आयोजना बैंक, केन्द्रगत तथा कार्यान्वयन व्यवस्था, तहगत सम्बन्ध तथा अन्तर सरकार समन्वय, जोखिम व्यवस्थापन तथा अनुगमन तथा मूल्याङ्कन विषयसँग सम्बन्धित योजनाहरू प्रस्तुत गरीएका छन ।

### २.२.गाउँपालिकाको विकासका सिद्धान्तहरू, लक्ष्यहरू:

याङवरक गाउँपालिकाले यो आवधिक योजना अवधिका लागि तल उल्लिखित सिद्दान्तहरूलाई मार्ग निर्देशक सिद्दान्तहरूको रूपमा अङ्गिकार गरी समृद्ध गाउँपालिकामा रूपान्तरण गर्ने लक्ष्य निर्धारण गरेको छ,

- दिगो विकास लक्ष्य हासिल गर्ने ।
- समावेशी शिक्षा नीति (प्रविधि मैत्री, गुणस्तरीय एवम् प्राविधिक तथा सिपमूलक शिक्षा ।
- विश्वव्यापी मान्यताअनुसारको गुणस्तरीय र प्रविधियुक्त आधारभूत स्वास्थ्य सेवा ।
- उत्पादनमुखी भुउ-उपयोग नीति तथा कार्यान्वयन (आधुनिक/वैज्ञानिक कृषि तथा पशुविकास प्रविधि मार्फत अर्गानिक वस्तु उत्पादन, प्रशोधन, यान्त्रीकरण र बजारीकरण प्रणालीको विकास गर्ने) ।
- समाजवाद उन्मुख अर्थतन्त्र ।
- पर्यावरणीय यर्यटन ।
- गरीवी, बेरोजगारी तथा भोक उन्मुलन

- पारदर्शिता सुसाशन र सामाजिक विभेद अन्त्य गर्दै आत्मसम्मानको अधिकार सुनिश्चित गर्ने ।
- समय सापेक्ष सूचना प्रविधि मैत्री याङवरक ।
- समावेशी विकाससहितको समावेशी समाजको निर्माण ।

## २.३. याङवरक गाउँपालिकाको दूरदृष्टि

“कृषि, वन, पर्यटन प्रवर्द्धन र समावेशी समाजको सिर्जना
समाजवाद उन्मुख, दिगो विकास र समृद्धि याङवरकको चाहना”

## २.४. याङवरक गाउँपालिकाको लक्ष्य

वि.स. २०८१ सम्म उपलब्ध स्रोत तथा साधनहरू एवम् प्रविधिको सदुपयोग गरी नागरिक तथा विकास साझेदारहरूसँग सहकार्य गरेर सामाजिक न्याय, सुशासन, गरीवी निवारण एवम् समावेशी विकाससहितको समावेशी समाज निर्माण गरी समृद्ध तथा नेपालको नमुना गाउँपालिकामा रूपान्तरण हुने

## २.५. याङवरक गाउँपालिकाको उद्देश्य

मुख्य उद्देश्यः उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुत गरीवी न्युनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्नु

**विशिष्ट उद्देश्यहरूः**

- दिगो विकास लक्ष्य र निर्धारित सूचकहरू हासिल गर्नु ।
- शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा संरचनाहरूमा सवैको पहुँचको सुनिश्चितता गर्नु ।
- कृषि उत्पादकत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरू सिर्जना गरेर उच्च आर्थिक वृद्दीदर प्राप्त गर्नु ।
- सुसासन तथा गाउँपालिका वासीहरूलाई समाजिक न्यायको प्रत्याभूति गराइँनु ।
- प्रविधि विकास तथा विस्तार गर्नु
- मावन अधिकार संरक्षण, दण्डहीनताको अन्त्यसहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु

## २.६.उपलब्धिहरू

यस गाउँपालिकाको सामाजिक परीक्षण गर्ने विभिन्न प्रक्रियागत कार्य सम्पादनको क्रममा सामाजिक दायित्व निर्वाह गर्न गाउँपालिकाले निर्वाह गरेको भूमिकालाई यसको उपलब्धि र सवल पक्ष निर्धारण गरी निम्नानुसार बुँदागत रूपमा उल्लेख गरीएको छ ।

- गाउँपालिकाले आफ्नो क्रियाकलापलाई कार्यान्वयन गर्दा सन्तुलित विकासको मोडललाई आत्मसात गरी क्रियाकलापको कार्यान्वयन गरेको छ
- गाउँपालिकाले राज्यको निर्देशनअनुसार विभिन्न विषयगत शीर्षकहरूका कार्यविधिहरूको निर्माण तथा कार्यान्वयन गरीसकेको र नभएको कार्यविधिहरू निर्माण गर्ने प्रकृयामा रहेको छ
- कार्यविधिलाई प्रभावकारी कार्यान्वयनतर्फ द्रुत गतिमा अग्रसर रहेको छ

- यो गाउँपालिका सडक विस्तार र अन्य पूर्वाधार विकासको हिसाबले सबल गाउँपालिकाको रूपमा रहेको छ
- पक्की भवन तथा चर्पी सहितको वडा कार्यालयहरू भएको
- कृषि तथा पर्यटन विकासका लागि गाउँपालिकाले उदाहरणीय कार्यहरू गरीरहेको छ (पर्यटन विकासको लागि गुरूयोजना निर्माणका साथमा निर्माणाधीन पार्क तथा कृषकका लागि जुन समयमा पनि पशु तथा कृषि प्राविधिकहरूलाई निशुल्क सेवा र निशुल्क औं.षधी उपलब्धता तत्कालमा पशुचौपायामा लाग्ने लम्पी डिजिजका लागि सबै औं.षधी गाउँपालिकाले निशुल्क वितरण गरेको पाइएको)
- पूर्ण खोप गाउँपालिका घोषणा भई पाँचथर जिल्लाकै दोस्रो स्थानमा पुरस्कृत हुन सफल भएको
- स्वास्थ्य तथा शिक्षा क्षेत्रमा पनि सामाजिक परीक्षण गर्ने गरेको
- आधारभूत स्वास्थ्य केन्द्र ५, स्वास्थ्य चौकी ५ वटा, स्वास्थ्य एकाइ २ वटा, बर्थिङ सेन्टर ५ वटाबाट समुदायलाई स्वास्थ्य सेवा प्रदान गर्दै गरेको
- गाउँघर क्लिनिक २१ वटा, खोपकेन्द्र २६ वटाबाट ४५ जना स्वास्थ्य स्वयम् सेविकाहरूले समुदाय स्तरमा स्वास्थ्य प्रभावकारी रूपमा प्रवाह गरीरहेको
- कोभिड बिरूद्धको पहिलो र दोस्रो खोपका लागि १८ वर्ष माथिकाले पूर्णखोप सुनिश्चित गाउँपालिका घोषणा भएको
- वडागत योजना तर्जुमा र कार्यान्वयनका लागि टोल विकास समितिलाई क्रियाशील बनाउने नीतिको कार्यान्वयन
- बिना पेश्की योजनाहरू कार्यान्वयन गर्ने गरेको
- पेश्की फछ्र्यौटका लागि नीति, नियमलाई कडाईका साथ कार्यान्वयनका लागि उपभोक्ताहरू पनि सचेत रहेको
- रकमान्तर गर्ने पद्धति र बेरूजु रकमलाई शून्यमा झार्ने प्रयास पालिका प्रशासन तथा सहयोग उपभोक्ताहरूबाट पनि भएको पाइयो
- गाउँपालिकाले निर्माण गरेको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धि कार्यविधि २०७८ अनुसार यस पालिकाले योजनागत सार्वजनिक सुनुवाई उपभोक्ताहरू माझ त्यस्तै सरोकारवालाहरू बिच यस आ.व( मा २ पटक सम्पन्न गरीसकेको छ भने नागरीक वडा पत्र, सूचना पाटी, सुझाव पेटिकाको प्रभावकारी प्रयोग गाउँपालिका मातहतमा हरेक कार्यालयमा प्रयोग गरेको
- गाउँपालिकाले लैसस परीक्षण पनि सम्पन्न गरेको जसको पृष्ठपोषणलाई पालना गर्दै वडाहरूले अलग्गै व्यवस्थित स्तनपान कोठाको निर्माण गर्न सुरूआत गरेको
- स्वास्थ्य संस्थाहरूमा बर्थिङ्ग सेन्टर प्रभावकारी रूपमा सञ्चालनमा रहेको जसले गर्दा मातृमृत्यु दर र बालमृत्युदरमा शून्य प्रतिशतको अवस्था
- स्वास्थ्य संस्थाहरूबाट बाँड्ने निशुल्क औं.षधीहरूको Expiry Rate ०.५ प्रतिशतमा मात्र हुने गरेको औं.षभी खरिद चौमासिक रूपमा गर्ने गरेको

- पशुहरूका लागि निशुल्क औं.षधी वितरण र निशुल्क प्राविधिक सहयोग गर्ने गरेको
- गाउँपालिकाले गाउँपालिकालाई बालमैत्री तथा अपाङ्गतामैत्री गाउँपालिका बनाउनका लागि कार्यगत प्रक्रिया अघि बढाइ सकेको
- गाउँपालिकाले विकास आयोजनाहरू सञ्चालन गर्दा स्थानीय ऐन, कानुन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरूलाई ध्यानमा राखेर अघि बढेको पाइयो ।
- आयोजना कार्यान्वयनका लागि DPR निर्माण पश्चात्मात्र गर्ने गरेको ।
- गाउँपालिकाको ५ बर्षे गुरूयोजनालाई मुलमन्त्र बनाएर कार्यक्रमहरूको माग तथा कार्यान्वयन गर्ने गरेको ।
- गाउँपालिकाको गाउँसभा तथा वडाभेला, सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्वजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको सामाजिक परीक्षणबाट देखियो ।

## २.७. विकासका प्राथमिकताका क्षेत्रहरू

गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकाका सबै क्षेत्रहरूको विकासलाई सम्बोधन गर्नु पर्दछ । यसरी विकासका कियाकलापहरूलाई सञ्चालन गर्दा विकासका लागि गरीने क्षेत्र तथा कियाकलापहरूको सहि प्राथमिकताले समयमा नै अपेक्षित परिणाम ल्याउदछ । विकासका सही प्राथाकिताले लगानीको सही प्रतिफल प्राप्त गराउदछ । याङवरक गाउँपालिकाको सन्दर्भमा गाउँपालिकामा सुसासनको प्रत्याभूतिमार्फत दक्ष जनशक्तिको विकास गरी यस आवधिक योजनाले निर्दिष्ट गरेको दूरदृष्टिले दिशा निर्देश गरेको मार्गमा विकासका कियाकलापहरूलाई कार्यान्वयन गरी निर्दिष्ट लक्ष्य प्राप्त गर्न जनसहभागितामा आधारित दिगो र द्रुत विकासको लागि निम्नानुसारको १० प्राथमिकतामा आधारित नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्दै लागिनेछ ।

१. गुणस्तरीय तथा प्राविधिक शिक्षा
२. स्वास्थ्य, सरसफाई, पोषण तथा खाद्य सुरक्षा
३. कृषिको आधुनिकीकरण तथा व्यवसायिकीकरण
४. आन्तरिक राजश्व वृद्धि तथा वित्तीय सुशासन
५. पर्यटन प्रवर्द्धन र विकास
६. जलस्रोत तथा ऊर्जा विकास
७. सूचना, प्रविधि तथा सञ्चार
८. यातायात व्यवस्थापन तथा सडक सञ्जाल स्तरोन्नतिकरण
९. भू उपयोग तथा भूमि व्यवस्थापन
१०. समावेशीकरण तथा समावेशी विकास

## २.८. दिगो विकासको स्थानीयकरण र याङवरक गाउँपालिकाको परिणात्मक लक्ष

| क. स. | सूचक | आधार वर्षको अवस्था | लक्ष्य |
|---|---|---|---|
| १ | मानव विकास सूचाङ्क (Human development index – HDI) | ०.३९६ | ०.७८५ |

| | | | |
|---|---|---|---|
| २ | मानव संसाधन सूचाङ्क (Human asset index – HAI) | ४२.२ | ७० |
| ३ | सामाजिक सूचाङ्क (Social development index – SDI) | २५.७ | ६० |
| ४ | प्रतिदिन १.२५ अमेरिकी डल/ (PPP value) मुनिरहेको जनसङ्ख्या (प्रतिशत) | २६.२ | १३.७ |
| ५ | प्रतिव्यक्ति कुल वार्षिक आय (अमेरिकी डलर) | ४४१ | १६६७ |
| ६ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | २.२ | १२.९ |
| ७ | ३० मिनटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | २०.९ | ६६ |
| ८ | खान नपुग्ने वा अपर्याप्त हुने परिवारहरू (प्रतिशत) | ७६ | १८.५५ |
| ९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | १८८ | ४१८ |
| १० | जमिनको उत्पादनशीलता (मेट्रिक टन प्रति हेक्टर) | ०.१७ | ४.८ |
| ११ | धेरै उब्जनी हुने विज (के.जि प्रति हेक्टर) मकै | ०.०२ | ३.९ |
| १२ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिचाइ सुविधा पुगेको भूमि (प्रतिशत) | ३२ | ५० |
| १३ | धानको उत्पादनशीलता (मेट्रिक टन प्रति हेक्टर) | २.७ | ७.७ |
| १४ | मातृ मृत्युदर प्रति १००,००० जीवित शिशु | २८३.३ | ११६ |
| १५ | केन्द्रगत सुत्केरी सेवा (प्रतिशत) | ५७.३ | ८० |
| १६ | शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात (प्रतिशत) | ९५.९ | ९९ |
| १७ | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला,दाउरा,गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत) | ८१.७ | ५५ |
| १८ | विद्युत उपभोगमा पहुँच भएका घरपरिवारको (प्रतिशत) | ५९.५ | ८६.५ |
| १९ | प्रतिव्यक्ति कुलगार्हस्थ्य उत्पादन वृद्धि (प्रतिशत) | ०.२ | ४.५ |
| २० | कृषिक्षेत्रको बृद्धिदर | १ | ४ |
| २१ | प्रतिवर्ष नवीन कार्यमा संलग्न व्यक्तिको संख्या | ० | ३० |
| २२ | युवा अर्धबेरोजगारी दर (प्रतिशत) | ३८.५ | २३.८ |
| २३ | खर/पराल/पातले छाएको परिवार एकाइ (प्रतिशत) | २२.५ | १२.५ |
| २४ | बहुआयामिक गरीबीको प्रतिशत | ३६.६ | २७.६ |
| २५ | सुरक्षित सडक उपलब्धताको प्रतिशत | ९.४ | २५.१ |
| २६ | कृषि वीमाले समेटेको परिवारहरू (कृषि परिवारमध्येको प्रतिशत) | ० | १२.८ |
| २७ | क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | ५४ | १० |
| २८ | कुष्ठरोगका बिरामीहरू (Cases) | ० | ० |
| २९ | जम्मा मृत्युहुनेहरूमध्ये नसर्ने रोगबाट मृत्यु हुने जनसंख्याको प्रतिशत | १५.४ | ५ |
| ३० | प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत) | ९२ | ९९ |
| ३१ | प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत) | ७६ | ९३.२ |
| ३२ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत) | ९९ | १०० |

## २.९. आ.व. २०७८/०७९ मा गाउँपालिकाले हासिल गरेको वडागत प्रगतिको अवस्था

**वडा नं. १.**

| क.सं. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १. | टोल विकास केन्द्र गठन | ९ वटा | |
| २. | सामाजिक सुरक्षा भत्ता वितरण | १८१ जना | |
| ३. | जन्म दर्ता | ८७ जना | |
| ४. | बिवाह दर्ता | ३१ दम्पति | |
| ५. | बसाँईसराई दर्ता | १९ परिवार | |
| ६. | मृत्युदर्ता | २५ जना | |
| ७. | सम्बन्ध बिच्छेद | १ | |
| ८. | नाता प्रमाणित | १२ वटा | |
| ९. | नागरीकता | ७७ वटा | |
| १०. | घरबाटो सिफारिस | १५ वटा | |

**आ.व( २०७८/०७९ असार मसान्तसम्मको आन्तरिक आम्दानी विवरण**

| क.सं. | देखि | सम्म | कुल रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७८/०४/०१ | २०७९ असार मसान्तसम्म | रू.१०,६१,९९६। | |

**वडा नं. २**

| क.सं. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १. | टोल विकास केन्द्र गठन | ९ वटा | |
| २. | ब्यक्तिगत घटना दर्ता | | |
| क. | जन्म दर्ता | १५१ वटा | |
| ख. | मृत्यु दर्ता | ३५ वटा | |
| ग. | बिवाह दर्ता | ४० वटा | |
| घ. | बसाइँसराई | ४० वटा | |
| ३. | नाता प्रमाणित | ४५ वटा | |
| ४. | नागरीकता सिफारिस | १४२ वटा | |
| ५. | घरबाटो सिफारिस | ३६ वटा | |
| ६. | अन्य सिफारिस | ५७९ वटा | |

**आ.व( २०७८/०७९ असार मसान्तसम्मको आन्तरिक आम्दानी विवरण**

| क.सं. | देखि | सम्म | कुल रकम | कैफियत |
|---|---|---|---|---|
| १. | २०७८/०४/०१ | २०७९ असार मसान्तसम्म | रू.६,५७,९३०.५९। | |

**वडा नं. ३**

| क.सं. | क्रियाकलाप | महिला | पुरूष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | घटना दर्ता | | | | |
| क. | जन्म दर्ता | ७२ | ८० | १५२ | |
| ख. | मृत्यु दर्ता | २१ | २८ | ४९ | |
| ग. | बिवाह दर्ता | | | ३१ जोडी | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ. | सम्बन्ध बिच्छेद | | | १ जोडी | |
| ङ | बसाईसराई | | | २५ परिवार | |
| २. | सामाजिक सुरक्षा | | | | |
| क. | ज्येष्ठ नागरीक भत्ता | ९२ | ९७ | १८९ | |
| ख. | ज्येष्ठ नागरीक भत्ता (दलित) | ६ | २ | ८ | |
| ग. | ज्येष्ठ नागरीक एकल महिला | ३५ | | ३५ | |
| घ. | बिधवा | ३४ | | ३४ | |
| ङ | पूर्ण अपाङ्गता भत्ता | ३ | ४ | ७ | |
| छ. | अति अशक्त अपाङ्गता भत्ता | ६ | १ | १७ | |
| ज. | दलित बालबालिका | १ | २ | ३ | |
| ३. | सिरफारिस | | | | |
| क. | नागरीकता सिफारिस | | | १३४ | |
| ख. | अन्य सिफारिस | | | ५७४ | |

**आ.व( २०७८/०७९ असार मसान्तसम्मको आन्तरिक आम्दानी विवरण**

| क.सं. | देखि | सम्म | मालपोत असुली | सिफारिस तथा अन्य दस्तुर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०७८/०४/०१ | २०७९/०३/३१ | ११४,७२८.२२ | ४४८,४४७.६३ | ५६३,१७५.८५ | |

## वडा नं. ४.

| क.सं. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नागरीकता सिफारिस | ५१ वटा | |
| २. | घरबाटो प्रमाणित सिफारिस | ३३ वटा | |
| ३. | नाता प्रमाणित | २६ वटा | |
| ४. | जन्म दर्ता | १०१ वटा | |
| ५. | मृत्यु दर्ता | ३७ वटा | |
| ६. | गौमुखी तथा अन्य सिफारिस | ५७३ वटा | |
| ७. | बिवाह | ४१ वटा | |
| ८. | राजश्व जम्मा | | रू. २९५०९६। |
| **वडा कार्यालयको समन्वयमा विभिन्न संघ,संस्थाको सहकार्यमा सम्पन्न क्रियाकलापहरू** | | | |
| | उद्यमशीलता विकास लैंगिक समानता तथा व्यवसायिक समानता तालिम | | वडा कार्यालयको समन्वयमा घरेलु कार्यालयको सहयोग |
| | कुक तालिम | | वडा कार्यालयको समन्वयमा घरेलु कार्यालयको सहयोग |
| | उद्यमशिलता विकास तालिम | | वडा कार्यालयको समन्वयमा घरेलु कार्यालयको सहयोग |
| | आधारभूतकम्प्युटर तालिम | | वडा कार्यालयको समन्वयमा घरेलु कार्यालयको सहयोग |

| | | | |
|---|---|---|---|
| | बृहत् स्वास्थ्य शिविर | | गणेशमान सिं. सामुदायिक आँखा उपचार केन्द्र र मानव डेन्टल केयर प्रा.लि.को प्राविधिक सहयोग र वडा कार्यालयको समन्वयमा |
| | आधारभूत कम्प्युटर तालिम( महिला,अपाङ्गता, दलित र जनजाति लक्षित बजेटबाट) | | सेवा इन्टरनेशनल नेपाल र जनजाति कल्याण आश्रम नेपालसँगको समन्वयमा |
| | स्तनपान कक्ष निर्माण | | वडाबाट |
| | चन्द्रोदय आ.वि., लेखनाथ आ.बि.,लेखनाथ आ.वि.र जोरधारा बा.वि.के. को खानेपानी ट्याङकी र पाइप हस्तान्तरण | | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाँचथरको सहयोग र वडा कार्यालयको समन्वयमा |
| | आ म श उपचार शिविर | | हेभन्ली निर्माणा पाथ नेपालसँग वडाको समन्वयमा |
| | स्ट्रेचर बितरण | | थर्पू स्वास्थ्य चौकीको क्षेत्राधिकारमा पर्ने स्वास्थ्य स्वयम् सेविकाको जिम्मामा वडाध्यक्षको व्यक्तिगत लगानीमा |
| | विभिन्न मितिमा बजार तथा संघ संस्था सरसफाई गर्ने कार्य | | स्थानीयबासीको सहयोग र वडा कार्यालयको समन्वयमा |
| | उपचारको पहल तथा द:खि गरीबलाई आर्थिक सहयोग | | मेडिका हस्पिटल प्रा.लि.को र विभिन्न संघ संस्थाको सहयोगमा |
| | लुङमाङगो सामुदायिक स्वास्थ्य एकाइलाई स्ट्रेचर बितरण | | वडा कार्यालयको पहलमा |
| | कञ्चनजङ्घा जैविक मार्ग नाली निर्माण | | स्थानीयबासीको सहयोगमा |
| | काबेलीघाट जाने बाटो निर्माण | | स्थानीयबासीको सहयोगमा |
| **गाउँपालिकाको बजेटमा वडाद्धारा गरीएका योजनाहरू** | | | |
| | थर्पु स्वास्थ्य चौकि मर्मत | | सम्पन्न |
| | दाहालगाउँ घाट खाजाघर निर्माण | | सम्पन्न |
| | जनकल्याण आ.बि.भौतिक तथा शैक्षिक सुधार | | सम्पन्न |
| | ढाडेगाउँ निगुरे खानेपानी ट्यांकी निर्माण | | सम्पन्न |
| | नागथान गोलाई बरबुङ खोल्सा सडक मर्मत | | सम्पन्न |
| | पालिका भवन देखि फलाम धारा सडक सोलिङ | | सम्पन्न |
| | मगरगाँउ हुदै थर्पु क्याम्पस मोटरबाटो निर्माण | | सम्पन्न |
| | बालमैत्री वडा घोषणा तथा कोष स्थापना | | सम्पन्न |
| | युनिसेफ खानेपानी  मर्मत | | सम्पन्न |
| | चन्द्रोदय आ.बि. जनता आ.बि. लेखनाथ आ.बि.व्यवस्थापन अनुदान | | सम्पन्न |

| | | | |
|---|---|---|---|
| | नागी थर्पु प्रहरी चौकि गेट निर्माण | | सम्पन्न |
| | मिथिलेश्वर शिवालय आश्रम निर्माण | | सञ्चालित |
| | थर्पु बजार मगरगाँ सडक मर्मत | | सम्पन्न |
| | खातपा काँचोबारी सिंचाई कुलो मर्मत | | सञ्चालित |
| | जनता आ.बि.को चर्पि सैफ्टी ट्यांकी मर्मत | | सञ्चालित |
| | काबेली घाटमा जाने आउने बाटो निर्माण | | श्रमदानबाट |
| | दाहालगाँउ खमाले बरडाडा क्याम्पसि निशान गोरेटो बाटो मर्मत | | प्र.म.रा.का.बाट सम्पन्न |
| | खेलकुद विकास कार्यक्रम | | बिभिन्न मितिमा खेल प्रतियोगिता तथा खेलमा सहभागि हुदा |
| | थर्पु क्याम्पस , चन्द्रोदय आ.बि.गोरेटो बाटो मर्मत | | प्र.म.रा.का.बाट सम्पन्न |
| | याङवरक ४ भरिका सडक मर्मत | | प्रदेश सरकारबाट सञ्चालित |
| | मेदिबुङ हाट बजार टहरा निर्माण | | वडाको सहभागितामा |

**वडा नं. ५.**

| क्र.सं. | क्रियाकलाप | संख्या | कैफियत |
|---|---|---|---|
| १. | नागरीकता सिफारिस | ४० वटा | |
| २. | नामसारी सिफारिस | ८ वटा | |
| ३. | चार किल्ला सिफारिस | १६ वटा | |
| ४. | घरबाटो सिफारिस | १६ वटा | |
| ५. | विद्युत सिफारिस | ५० वटा | |
| ६. | गाउँपालिका पठाइएका सिफारिस | २५० वटा | |
| ७. | नाता प्रमाणित | ४१ वटा | |
| ८. | अन्य विभिन्न प्रयोजनका लागि सिफारिस | २२७ वटा | |
| ९. | जन्म दर्ता | १११ वटा | |
| १०. | बिवाह दर्ता | ४० वटा | |
| ११. | बसाइँ सराई दर्ता | २२ आएको ८ गएको | |
| १२. | मृत्यु दर्ता | ३५ वटा | |
| १३. | सम्बन्ध बिच्छेद | १ वटा | |
| १४. | वडागत योजना तथा कार्यक्रमहरू | ३६ वटा मध्ये ३३ वटा योजना र ३ वटा कार्यक्रम | |

## २.१०.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

विभिन्न विषयगत शाखाहरूसँगको अन्तरक्रिया, वार्षिक प्रगति समीक्षा,प्रतिवेदन र छलफलबाट प्राप्त जानकारीअनुसार सामाजिक जिम्मेवारी कार्य सम्पादनको लेखाजोखा गरीएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत आ.व. २०७७/०७८ को अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | ७५% | स्वास्थ्य स्वयम् सेविकाहरूले समस्या परेको समयमा तत्काल फोन मार्फत स्वास्थ्य प्रमुखसँग सम्पर्क गराईदिने वा आफैले बुझेर समस्याको समाधान गरीदिने, गाउँघर क्लिनिक, खोप केन्द्रहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने गरेको साथै बर्थिङग सेन्टर र स्वास्थ्य केन्द्रहरूलाई व्यवस्थित बनाइ सबै सेवा उपलब्ध गराउने गरेको । | पूर्ण खोप गाउँपालिका घोषित, कोभिडको खोप सुनिश्चित गा.पा.१८ वर्षमाथि पहिलो र दोस्रो खोप प्राप्त , १२२ जना प्रसुतिगृहमा प्रसुति गराउन सफल, महिला स्वयमसेविकाका लागि मासिक १५००। तथा पोषाक भत्ता प्रदान गर्ने व्यवस्था भएको । |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | १२०० जना | गाउँघर क्लिनिक, खोपकेन्द्र तथा स्वास्थ्य केन्द्रहरूबाट विभिन्न समयमा खोप कार्यक्रमको तालिका अनुसार खोप लगाउने कार्यक्रम सञ्चालन । | स्वास्थ्य स्वयम् सेविकाद्वारा सूचना प्रवाह गरी सम्पुर्ण वडाहरूका बालबालिकाहरूलाई खोप अभियानहरूमा समेटिएको |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनीका बालबालिकाको आधारमा) | २८० जना | स्वास्थ्य स्वयमसेविकाहरूले सूचना प्रवाहलाई जनस्तरसम्म पुऱ्याउने गरेको | १०० % खोप प्राप्त भएको र पूर्ण खोप प्राप्त गाउँपालिका बन्न सफल भएको |
| ४ पटक गर्भवती जाँच गरीएका महिलाको संख्या ( प्रतिशतमा) | ६०% | परम्परागत सोचलाई बदल्नलाई समुदाय सचेतना तथा सेवा सुबिधालाई जनस्तरसम्म पुऱ्याउनका लागि स्वयम् सेविकाहरूले कार्य गरीरहेको | जहाँ गएर भए पनि पूर्ण रूपमा ४ पटक गर्भवती जाँच गराउन बारम्बार प्रोत्साहन गर्ने गरेको, केही मात्रामा सचेत भै जचाउन आउने गरेको । |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुर्ति गरीएका महिलाको संख्या | १२२ | प्रसुति केन्द्रबाट दक्ष महिलाबाट प्रसुति गर्ने महिला ९९% नै भएको स्थानीय स्तरमा प्रसुति गराउन नसकिएको खण्डमा जिल्ला अस्पतालमा सिफारिस गर्ने गरेको । | परम्परागत रूपमा गरीने प्रसुतिलाई निरूत्साहित गर्न जनचेतना जगाउने कार्य स्वयम् सेविकाहरूबाट भएको र जहाँ गराए पनि दक्ष प्रसुतिकर्मी बाट सुत्केरी गराउनका लागि प्रेरित गर्ने गरेको, दक्ष |

| | | | |
|---|---|---|---|
| | | | प्रसुतिकमीबाट नै सुत्केरी गराउने गरेको, |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | ०% तर कोभिडले भने ८ जना व्यक्तिको मृत्यु भएको | यो समस्या समाधानको लागि पानी सरसफाई र समुदायलाई सचेतना स्वयम् सेविका मार्फत गर्ने गरेको र कोभिडको नियन्त्रणका लागि कोभिडको भ्याक्सिनको उपलब्ध गराएको | जनचेतना अभिवृद्धिको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेको समुदायले सरसफाईमा ध्यान दिई यो समस्यामा कमि आएको, कोभिडको भ्याक्सिनको व्यवस्थापन गरेको |
| सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ३४२७ | प्रत्येक घरधुरीमा कुनै न कुनै बेला स्वास्थ्य सेवाको सुबिधा प्राप्त गर्नका लागि स्वास्थ्य केन्द्रमा पुग्ने गरेको साथै सर्वसुलभताको लागि गाँउघर क्लिनिकहरू, खोप केन्द्रहरू तोकेर सहज सेवा प्रदान गर्ने गरेको | सबै घरधुरीलाई स्वास्थ्यको कुनै न कुनै सेवा उपलब्धता गराएको साथमा स्वास्थ्यको पहुँच बढाउन गाँउघर क्लिनिकहरू तथा खोप केन्द्रहरूलाइ प्रभावकारी सञ्चालनका लागि भौतिक पूर्वाधारको विकास पनि गरेको साथमा १५ शय्याको हस्पिटत निर्माणाधिन रहेको छ। |

| **शिक्षा** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका को संख्या | ६९ | वडा नं. १ र २ का प्राथमिक विद्यालयका बालबालिकाहरूलाई लक्षित गरी विष्णु मा.बि. च्याङ्गथापूमा आवसिय छात्राबासका् ब्यवस्था गरीएको। | बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउन सकिएको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९७% | – भर्ना अभियान सञ्चालन गरीएको<br>– प्रोत्साहन स्वरूप पोषाक बितरण गरीएको<br>– बालमैत्री कक्षा बनाउन विद्यालयहरू प्रेरित भई बालमैत्रि | – सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण<br>–बाल विकास केन्द्र तथा निजी बोर्डिङ्ग सुचारू रूपले सञ्चालनमा रहेको |

| | | | |
|---|---|---|---|
| | | विद्यालय निर्माणका लागि योजनाहरू निर्माण गरीएका<br>– निजी बोर्डिङ्गको सञ्चालन भइरहेको | – समुदायले बालमैत्री विद्यालयको आवश्यकताको महसुस गरेर योजनामा संलग्न गराउन सुरूआत गरेको कारण |
| प्राथमिक विद्यालयमा पहुँच नभएका संख्या | २% हाराहारी( अनुमान) | पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलब्धि, गाउँगाउँमा निजी तथा केन्द्रगत विद्यालय भर्ना अभियान तथा समुदाय र शिक्षकहरूद्वारा समुदाय जागरणका कार्यक्रमहरू सञ्चालन । | शतप्रतिशत भर्ना एवम् एवम् विद्यालय नछोड्नेका संख्यामा बडोत्तरी आएको । |
| उमेर समूहका बालबालिका संख्या/प्रतिशत | ३–५ वर्ष मुनी ५०० जना<br>६–१० वर्ष मुनी १३००<br>१० –१२ वर्षमुनी ७००<br>१३ –१४ वर्षमुनी ६००<br>१५ –१६ वर्षमुनी ५४६ | सरकारी विद्यालयमा जम्मा छात्रा २०६० तथा छात्र २१२३ जना अध्ययनरत रहेको | |
| कक्षा १ मा खुद भर्नादर छात्रा/छात्र | छात्र – ९९ जना<br>छात्रा – ९८ जना | – पूर्व प्राथमिक विद्यालयमा भर्नादर वृद्धिका लागि अभिभावक जागरण कार्यक्रम तथा त्यसबाट गाउँ गाउँमा निजी तथा केन्द्रगत विद्यालय भर्नादरमा वृद्धि आएको ।<br>– प्रोत्साहनस्वरूप पोषाक बितरण गरीएको | सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको |
| प्राथमिक तहमा कक्षा छोडने कक्षा दोहोर्‍याउने र कक्षा उत्तिर्ण हुने दर | – छाडने दर ०.५%<br>– दोहोर्‍याउने दर ०%<br>– उत्तिर्ण हुने दर १००% | – पूर्व प्राथमिक विद्यालयमा भर्ना तथा त्यसबाट उपलब्धी, गाउँ गाउँमा विद्यालय भर्ना अभियान<br>– अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरेको | – शतप्रतिशत भर्ना एवम् विद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको ।<br>– कक्षा दोहोर्‍याउने संख्यामा कमि भएको |
| प्राथमिक | शत प्रतिशत | जिल्ला शिक्षा कार्यालयले सरकारी | सरकारी विद्यालयका |

| | | | |
|---|---|---|---|
| तहमा तालिम प्राप्त शिक्षक संख्या | तालिम प्राप्त १९१ जना | विद्यालयमा वार्षिक रूपमा तालिम प्रदान गर्ने गरेका, उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था, विद्यालयहरूलाई कम्प्युटर डेस्क तथा इन्टरनेट उपलब्ध गराएको । | शिक्षकहरूले शतप्रतिशतले तालिम लिएका । केन्द्रगत विद्यालयका तालिम प्राप्त शिक्षकहरूको संख्या यकिन नभएको, विद्यालयहरू अभिलेखीकरण तथा संचार प्रबिधिमा अग्रसर भएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | १४ जना | रेकर्ड राख्नका लागि सुझाव प्रदान गरीएको | रेकर्ड राख्नका लागि शाखा प्रतिबद्ध हुनु |
| बाहिरी सहयोगमा निर्मित विद्यालय कोठा संख्या | नभएको | कतिपय विद्यालयको पूर्वाधार निर्माण भइरहेकोले यसलाई अद्यावधिक बनाएर राख्ने । | विस्तृत विवरणसहितको अभिलेखीकरण गरीने । |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | २ कोठा | पूर्वाधार निर्माण भइरहेको । | नयाँ भवनहरूको निर्माण पश्चात् सूचना अध्यावधिक गरेर राखिने । |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ९८% | दलित विद्यार्थीलाई भर्ना गर्नका लागि प्रोत्साहन तथा सरकारद्वारा प्रदान गरीने सुबिधी बारेमा सम्बन्धित अभिभावकलाई सूचना प्रदान गर्ने गरेको । | दलित बालबालिकाको शिक्षामा पहुँच बढ्दो भएको र सेवा सुविधाका कारण सरकारी विद्यालयमा भर्ना हुने गरेको । |

**खानेपानी तथा सरसफाई**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | ८०% | प्राकृतिक मुहानबाट पाइपको माध्यमबाट घरघरमा खानेपानी पुराइएको तथा गा.पा.ले नै खानेपानीको ब्यवस्था गरेको | शुद्ध पानीको पहुँचका कारण पानीको कारण लाग्ने रोगहरूका कमी आएको, समुदाय सबैले खानेपानी पिउन सफल भएको । |
| शौचालय भएको संख्या | १००% | खुल्ला दिशामुक्त क्षेत्र घोषणा | एक घर एक शौचालय |

| | | | |
|---|---|---|---|
| वा प्रतिशत | | भएको | भएको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | ९०% | विद्यालयहरूको खानेपानीको लागि सामान्य फिल्टर तथा पाइपको धाराको व्यवस्था भएको | नियमित पानी आउने भएको । |
| शौचालय भएको परिवार संख्या | १००% | गाँउबासीहरूको सरसफाई सचेतना वृद्धि भए तापनि पक्की चर्पी सत प्रतिशत नभएको | सरसफाईमा ध्यान दिएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | ७५% | वातावरण संरक्षण तथा सुधारिएको चुलोको बारेमा सचेतना कार्यक्रम गरी समुदायलाई सुधारिएको चुल्हो बनाउन प्रोत्साहन गरेको | भान्सामा धुँवारहित चुलोको अवधारणामा विकास भएको र ७५ % घरपरिवारले सुधारिएको चुल्हो निर्माण भएको । |

| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| बाल बिबाहको संख्या | ५ % लगभग तर लिखित अभिलेखीकरण नभएको | गाउँबासी सचेत रहेको, विद्यालय तथा समुदायमा बालबिवाह बिरूद्धको सचेतना कार्यक्रमहरू सञ्चालन गरेको । | बालविवाह कानुन विपरित रहेको कुरा जानकारी भएको र अभिभावकरूबाट बालबिवाह गर्ने चलन हटेको । |
| सामाजिक विकृति, बिसङ्गति | सामाजिक विकृतिका रूपमा विभिन्न बित्तीय केन्द्रहरूको प्रवेश र आर्थिक विचलन आएको | बित्तीय केन्द्रहरूको प्रवेशलाई निषेध गर्न नसके पनि ब्यवस्थित आर्थिक रूपमा चलाउनका लागि सचेतना जागरणका क्रियाकलाप सञ्चालन । | बित्तीय केन्द्रहरूबाट प्राप्त सुबिधालाई सही तरिकाले सञ्चालन गर्नु पर्ने कुराप्रति सचेत भएको । |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा ( जेष्ठनागरीक, एकलमहिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | १००% ले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको | प्रत्येक वर्ष सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूको विवरण अध्यावधिक गरीएको, सामाजिक सुरक्षा भत्ता शतप्रतिशत बितरणका लागि वडा तथा गा.पा.ले ब्यवस्थित र चुस्त काम गर्ने गरेको । | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी रूपमा गरीएको र सामाजिक सुरक्षा भत्ता सबैले प्राप्त गरेको । |

**जनचेतना तथा गरीबी निवारण**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गतवर्षको तथ्याङ्क | प्रयासहरू | उपलब्धिहरू |
|---|---|---|---|
| बालश्रमको अवस्था | नरहेको | | |
| बालक्लबहरूको अवस्था | गठन भएको तर निरन्तरता नभएको | बालक्लबलाई सक्रिय बनाउन बैठक गर्ने, त्यसको ब्यवस्थापनलाई जागरूक बनाइएको, बाल मैत्री गाउँपालिका निर्माणको पूर्व तयारी गरीरहेको । | गा.पा.ले बालमैत्री तालिम तथा योजनाको सञ्चालनको तर्जुमा गरेको । |
| महिला हिंसा | महिला हिंसा कुनै कुनै स्थानमा रहेको तर खुलेर आउन नसकेको | महिलाहरूको हितमा योजनाहरू छुटयाएको, महिला हिंसा तथा महिला अधिकारका विषयमा तालिम सञ्चालन गरेको । | महिला हिंसामा कमि आएको साथमा विभिन्न स्थानमा महिलाहरूको सहभागितामा वृद्धि भएको |
| रोजगारीको अवस्था | बेरोजगार ब्यक्तिहरूका लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट रोजगारी प्रदान गर्ने वातावरणको सिर्जना गरेको | प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको निरन्तरता, कृषि तथा पशु विकासमा समुदायलाई सक्षम बनाउन विभिन्न योजना तर्जुमा भएको | समुदायले कृषि र पशुपालनलाई जीवनयापनको मुख्य स्रोतको रूपमा विकास गरेको, कृषि र पशुपालनमा आत्मनिर्भर बन्दै गएको, कृषि उत्पादनको |

| | | | |
|---|---|---|---|
| | | | बजारीकरण र कृषि उत्पादनलाई बढाव गर्ने योजना बनाइएको । |
| स्वरोजगारका प्रयासहरू | कृषि, सहकारीलाई व्यवस्थित र सङगठित बनाएको | कृषि तथा सहकारितालाई बजेट तर्जुमामा प्राथामिकताका साथ विनियोजन गरेको | ५ वटा वडामध्ये २ वटा वडाले कृषि तथा पशुपालन लाई विशेष जोडका साथ बजेट विनियोजन गरेको, ३ नं. वडा लाई कृषि तथा पशु विकासको पकेट क्षेत्रका रूपमा विकास गरेको । |
| गरिबी निवारणका प्रयासहरू | सिप विकासका तालिम तथा दक्षता विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन भएको | प्राप्त सिप तथा दक्षतालाई व्यवहारमा उतारेर आयआर्जनको क्षेत्रमा अग्रसर भएको | होमस्टे सञ्चालनमा रहेको, कृषिका विभिन्न मेशिन औं.जारको प्रयोगबाट लाभ लिन सकेको । |
| सामाजिक परिचालन | सामाजिक परिचालन निरन्तर रूपमा भैरहेको | समुदायमा बिभिन्न सेवा सुबिधा सुलभ तरिकाले प्राप्त भइरहेको | सामाजिक सुरक्षा भत्ता, नागरीक जागरूकताका क्षेत्रमा बिभिन्न कार्यहरूमा जनसहभागितामा वृद्धि भएको |
| वातावरण सुधारका प्रयासहरू | रूख काटेपछीज्ञ अर्को रूख रोप्न कृषकलाई प्रोत्साहन गर्ने गरेको, बजार क्षेत्रमा संकलन भएको फोहोलाई अन्यत्र बिसर्जन गर्ने गरेको । | ,सरसफाई सम्बन्धी समुदायलाई सचेतना गराएको, बनजंगल र वन्यजन्तु संरक्षणका लागि समुदायलाई जागरूक वनाएको । | बजारक्षेत्रमा सरसफाई भएको, बाहिर दिशा पिसाब गर्नमा रोक लागेकोले वातावरण दुर्गन्धित नभएको । वातावरण |

| | | | |
|---|---|---|---|
| | | | संरक्षणको बारेमा कार्यविधिहरू निर्माणमा गा.पा. अग्रसर रहेको । |
| एच. आइ.भि.र एड्स | यस्तो बिशेषताका बिरामीहरू यस गा.पा.मा नरहेको | स्वास्थ्य सम्बन्धी विभिन्न जनचेतनामुलक कार्यक्रमहरूको सञ्चालन, | एच. आइ.भि.र एड्स सम्बन्धि बिरामी नभएको |

| **विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| स्थानीय बजारमा पुग्न लाग्ने समय | ३ घण्टा | ६ वटै वडाहरूमा स्थानीय बजारको व्यवस्था भएको | व्यवस्थित बजार नभए तापनि पनि सोही बजारमार्फत समुदायमा सर्वसुलभ तरिकाले सामाग्री उपलब्ध हुने गरेको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | अधिकतम ५ घण्टा | कृषि सेवा केन्द्र गा.पा.मा अवस्थित रहेकोले सबै वडाबाट पुग्नलाई लगभगमा पनि ५ घण्टा लाग्ने | रूटिन बनाएर कृषि सेवा केन्द्रका प्राबिधिकले वडाहरूमा गएर सेवा दिने गरेको, पशु तथा कृषिका औं.षधीहरू निशुल्क बितरण गरेको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | १००% सामाजिक सुरक्षा भत्ता निरन्तर रूपमा प्रदान गरीरहेको | सामाजिक सुरक्षा भत्ता निरन्तरता दिएको | नयाँ सामाजिक सुरक्षा भत्ता पाउनेको सूचना अध्यावधिक तथा सुलभ तरिकाले भत्ता सम्बन्धित ब्यक्तिसम्म पुर्‍याउन जनप्रतिनिधिहरू प्रोत्साहित भएर काम गरेको । |

| **केन्द्रगत क्षमता** | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गतवर्षको तथ्याङ्क** | **प्रयासहरू** | **उपलब्धिहरू** |
| जनशक्ति | गा.पा.मा २५ जना, वडामा १२, विषयगत शाखा १४ जना कर्मचारी कार्यरत | जनताको काम छिटो छरितो गर्ने गरेको, कार्यालय तथा कर्मचारी ब्यवस्थापनमा विशेष पहल गरेको । | भएको जनशक्तिले सकेको काम गरेको र समुदायमा सेवा प्रवाहका लागि कर्मचारीहरू जागरूकताका साथ काम गर्ने गरेको । |

| | | | |
|---|---|---|---|
| भौतिक व्यवस्था | गा.पा. तथा वडाहरूको भौतिक संरचना व्यवस्थित भएको | भौतिक संरचनाका साथमा अन्य सेवा सुविधाका लागि कार्य गर्ने नीति तथा बजेटको विनियोजन | शौचालय, खानेपानी धाराको व्यवस्था, नागरीक बडा पत्र, सूचना पेटिका, सूचना पाटिको व्यवस्थापन भएको । |
| समन्वय र सहकार्यका प्रयासहरू | गा.पा. तथा वडाहरूले आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय र सहकार्यका प्रयासहरू गरेको | अझै पनि समन्वय र सहकार्यलाई चुस्त दुरूस्त रूपमा सञ्चालन गर्ने नीति बनाएको | संघीय तथा प्रादेशिक तहबाट विकासका विभिन्न आयोजनाहरू सञ्चालन गर्न सफल भएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | गा.पा.को गुरूयोजना निर्माण | गाउँपालिकामा अवस्थित विभिन्न संघ केन्द्र तथा निजी बित्तीय केन्द्रहरूलाई सामाजिक दायित्व वहनमा जिम्मेवार बनाउन समन्वयनात्मक क्रियाकलाप सञ्चालन तथा समन्वयात्मक क्रियाकलाप सञ्चालन । | साझेदारीमा समुदाय विकासका कार्यक्रमहरू सञ्चालनल भएको । |

**याङवरक गाउँपालिकाको स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था**
**(गाउँपालिकाको कार्यालय)**

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | संख्या | पदपूर्तिको स्थिति | जम्मा रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | १ | स्थायी | ० | |
| २. | इन्जिनियर | छैटौ | इन्जिनियरिङ | सिभिल | १ | करार | १ | |
| ३. | अधिकृत | छैटौ | शिक्षा | शि.प्र. | १ | स्थायी शिक्षक | १ | |
| ४. | अधिकृत | छैटौ | प्रशासन | लेखा | १ | - | १ | |
| ५. | अधिकृत | छैटौ | प्रशासन | सा.प्र. | २ | - | २ | |
| ६. | हे.अ./जन स्वास्थ्य निरीक्षक | ५/६ औं. | स्वास्थ्य | हे.ई. | १ | - | १ | |
| ७. | पब्लिक हेल्थ नसिंङ | ५/६ औं. | स्वास्थ्य | क.न. | १ | - | १ | |
| ८. | आ.ले.प. | ५ औं. | प्रशासन | लेखा | १ | - | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | सहायक | ५ औं. | प्रशासन | सा.प्र. | २ | स्थायी | १ | |
| १०. | लेखा सहायक | ५ औं. | प्रशासन | लेखा | १ | - | १ | |
| ११. | प्रा.सं | ५ औं. | शिक्षा | शि.प्र. | १ | स्थायी | ० | |
| १२. | सब-इन्जिनियर | ५ औं. | इन्जिनियरिङ | सिभिल | ३ | स्थायी १ | २ | |
| १३. | अ-सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | ४ | करास १ स्थायी ३ | १ | |
| १४. | सहायक कम्प्युटर अपरेटर | चौथो | विबिध | सिभिल | २ | करास | १ | |
| १५. | स.म.बि.नि. | चौथो | बिबिध | सिभिल | १ | स्थायी | ० | |
| १६. | खा.पा.स.टे. | चौथो/पाँच ौ | इन्जिनियरिङ | सिभिल | १ | स्थायी | ० | |
| १७. | सर्भेयर | पाँचौ | इन्जिनियरिङ | सर्भे | १ | - | १ | |

**वडा तर्फको बिवरण**

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | संख्या | पदपूर्तिको स्थिति | जम्मा रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १८. | सहायक | पाँचौ | प्रशासन | सा.प्रं. | ३ | - | ३ | |
| १९. | सब-इन्जिनियर | पाँचौं | इन्जिनियरिङ | सिभिल | ३ | १ स्थायी | २ | |
| २०. | अ-सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | ३ | ३ स्थायी | ० | |
| २१. | सहायक चौथो | चौथो | प्रशासन | सा.प्र. | ४ | - | ३ | |

**स्थानीय तह पशु सेवा**

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | संख्या | पदपूर्तिको स्थिति | जम्मा रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २२. | अधिकृत | छैठौ | पशु | .लापोडेडे /भेटेनरी | १ | - | १ | |
| २३. | सहायक पाँचौ | पाँचौ | पशु | भेटेनरी | २ | १ स्थायी | १ | |
| २४. | सहायक पाचौ | पाँचौ | पशु | लापोडेड | १ | १स्थायी | ० | |
| २५. | सहायक चौथो | चौथो | पशु | भेटेनरी | २ | २स्थायी | ० | |
| २६. | सहायक चौथो | चौथो | पशु | लापोडेड | २ | १स्थायी | १ | |
| २७. | सहायक चौथो | चौथो | पशु | .लापोडेडे /भेटेनरी | ६ | करार | १ | अस्थायी दरबन्दि कायम गरीएको |

**स्थानीय तह कृषि सेवा**

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | संख्या | पदपूर्तिको स्थिति | जम्मा रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २८. | अधिकृत | छैटौ | कृषि | | १ | - | १ | |
| २९. | सहायक पाँचौ | पाँचौ | कृषि | | २ | - | २ | |
| ३०. | सहायक चौथो | चौथो | कृषि | | १ | ३ स्थायी | ० | |

**स्वास्थ्य सेवातर्फ**

| क्र.सं. | पद | तह/श्रेणी | सेवा | समूह | संख्या | पदपूर्तिको स्थिति | जम्मा रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३१. | | छैटौ | स्वास्थ्य | स्वास्थय/हे.ई. | ५ | - | ५ | |
| ३२ | | पाँचौ | स्वास्थ्य | स्वास्थय/हे.ई. | ५ | २ | ३ | |
| ३३ | | चौथो | स्वास्थ्य | स्वास्थय/हे.ई. | ५ | १ | ४ | |
| ३४ | | पाँचौ | स्वास्थ्य | स्वास्थय/क.न. | ५ | १ | ४ | |
| ३५ | | चौथो | स्वास्थ्य | स्वास्थय/क.न. | ५ | २ | ३ | |

## २.११.सामाजिक जिम्मेवारीका क्षेत्रमा याङवरक गाउँपालिकाका सवल पक्षहरू

### क.आर्थिक विकासको क्षेत्रमा

- पर्याप्त स्रोत साधनको उपलब्धता
- खाद्यान्न तथा तरकारीमा आत्मनिर्भरता
- कृषि तथा पशुपालनमा अनुभवी तथा दक्ष कृषकहरूको वाहुल्यता रहेको
- भौगोलिक बनोटअनुसार भू-उपभोग तथा आफ्नो स्वामित्वमा रहन प्रशस्त उपलब्ध भएको
- निजी, सरकारी तथा सामुदायिक वनको स्वामित्व रहेको
- कृषि, वन तथा चरण क्षेत्रहरू उल्लेख्य रहेको
- प्रसस्त खेती योग्य जमिन तथा उपयुक्त वातावरणको उपलब्धता
- माछा पालन र उत्पादन बढाउन उपयुक्त वातावरण
- सिंचाइका लागि प्रर्याप्त पानीका स्रोतहरू
- पशुपालनका लागि घँस तथा चरणहरूको उपलव्धता
- प्रसस्त धार्मिक तथा पर्यटकिय क्षेत्रहरू भएको
- अनुपम प्राकृतिक सौन्दर्यसहितका मनोरम तथा ऐतिहासिक क्षेत्रहरू रहेको
- भू-वनौट तथा वातावरणीय विविधतासहितका पर्यटन स्थलहरू रहेको
- साना, मझौला तथा घरेलु उद्योगहरू सञ्चालनमा रहेको
- दुई वटा बैंकमार्फत वैबकिङ कारोवार सञ्चालनमा रहेको

- चार वटा वडाहरूमा स्थानीय वजार र व्यापारिक केन्द्र रहेको

## ख.सामाजिक विकासको क्षेत्रमा

- सवैलाई पायक पर्ने गरी सामान्य भौतिक पूर्वाधार तथा मानवीय स्रोतसहितका विद्यालयहरूको उपलब्धता
- विद्यालय भर्ना कार्यक्रम सञ्चालनमा रहेको
- विद्यालयहरूमा भर्नादर उच्च रहेको
- निशुल्क शिक्षा, छात्रवृत्ति आदिको नीतिगत व्यवस्था भएको
- विद्यालय व्यवस्थापन समितिहरूको व्यवस्था भएको
- पाठ्यपुस्तक लगायतका शैक्षिक सामग्रीहरूको उपलव्धता
- अतिरिक्त कियाकलापमा वृद्धि
- वालविकास केन्द्रहरू सञ्चालनमा रहेका

- शिक्षा क्षेत्रमा सरकारी तथा निजी क्षेत्रहरूको प्रर्याप्त लगानी
- भौतिक पूर्वाधारसहितका ५ वटा स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेको
- सवै स्वास्थ्य केन्द्रहरूमा वर्थिङ सेन्टर सञ्चालनमा रहेको
- गाउँघर क्लिनिक, खोप सेवा, महिला स्वास्थ्य स्वयम्सेवक कार्यक्रम नियमित र प्रभावकारी रहेको
- औं.षधीको आपूर्तीको राम्रो व्यवस्था भएको
- पोषण सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम लागु भएको
- सहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा रहेको
- प्रर्याप्त मात्रामा पानीका स्रोत तथा मुहानहरू रहेको
- प्राय सवै परिवारहरूका लागि पानीको पहुंच सुनिश्चित भएको
- खानेपानीका लागि योजनाहरू सञ्चालनमा रहेको
- समय समयमा सरसफाई अभियानहरू सञ्चालन हुने गरेको
- वजार क्षेत्रहरूमा फोहोर व्यवस्थापनका लागि डस्टविनहरूको व्यवस्थापन भएको
- अधिकङ्श घरहरूमा मानव मलमुत्र व्यवस्थापनका लागि शौचालय रहेको
- अधिकांस स्थानमा महिलाहरूको सञ्जाल वनेको
- महिला सहकारी केन्द्रहरू सञ्चालन तथा वचतसमेत गरी परिचालन गर्ने गरेका
- महिला, वालवालिका तथा अपाङ्गता भएका र जेष्ठ नागरीकको वास्तविक तथ्याङ्क रहेको
- कार्यक्रम सञ्चालन गर्नको लागि कर्मचारीको व्यवस्था गरीएको
- समाजिक सशक्तिकरणको क्षेत्रमा काम गर्नको लागि कानुनी आधार वनेको
- अपाङ्गता भएका व्यक्तिहरूको सञ्जाल वनेको
- स्थानीय स्तरमा विभिन्न क्लवहरूको गठन गरी खेलकुदका कार्यक्रमहरू संञ्चालन हुने गरेको
- खेलकुदमा युवाहरूको रूची र आकर्षण उल्लेख्य रहेको
- तालिम प्राप्त खेलाडीहरूको उपलव्धता रहेको

- बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक जनसमुदाय वसोवास गर्ने गरेको
- बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक जनसमुदाय बिच एक अर्कालाई सम्मानको दृष्टिले लिने परम्परा कायम रहेको
- आपसी सद्भाव र मेलमिलापको बलियो वातावरण निर्माण भएका
- सवै वडाहरूमा सुरक्षा निकायको व्यवस्था गरीएको
- सवै स्थानहरूमा शान्ती सुरक्षाको अवस्था कायम रहेको
- धार्मिक एवं परम्परागत विश्वासको कारण शान्ति सुरक्षाको अवस्थामा थप सहयोग पुगेको

## ग.वन तथा वातावरण विकासको क्षेत्रमा

- बहुमूल्य वनस्पति तथा जडिबुटी पर्याप्त मात्रामा पाइने
- वातावरण सुन्दर राख्न सहयोग पुगेको
- जलस्रोत तथा जलाधार क्षेत्र पर्याप्त मात्रामा भएको
- स्वच्छ पिउने पानीका मुहानहरू प्रशस्त भएको
- ऐतिहासिक पर्यटकीय क्षेत्र तिम्बुङ पोखरी, लाम पोखरी, हाडी पोखरी, याङवरक पोखरी, कालापानी आदि जलाधार क्षेत्र भएको
- खोलानालालाई उचित प्रयोग गरी विद्युत उत्पादन गर्न सकिने
- घर घरमा स्वच्च खानेपानी कृषि क्षेत्रमा सिंचाईको लागि आवश्यक जलक्षेत्र भएको
- दुर्लव वन्यजन्तुको सूचीमा रहेका रेडपाण्डा, डाँफे, भिरमौरी, तिते माछा जस्ता जैविक विविधता रहेका संपदाको बासस्थान रहेको
- प्राकृतिक रूपमा हुन आउने विपत्ति वन जङ्गल जलस्रोत सम्पदाका कारण कम भएको
- विपद परिआएमा विपद्बाट बच्नका लागि उपयुक्त स्थानहरू पर्याप्त मात्रामा भएको

## घ.भौतिक विकासको क्षेत्रमा

- सवै वडाहरू सडक सञ्जालसँग जोडिएका
- विभिन्न सडकहरूको संरचना निर्माण भई स्तरोन्नतिको क्रममा रहेका
- ४५ कि. मी. सडकको डि. पि. आर. निर्माण भएको
- ६ वटा पक्की पुलहरू निर्माण भई सञ्चालनमा रहेका
- प्रर्याप्त जलसम्पदा रहेको
- कावेली ए र वि जस्ता राष्ट्रिय स्तरका हाइड्रो सञ्चालनमा भएका
- राष्ट्रिय वितरणलाईनवाट प्रसारण हुन थालेको
- वैकल्पिक उर्जाको रूपमा सोलार ऊर्जाको प्रयोग हुन थालेको
- अधिकाङ्स स्थानहरूमा विद्युतको पहुँच रहेको
- सवै जसो जनताहरूमा मोवाइल प्रविधि र यसको वढ्दो प्रयोग रहेको
- पंञ्जिका कार्यक्रम व्यवस्थित र प्रविधिमैत्री भएको
- धेरै जसो कार्यालय, शिक्षण केन्द्रहरूमा इ-हाजिरी व्यवस्था गरीएको

- विभिन्न किसिमका मोवाइ एप्पसहरूको प्रयोग हुने गरेको
- सबै मानिसहरूलाई बस्नका लागि भवनहरूको उपलव्धता रहेको
- सामान्य आवश्यकता परिपूर्तिका लागि सार्वजनिक भवनहरू रहेको
- धेरै जसो स्थानहरूमा आवास क्षेत्रका रूपमा वस्तीहरू रहेका
- बसोवासयोग्य भूभागहरू रहेको
- व्यावसायिक अवसरहरू तथा वजारयोग्य क्षेत्रहरू रहेको

**ङ.केन्द्रगत तथा सुशासन विकासको क्षेत्रमा**

- आवश्यकता अनुसारका संगठनहरू गठन भएको
- सेवा प्रवाहमा सक्रियता वढदै गएको
- जनचेतनाको स्तरमा क्रमशःवृद्धि हुँदै गएको
- नीतिगत व्यवस्थाहरू निर्धारण भएको
- आवश्यकताका आधारमा सेवा प्रदायक केन्द्रहरूको व्यवस्था भएको
- सेवा प्रदायक केन्द्रहरूले प्रवाह गर्ने सेवाहरू व्यवस्थित हुँदै गएको
- नीतिगत व्यवस्थाहरू रहेको
- विभिन्न नागरीक संगठनले याङवरक गा पा मा जनतालाई सेवा दिइरहेका
- विद्यमान केन्द्रहरू र नागरीक संगठनहरूबिच सुमधुर सम्बन्ध कायम रहेको
- केही ऐन, नीति, नियम  स्पष्ट रूपमा बनेको
- सबै तहलाई समेट्ने आँकलन गरीएको
- समाबेशी ऐन नियम बनेको

**च.वित्तीय व्यवस्थापन विकासको क्षेत्रमा**

- जडिबुटी, अलैंची तथा अन्य कृषिजन्य उत्पदानका स्रोतहरू प्रर्याप्त रहेको
- जलस्रोत र उत्पदानको संभावन रहेको
- पर्यटकीय प्रवर्द्धनमार्फत स्रोत वृद्धिको संभावना रहेको
- राजश्व संकलनका बारेमा केही नीतिगत व्यवस्थाहरू रहेको
- राजश्व परामर्श समिति क्रियाशील रहेको
- आन्तरिक राजश्व संकलन गर्ने कार्यको सुरूवात गरीएको
- निकासी कर (जडिवुटी, पशु) लिने गरीएको
- आन्तरिक राजश्व वृद्धिका लागि छलफल तथा वहसको सुरूवात भएको
- स्थानीय संघ केन्द्र तथा केही दातृ निकायहरूसँग सहकार्यको सुरूवात गरीएको
- दातृ निकायहरूको आकर्षणका लागि नीतिगत व्यवस्था तथा उपयुक्त वातावरण तयार भएको
- कार्यक्रमहरू तथा योजनाहरूमा तालमेल रहेको
- संघीय तथा प्रादेशिक सरकारबाट सहयोग उपलव्ध भइरहेको

- आवश्यकताअनुसार बजेट उपलब्धता रहेको
- कर्मचारीको व्यवस्थापन भएको

### २.१२.सामाजिक जिम्मेवारीको क्षेत्रमा याङवरक गाउँपालिकाको समस्या/कमजोर पक्ष

- सशर्त अनुदानको बजेट बैदेशिक स्रोतको समयमा फुकुवा नआउनु
- सशर्त अनुदानको बजेटबाट सञ्चालन हुने कार्यक्रमहरूको कार्य सञ्चालन र कार्यविधि समयमा नआउनु
- सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण क्रमश : घट्दै जानु
- सबै विद्यालयहरूमा पूर्ण शिक्षक दरबन्दी, पर्याप्त भौतिक सुबिधा र उचित प्रबिधिको अभाव
- दरबन्दी तेरिजअनुसार माग गरेबमोजिमको कर्मचारी पदपूर्ति हुन नसक्दा कार्य सम्पादनमा बाधा भएको
- बजेट निर्माणका लागि समयमा बजेट सिलिङ प्राप्त हुन नसक्नु
- कमजोर इन्टरनेटको कारण कार्य सम्पादनमा समस्या भएको विशेष समस्या व्यक्तिगत घटना दर्ता समयमै हुन नसक्ने
- बिकट भौगोलिक अवस्थितिका कारण सेवा प्रवाह तथा योजना सञ्चालनमा समस्या भएको
- नागरीकलाई न्यायिक समितिबाट बिवाद निरूपण हुनेमा विश्वास नहुनु
- बालबिवाहमा कमि नआउदा निकट भविष्यमा लैंगिक हिंसा तथा घरेलु हिंसाहरू बढने सम्भावना भएको
- बजारको कमिको कारण सिप विकास तालिम केवल तालिममा मात्र सिमित भएको
- करको दायरा वृद्धिको लागि कार्यदल गठन गरी क्षेत्रहरूको खोजी गर्ने कार्य गर्न नसक्नु
- राजश्व वृद्धिको क्षेत्रमा कुनै लगानी नहुनु
- असल करदातालाई पुरस्कार र कर नतिर्नेलाई कारवाहीको नीति नभएको
- विद्यालयमा भर्ना गर्दा जन्मदर्ता बिना भर्ना गरीने गरेको हुँदा शैक्षिक प्रमाण पत्र र जन्मदर्तामा नाम जन्म मिति फरक भई धेरै सच्याउनमा झन्झट हुने गरेको
- सबै वडाहरूमा तालिम प्राप्त प्राबिधिकको अभावका कारण गाउँपालिकाको सबै वडामा कृत्रिम गर्भधान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्नु
- पशुपक्षिसँग सम्बन्धित सबै औंषधीहरू (प्राथमिक तथा सेकेण्डरी) गाउँपालिकाबाट प्राप्त हुन्छ भन्ने जनअपेक्षा रहनु
- कृषकहरूबाट अनुदानका कार्यक्रमहरूमा बढी अपेक्षा गर्नु
- आवश्यकता भन्दा अलिक फरक शीर्षकमा सशर्त अनुदान बजेट प्राप्त हुनु
- जग्गा बिवाद लगायतका कारणले गर्दा योजनाहरू समयमै सम्पन्न गर्न कठिनाई हुनु
- आयोजना कार्यान्वयनमा टोल विकास केन्द्रको सक्रियतामा कमी
- कर्मचारीहरूलाई आवश्यक क्षमता अभिवृद्धिसम्बन्धी तालिमहरूको पर्याप्त व्यवस्था हुन नसकेको
- संङ्गठनमा आवश्यक मापदण्ड, कार्यबिधि तथा निर्देशिकाहरू निर्माण तथा कार्यान्वयन पक्षको अभाव रहेको

## २.१३.सामाजिक जिम्मेवारीको क्षेत्रमा याङवरक गाउँपालिकाले समस्या समाधान गर्नका लागि गरेका प्रयासहरू

- सशर्त अनुदानको बजेटलाई शोधभर्ना गर्ने गरी भुक्तानी गर्ने गरीएको
- शिक्षालाई समुदायप्रति आकर्षित बनाउन भौतिक तथा शैक्षिक विकासको लगनीमा वृद्धि गर्दै गएको
- विद्यार्थी संख्याको आधारमा विद्यालयका शिक्षकहरूको दरबन्दी मिलान कार्यक्रम गरीएको
- गाउँपालिकाबाट सञ्चालन गर्नुपर्ने योजनाहरूको बजेट समयमै निकासा गरी कार्यान्वयनमा तिव्रता दिइएको
- दरबन्दीअनुसारको कर्मचारी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गरीएको र अपुग प्राबिधिक कर्मचाहरीहरू करारमा नियुक्ति गरी कार्य सञ्चालन गरीएको
- निजी मोबाइलमा डाटा खरिद गरी कार्य सम्पादन गर्ने गरीएको
- पशु सेवा तालिम केन्द्रसँग प्राबिधिकहरूको क्षमता विकाससँग सम्बन्धित कृतिम गर्भधान कार्यक्रमको लागि समन्वय गरीदै आएको
- अनुदानका कार्यक्रमहरूको लागि भेटेनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्रसँग समन्वय गर्ने गरीएको
- कर्मचारीलाई विभिन्न तालिम (प्रशासनिक क्षमता, सामाजिक सुरक्षा, पञ्जिकरण आदि) प्रदान गरीएको
- पूर्वाधार निर्माण गर्न आवश्यक जमिनका लागि सहजीकरणका प्रयासहरू गरीएको
- योजनाहरू गुणस्तर, सेवा प्रवाहमा सन्तुष्टि, शिक्षाको गुणस्तर कायम गर्न नियमित अनुगमन तथा सुपरिपवक्षण गर्ने कार्य प्रभावकारी रूपमा गरीएको
- टोल विकास केन्द्रलाई सक्रियताको लागि बारम्बार खबरदारी तथा आवश्यक समन्वय र अभिमुखीकरण गरीएको
- जन जवाफदेहिता प्रवर्द्धनका लागि वर्षको २ पटक सार्वजनिक सुनुवाइ, जेण्डर अडिट,नागरीक वडा पत्र, सूचना पाटी र सुझाव पेटिकाहरूको सर्वसुलभ स्थानमा टाँस गरी जनसमुदायसम्म सेवाको मापन गर्न सफल भएको
- गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न पहल गरीरहेको साथै पूर्ण खोप गाउँपालिका बनाउन सफल भएको
- १८ वर्ष माथिका युवाहरूलाई कोभिडको पूर्ण खोप प्रदान गरीएको

## २.१४.सामाजिक जिम्मेवारीको क्षेत्रमा याङवरक गाउँपालिकाको सुधारका लागि सुझाव

- गाउँपालिकाको कार्यालय र वडा कार्यालयमा मजबुत इन्टरनेटको व्यवस्था गरीनुपर्ने
- सबै विद्यालयहरूमा भर्ना गर्दा अनिवार्य जन्मदर्ताको आधारमा मात्र भर्ना लिने व्यवस्था मिलाउनु पर्ने
- व्यक्तिगत घटना दर्ता समयमै दर्ता गराउनको लागि सचेतना कार्यक्रम सञ्चालन गरीनु पर्ने
- सिपमूलक तालिम पश्चात उचित् बजारको व्यवस्थासहित तालिम लिनेहरूको उद्यमी वा व्यवसायिक बनाउनमा जोड दिनुपर्ने

- अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मानका साथ बाँच्न पाउने अधिकारलाई पूर्ण रूपले कार्यान्वयन गरीनु पर्ने
- राजश्व सुधार योजना बनाई लागु गरीनु पर्ने
- राजश्वसम्बन्धी टोल स्तरमा सचेतना कार्यक्रम सञ्चालन गरीनु पर्ने
- आन्तरिक आम्दानी हुने क्षेत्रमा लगानी वृद्धि गरीनु पर्ने
- असल करदातालाई पुरस्कार र कर नतिर्नेलाई कानुनी कारवाही गर्ने व्यवस्था गरीनु पर्ने
- बार्षिक नवीकरण नगर्ने केन्द्रहरूलाई खारेज गर्ने व्यवस्था गरीनु पर्ने
- वडा तथा गा.पा.बाट प्रदान गरीने सिफारिसहरूलाई राजश्वको बिद्युतीय प्रणालीसँग जोडी राजश्व संकलन गरीनु पर्ने
- गा.पा. क्षेत्र भित्रका बिवादहरूको निरूपण गर्नका लागि थप मिलमिलापकर्ताहरूलाई आधारभूत ४८ घण्टे तालिम र पुराना मेलमिलापकर्ताको लागि पुनरताजगी तालिमको व्यवस्थापन गरीनु पर्ने
- सबै नागरीकलाई न्यायिक समिति मेलमिलाप केन्द्र मेलमिलापकर्ताबाट हुने न्याय निरूपणको बारेमा सचेतना फैलाउनु पर्ने
- गा.पा. भित्रका सबै वडामा रहेको मेलमिलाप केन्द्रहरूलाई कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गरीनु पर्ने
- न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरूको क्षमता विकासको लागि आवश्यकता अनुरूप तालिमको व्यवस्था गरीनु पर्ने
- कृषि क्षेत्रमा कृषकहरूको आकर्षण बढाउनका लागि विभिन्न किसिमका कृषक प्रोत्साहनमूलक कार्यक्रमहरूको तय गरीनु पर्ने
- कृषक समूह तथा कृषि सहकारी केन्द्रमार्फत कार्यक्रम सञ्चालन हुने नीति तथा कार्यक्रमहरू निर्माण गरीनु पर्ने
- सम्भाव्यता अध्ययन तथा प्राथामिकीकरण गरी बजेटको व्यवस्थापन गरीनु पर्ने
- दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक तालिमको प्रबन्ध मिलाउनु पर्ने
- आवश्यक जग्गा प्राप्ति पश्चात् मात्र योजनाहरू कार्यान्वयन गर्नुपर्ने
- दिगो विकासमा योगदान दिने किसिमका योजनाहरू छनौट गरिनु पर्ने
- प्राबिधिक जनशक्तिको सिप विकास गर्न उपयुक्त किसिमको योजनाहरू छनौट गर्नु पर्ने
- असारे विकास अन्त्य गर्न उपयुक्त कदम चाल्नु पर्ने
- योजना अनुगमनलाई प्रभावकारी बनाइनु पर्ने
- प्राबिधिक तथा दक्ष जनशक्तिको सिप अभिवृद्धि गरीनु पर्ने
- योजनाहरूको सम्भाव्यता अध्ययन तथा प्राथामिकिकरण पश्चात मात्र छनौट गर्नुपर्ने
- समयमा बजेट बिनियोजन गरी कार्यान्वयको लागि अख्तिकारी दिनु पर्ने
- कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि समय समयमा तालिमको व्यवस्था तथा क्षमता विकासका योजना तयार गरी उचित बजेटको व्यवस्था गरीनु पर्ने
- खरिद योजना र कार्यान्वयन कार्ययोजना तयार गरी बार्षिक कार्यक्रम कार्यान्वयन गरीनु पर्ने

- कार्यसम्पादन सम्झौता, कार्यबिवरण, कार्यासम्पादन मूल्याङ्कन जस्ता प्रशासनिक औं.जारहरूलाई लागु गरीनु पर्ने

## खण्ड : ३

### ३.१. विषयगत शाखाले सम्पादन गरेका कार्यहरूको लेखाजोखा

#### ३.१.१ याङवरक गाउँपालिकाको स्वास्थ्य केन्द्र क्षेत्रले सम्पादन गरेका कार्यहरू

यस गाउँपालिकामा ६ वटा वडामा रहेको स्थास्थ्य चौकी, आधारमुत स्वास्थ्य केन्द्र र स्वास्थ्य एकाइ, बिभिन्न गाउँघर क्लिनिक, तथा खोपकेन्द्रद्वारा स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याइरहेका छन् । गाउँपालिकाले निर्माण गरेको गाउँपालिकाको आवधिक योजनामा उल्लेख भए अनुसार गाउँपालिकाद्वारा सञ्चालित स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मात मृत्युदर (प्रतिहजार जीबित जन्ममा) क्रमशः २.३५ र ० मा झरेको छ । साथै पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीबित जन्ममा) ०.४९ तथा मातृ मृत्युदर (प्रतिलाख जीबित जन्ममा) २४.४ मा झरेको छ । यसैगरी परिवार नियोजनको साधत प्रयोग दर २५ प्रतिशत रहेको छ भने कुल प्रजनन् दर (१५–४९ ) वर्ष उमेर समूहका प्रतिमहिलाले जन्म दिएका बच्चाको औंसत संख्या १०.४९ रहेको छ । तौल नपुगेका बच्चाको प्रतिशत घटेर १.० पुगेको छ । क्षयरोगको सफल उपचार १०० प्रतिशत र आयोडिनयुक्त नुन उपयोग गर्ने घरधुरी ७५ प्रतिशत पुगेको छ । स्वास्थ्य सम्बन्धि उपरोक्त संबैधानिक ब्यवस्था एवम् दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोचको साथ स्वास्थ्य प्रवर्द्धन गर्न आवश्यक भएको छ ।

**क. दुरदृष्टि**

स्वास्थ्य व्यक्ति, स्वस्थ घर, स्वस्थ परिवार, स्वस्थ समाज, स्वस्थ्य याङवरक बनाउन हामी सबैको एउटै आवज ।

**ख. लक्ष्य**

सबै वर्ग, क्षेत्र र समुदायका नागरीकहरूको आधारभूततथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच र उपयोग बढाउने ।

**ग. उद्देश्य**

- सबै वर्ग, क्षेत्र र समुदायका नागरीकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गराउनु
- स्वस्थ्य जनशक्ति तयार गर्नु, रोग प्रतिरोधात्मक क्षमता बढाउनु तथा गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रीमा पहुँच बढाउनु
- स्वस्थ्य बीमा कार्यक्रमको सुरूआत गरी सम्पूर्ण जनतालाई यसको दायरामा ल्याउने ।

**घ.कार्यनीति**

- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरीकले प्राप्त गर्नसक्ने ब्यवस्था मिलाइने छ ।
- आवश्यक दक्ष स्वास्थ्य जनशक्ति, योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गरीने छ ।
- आवश्यक औं.षधी, उपकरण, प्रबिधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरीने छ ।

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पु्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमश सम्पुर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिने छ ।
- स्वास्थ्य तथा पोषणबारे ब्यापक जनचेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरीने छ ।
- सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रबर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरूको सञ्चालन गरीने छ ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रबिधिको अधिकतम प्रयोग गरीने छ ।
- स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशशासनमा जोड दिइनेछ ।
- गुणस्तरीय एवम् स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्युनीकरण गरीनेछ ।
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बिद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरीनेछ ।
- तयारी खाद्य वस्तुको बारेमा बढाइचढाइ विज्ञापन गर्ने कार्यलाई निरूत्साहित गरीनेछ ।
- “सुनौला हजार दिन” सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिइनेछ ।
- प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गरीनेछ ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरीनेछ ।
- अपाङ्गता रोकथाम र हेरचाहका लागि उत्प्रेरणा कार्यक्रममा निरन्तरता दिइने छ ।
- कुष्ठरोग रोकथाम कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- निजी तथा गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्य सम्बन्धी ब्यावसायिक संघ सस्थाहरूबिच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।
- भौगोलिक अवस्थिति र जनसंख्याको आधारमा प्रचलित भवन संहिताअनुसार स्वास्थ्य केन्द्रहरू निर्माण गरीनुका साथै ती संरचनाहरूलाई प्रयोगकर्ता मैत्री तथा भूकम्प प्रतिरोधी बनाउन जोड दिइने छ ।
- आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयन गरीने छ ।

## ३.१.२.. गत आ.व.मा स्वास्थ्य क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू

### क. सुरक्षित मातृत्व कार्यक्रम

| क.सं. | सूचक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | पहिलो पटक गर्भवती जाँच गरेको संख्या (प्रोटोकल अनुसार) | ३३० | २०२ |
| २. | चौथो पटक गर्भवती जाँच गरेको संख्या (प्रोटोकल अनुसार) | ३३० | १३७ |
| ३. | स्वास्थ्य केन्द्रमा सुत्केरी भएको संख्या | ३३० | १२२ |
| ४. | गर्भवति उत्प्रेरणा तथा यातायात खर्च वितरण गरेको सुत्केरी | १२२ | १२२ |

| | | | |
|---|---|---|---|
| ५. | ध्यु, अण्डा, आयोडिन नुन र नमुना आहार वितरण गरेको संख्या | १२२ | १२२ |
| ६. | PNC Home Visit प्रोटोकल अनुसार ३ पटक | १२२ | १२२ |

**ख.खोप कार्यक्रम**

| क.सं. | सूचक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | बि.सि.जि.खोप लगाएका बच्चाको संख्या | ३३५ | २४० |
| २. | डि.पि.टि.खोप लगाएका बच्चाको संख्या | ३२५ | २६३ |
| ३. | पूर्ण खोप पाएका बच्चाको संख्या | ३२९ | २९९ |

**ग.पोषण कार्यक्रम**

| क.सं. | सूचक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | ० देखि ११ महिनासम्मका बच्चाको वृद्धि अनुगमन गरीएका संख्या (नयाँ) | ३२५ | ३२५ |
| २. | ० देखि २३ महिनासम्मका बच्चाको वृद्धि अनुगमन गरीएको संख्या | ६५४ | ६५४ |
| ३. | औसत वृद्धि अनुगमन | २४ | ५४ |

**घ.बालरोग व्यवस्थापन**

| क.सं. | सूचक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | डाइरिया नयाँ बिरामी दर (प्रति हजारमा) | | १८० |
| २. | ए.आर.आई नयाँ बिरामी दर (प्रति हजारमा) | | १३८५ |

**ङ.परिवार नियोजन कार्यक्रम**

| क.सं. | सूचक | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | जम्मा परिवार नियोजनका साधन प्रयोगकर्ता (अस्थायी र स्थायी) | ३७२८ | १४१७ |
| २. | Contraceptive pravalance rate | ३७२८ | ३८ |

**च.क्षयरोग कार्यक्रम**

| क.सं. | सूचक | संख्या | कैफियत |
|---|---|---|---|
| १. | सक्रिय बिरामी संख्या | ४ | च्याङथापु - १, थर्पु - १ |

**छ.उपचारात्मक सेवा**

| क.सं. | सूचक | प्रगति |
|---|---|---|
| १. | ओ.पि.डि. नयाँ बिरामीको संख्या | १३२४० |
| २. | ओ.पि.डि. नयाँ बिरामीको प्रतिशत कुल जनसंख्यामा | ७२ |
| ३. | ओ.पि.डि. नयाँ बिरामीको संख्यामा महिला प्रतिशत | ५१ |

## ज.कोभिड १९ रोग व्यवस्थापन

- याङवरक गाउँपालिका भित्र आ.व. २०७८/मा कोभिड-१९ भाइरसबाट जम्मा सक्रिय संक्रमित ६०० को हाराहारीमा रहेका सबै होम आइसोलेसनमा बसेका बिरामीको घरैमा गई स्वास्थ्यकर्मीद्वारा उपचार,शंकास्पद बिरामीको द्रुतगतिमा स्क्रीनिङ गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण गर्न सफल भएको ।
- कर्मचारीको मनोवल उच्च राख्न कोभिड-१९ रोकथाम तथा नियन्त्रणअन्तर्गत होम आइसोलेसनमा खटिएका स्वास्थ्यकर्मीलाई दैनिक रू.१०००। प्रदान गरीएको ।
- नेपाल सरकार, स्वास्थ्य कार्यालय पाँचथरको निर्देशनमा कोभिड-१९ रोग बिरूद्धको खोप अभियान बिभिन्न चरणमा सञ्चालन गरी उक्त अभियानमा खोप लगाउन छुट भएका नागरीकलाई रणनीतिक खोज र खोप कार्यक्रमअन्तर्गत थप पटक खोप अभियान सञ्चालन गरी याङवरक गाउँपालिकालाई पाँचथर जिल्लाको पहिलो (१८ वर्ष माथिका नागरीक) कोभिड-१९ बिरूद्धको पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न सफल भएको ।

## ३.१.३.स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको क्षेत्र सूचक सहितको कामको बिवरण

| सामाजिक जिम्मेवारीको क्षेत्र | प्रयासहरू | कैफियत |
|---|---|---|
| स्वास्थ्य चौकी एकघण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | ७५ % पहुँच घरधुरीलाई बढाएर १०० % मा पुर्‍याउनका लागि स्वास्थ्य स्वयम् सेविकाहरूले समस्या परेको समयमा तत्काल फोनमार्फत स्वास्थ्य प्रमुखसँग सम्पर्क गराइदिने वा आफैले बुझेर समस्याको समाधान गरीदिने, गाउँघर क्लिनिक, खोप केन्द्रहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने गरेको साथै बर्थिङग सेन्टर र स्वास्थ्य केन्द्रहरूलाई व्यवस्थित बनाइ सबै सेवा उपलब्ध गराउने गरेको । | पूर्ण खोप गाउँपालिका घोषित, कोभिडको खोप सुनिश्चित गा.पा.१८ वर्ष माथि पहिलो र दोस्रो खोप प्राप्त , १२२ जना प्रसुतिगृहमा प्रसुति गराउन सफल, महिला स्वयमसेविकाका लागि मासिक रु१५००। तथा पोषाक भत्ता प्रदान गर्ने व्यवस्था भएको । |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा) | गाउँघर क्लिनिक, खोपकेन्द्र तथा स्वास्थ्य केन्द्रहरूबाट बिभिन्न समयमा खोप कार्यक्रमको तालिका अनुसार खोप लगाउने कार्यक्रम सञ्चालन लगाउने गरेको, छुटेकाहरूलाई नजिकको स्वास्थ्य केन्द्र वा खोपकेन्द्रहरूमा खोप लगाउन स्वयमसेवीकाहरूद्वारा बिभिन्न संचारको | स्वास्थ्य स्वयम सेबिकाद्धारा सूचना प्रवाह गरी सम्पुर्ण वडाहरूका बालबालिकाहरूलाई खोप अभियानहरूमा समेटिएको, र पुर्ण खोप गाउँपालिका घोषणा भईसकेको । |

| | | |
|---|---|---|
| | माध्यम फोन,मोबाइल,फेसबुक र मेसेन्जर ग्रुपहरूबाटसूचना सम्प्रेषणलाइ प्रभावकारी रूपमा गर्ने गरेकोजानकारी प्रदान गर्ने गरेको । | |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनीका बालबालिकाको आधारमा) | २८० जना बालबालिकाले खोप लगाएको अभिलेख पाइएको अन्य छुटेका बालबालिकाले पनि उनीहरू रहेको सम्बन्धित स्वास्थ्य केन्द्रबाट खोप पाएको जानकारी फोनबाट प्राप्त गरेको यसलाई अझ प्रभावकारी बनाउन स्वास्थ्य स्वयमसेविकाहरूले सूचना प्रवाहलाई जनस्तरसम्म पुर्‍याउने गरेको । | १०० % खोप प्राप्त भएको र पूर्ण खोप प्राप्त गाउँपालिका बन्न सफल भएको । |
| ४ पटक गर्भवती जाँच गरीएका महिलाको संख्या (प्रतिशतमा) | परम्परागत सोच बदल्नलाई समुदाय सचेतना तथा सेवा सुबिधालाई जनस्तरसम्म पुर्‍याउनका लागि स्वयम् सेविकाहरूले कार्य गरीरहेको | जहाँ गएर भए पनि पूर्ण रूपमा ४ पटक गर्भवती जाँच गराउन बारम्बार प्रोत्साहन गर्ने गरेको, केही मात्रामा सचेत भै जचाउन आउने गरेको । |
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति गरीएका महिलाको संख्या | प्रसुति केन्द्रबाट दक्ष महिलाबाट प्रसुति गर्ने महिला ९९% नै भएको स्थानीय स्तरमा प्रसुति गराउन नसकिएको खण्डमा जिल्ला अस्पतालमा सिफारिस गर्ने गरेको । | परम्परागत रूपमा गरीने प्रसुतिलाई निरूत्साहित गर्न जनचेतना जगाउने कार्य स्वयम् सेविकाहरूबाट भएको र जहाँ गराए पनि दक्ष प्रसुतिकर्मीबाट सुत्केरी गराउनका लागि प्रेरित गर्ने गरेको, दक्ष प्रसुतिकर्मीबाट नै सुत्केरी गराउने गरेको, |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | यो समस्या समाधानका लागि पानी सरसफाई र समुदायलाई सचेतना स्वयम् सेविका मार्फत गर्ने गरेको र कोभिडको नियन्त्रणका लागि कोभिडको भ्याक्सिनको उपलब्ध गराएको | जनचेतना अभिवृद्धिको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेको,समुदायले सरसफाईमा ध्यान दिई यो समस्यामा कमि आएको, कोभिडको भ्याक्सिनको व्यवस्थापन गरेको |
| सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | प्रत्येक घरधुरीमा कुनै न कुनै बेला स्वास्थ्य सेवाको सुबिधा प्राप्त गर्नका लागि स्वास्थ्य केन्द्रमा पुग्ने गरेको साथै सर्वसुलभताको लागि गाँउघर क्लिनिकहरू, खोप केन्द्रहरू तोकेर सहज सेवा प्रदान गर्ने गरेको | सबै घरधुरीलाई स्वास्थ्यको कुनै न कुनै सेवा उपलब्धता गराएको साथमा स्वास्थ्यको पहुँच बढाउन गाँउघर क्लिनिकहरू तथा खोप केन्द्रहरूलाई प्रभावकारी सञ्चालनका लागि भौतिक पूर्वाधारको विकास पनि गरेको |

### ३.१.४.याङवरक गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

- स्वास्थ्यकर्मीहरूका लागि पुनरतार्जगि तालिमको ब्यवस्था नभएको
- स्वास्थ्य शाखाको प्रशासन फाँटमा कार्यरत कर्मचारीहरूले तालिम नपाउँदा सूचनाहरू प्रवाह गर्नमा कठिनाई भएको किन कि हरेक आवश्यक सूचनाहरू फाँटबाट दिनु पर्ने हुन्छ
- कम पढेका र बढी उमेर भएका स्वास्थ्य स्वयमसेविकाहरूसँग चुस्त दुरूस्त काम गर्नका लागि समस्या भएको ।
- Inter Net को सुबिधा प्रभावकारी नहुँदा समयमा सूचना प्रवाह हुन गाह्ते हुने
- स्वास्थ्य केन्द्रहरूमा एउटै शौचालयमा सबैले जानु पर्ने हुँदा महिलाहरूलाई गाह्ते हुने गरेको
- अपाङ्गतामैत्री भवन तथा शौचालय नहुदा ती ब्यक्तिहरूलाई समस्या हुने गरेको
- स्थानीय योजनाहरूमा समुदाय स्तरबाट स्वास्थ्यको योजनाहरू आउन नसक्नु
- विकासको क्षेत्रमा स्वास्थ्यलाई दोस्रो दर्जामा राखिनु
- स्वास्थ्य शाखाको कार्य सञ्चालन गर्ने कोठा सानो भएको कारण सेवा प्रवाहमा समस्या, सामाग्रीहरूको ब्यवस्थापनमा समस्या
- बालबिवाहलाइ निरूत्साहित गर्न नसक्दा उमेर नपुगी बालिकाहरू आमा बन्ने
- अझै पनि झिनो मात्रामा भए पनि घरमै सुत्केरी गराउने चलन रहेको, पढेलेखेका र जान्ने परिवारका महिलाहरूले नै घरमै सुत्केरी हुने गरेको
- स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा सवैका लागि पहुँचयुक्त संरचना अभाव,
- स्वास्थ्यकर्मीहरूलाई तालिम, स्वास्थ्य उपकरणहरू तथा जनचेतनामूलक कार्यक्रमको तीव्र आवश्यकता रहेको छ

### ३.१.५. याङवरक गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा भावी समयमा योजना तथा आयोजना सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू

- न्यूनतम मापदण्ड प्रणालीमा Indicator मा न्युन भएको मापदण्डमा Indicator बढाउनका लागि पर्याप्त बजेटको ब्यवस्थापन गरीनु पर्ने
- पानी, बत्ती, इन्टरनेट प्रत्येक स्वास्थ्य केन्द्रमा ब्यवस्थापन गरीनु पर्ने
- स्वास्थ्य केन्द्रहरूमा Wash Corner बनाउनु पर्ने, सबैले प्रयोग गर्ने धारामा नै रगत लागेको हात खुट्टा, कपडा धुदा Infection, रोग सर्ने हुने डर हुने डर
- खोपकेन्द्र ब्यवस्थापन र नभएका स्थानमा नयाँ बनाइनु पर्ने
- स्वास्थ्य शाखाका कर्मचारीहरूलाई पनि क्षमता विकास तथा विषयगत तालिममा सरिक गराइनु पर्ने
- औं.जार, उपकरणहरूको ब्यवस्थापन गर्नुपर्ने
- स्वास्थ्य शाखाको कार्य सञ्चालन कक्षलाई ब्यवस्थित गर्न ठुलो ठाउँ भएको कोठाको ब्यवस्था गरीनु पर्ने
- नयाँ बनिने भौतिक संरचनाहरू निर्माण हुँदा अपाङ्गता तथा बालमैत्री भवन तथा शौचालयको निर्माण गरीनु पर्ने

- हालको स्वास्थ्य स्वयम्सेविकाहरूलाई मापदण्ड निर्माण गरी प्रोत्साहन पुरस्कारका साथ पदबाट अवकास दिई एस.इ.इ. गरेका महिला स्वयमसेविकाहरूको नियुक्ति गरीनु पर्ने
- योजना तर्जुमा हुँदा स्थास्थ्यलाई पहिलो प्राथमिकतामा राखिनु पर्ने
- समुदाय स्तरमा स्वास्थ्यको महत्वको बारेमा जागरणको कार्यक्रमहरू गरीनु पर्ने

## ३.२.याङवरक गाउँपालिकाको शिक्षा क्षेत्रले सम्पादन गरेको कार्यहरू

यस गाउँपालिकाको सबै तह र विधाका शैक्षिक पूर्वाधारहरूको विस्तार भएको, महिला, दलित, जनजाति र अपाङ्गताभएका एवम् सिमान्तकृत समुदायका बालबालिका र विद्यार्थीहरूको सबै तहमा भर्ना दरमा उल्लेखनीयरूपमा वृद्धि भएको, साधारण शिक्षाका अतिरिक्त माध्यमिक र उच्च शिक्षासम्म प्राविधिक तथा व्यावसायिक धारलाई विस्तारगर्न मार्ग प्रशस्त भएको छ। यस्तै समुदायमा शिक्षाप्रतिको आकर्षण बढेको, स्वास्थ्य तथा सरसफाइ,वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको, शैक्षिक सूचना प्रणाली र शैक्षिकसुशासनका लागि आधारशिला तयार भएको साथै डिजिटल डिभाइसलाई बिस्तार गर्दै लैजाने क्रममाशिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भएको आदि कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जना भएको छ।

### क.दूरदृष्टि

सक्षम शिक्षक, प्रविधियुक्त गुणस्तरीय र उत्पादनशील जनशक्ति,मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण याङवरक  वासीको अभिव्यक्ति

### ख.लक्ष्य

- सबैलाई जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै जीवनपर्यन्त सिकाइ उन्मुख तथा
- नवप्रवर्तनशील शैक्षिक प्रणाली विकास गर्ने।
- .समयको आवश्यकताअनुरूप गुणस्तरीय, व्यावसायिक र सिपयुक्त शिक्षा प्रदान गर्ने।
- रोजगारी एवम् स्वरोजगारीका लागि सिपमूलक शिक्षाको विस्तार गर्ने।

### ग.उद्धेश्य

- वैकल्पिक उपायहरूको अवलम्बनबाट सबै तह एवम् प्रकारको शिक्षा र सिपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नु।
- सबै तहको शिक्षालाई गुणस्तरीय, जीवन उपयोगी, सिपमूलक, रोजगारमुखी एवं समसामयिक बनाउने।
- शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने।
- समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता, जवाफदेहिता र सुशासनलाई केन्द्रगत गर्ने।

### घ.कार्यनीति

- प्रारम्भिक बालविकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने।
- जीवनपर्यन्त शिक्षा, अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षापद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- आर्थिक रूपले विपन्न, लोपोन्मुख र सिमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- उच्च शिक्षालाई सबैको पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
- शिक्षक पुनर्मिलनका साथै विद्यार्थी र शिक्षक सङ्ख्यामा समायोजन गरीने ।
- मातृभाषाका पाठ्यसामग्री तथा शिक्षकहरूको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अवसरहरूमा विस्तार गरीने ।
- निजी क्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय निकाय र विकासका साझेदारहरूसँगको सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरू विस्तार गरीने ।
- साक्षरता र साक्षरोत्तर कार्यक्रममार्फत् कम्तीमा ६० वर्षमुनिका सबैलाई साक्षर बनाइने ।
- विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरी भर्ना दर, विद्यार्थी उत्तीर्ण दरमा वृद्धि तथा कक्षा दोहोर्‍याउने दर र स्कुल छाड्ने दरलाई कम गरीने ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइने ।
- विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सिप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।
- शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार को व्यवस्था गरीनेछ ।
- नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने गरी बनाइनेछ ।

## ३.२.१.गत आ.व.मा शिक्षा क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू

क. नमुना विद्यालयको गुरूयोजना स्वीकृत भई कार्यारम्भ भएको । (श्री थर्पू मा.बि)
ख. प्राबिधिक धारअन्तर्गत बाली विज्ञानको शिक्षण कार्य सुरूवात । (श्री थर्पू मा.बि)
ग. पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन ।
घ. दुई कोठे १ र चार कोठे १ वटा विद्यालय कक्षाकोठा भवन निर्माण ।
ङ. श्री बिष्णु मा.बि. च्याङ्थापुमा सञ्चालित आवसीय छात्रावास सञ्चालनको निरन्तरता ।
च. प्रबिधिमैत्री विद्यालय निर्माण गर्ने कार्यको निरन्तरता ।
छ. शिक्षकहरूको दरबन्दी मिलान कार्यक्रम सम्पन्न भएको ।
ज. शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइएको ।
झ. सेवा निवृत्त तथा ३० वर्ष भन्दा माथि सेवा गरीरहेका शिक्षकहरूलाई सम्मान कार्यक्रम सम्पन्न ।

## ३.२.२.याङवरक गाउँपालिकाको शिक्षा क्षेत्रमा सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको क्षेत्र

**सूचकसहितको कामको बिवरण**

| सामाजिक जिम्मेवारीको क्षेत्र | प्रयासहरू | कैफियत |
|---|---|---|
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | समुदायका प्रारम्भिक बाल विकास कक्षाबाट नै सरकारी विद्यालयमा बालबालिकालाई भर्ना गर्न र गुणस्तरीय पठनपाठनका लागि | विद्यालय भर्नादरमा ह्रास नआएको । |

| | | |
|---|---|---|
| | शिक्षकहरूलाई प्रोत्साहन तथा अभिभावक जागरणका क्रियाकलाप सञ्चालनलाई निरन्तरता दिइरहेको । | |
| समावेशी शिक्षा | शिक्षालाई सर्वसुलभ बनाउन गाउँपालिकाले बालमैत्री, अपाङ्गतामैत्री  शिक्षाको लागि कार्यबिधि निर्माण गर्ने कार्यलाई प्रक्रियागत रूपमा अघि बढाइसकेको । गरीब तथा असहाय बालबालिकाको शिक्षाको लागि गाउँपालिकाको आफ्नो लगानीमा ५ कक्षासम्म च्याङ्थापूमा आवासीय विद्यालय सञ्चालन  गरीरहेको, दलित तथा पिछडिएका बालबालिकाको लागि राज्यद्वारा प्रदान गरीएको सेवासुबिधा प्रभावकारी रूपमा प्रदान गर्ने गरेको । | बाल विकास केन्द्र तथा निजी बोर्डिङ्ग सुचारू रूपले सञ्चालनमा रहको साथै विद्यालय तथा समुदायले बालमैत्री विद्यालयको आवश्यकताको महसुस गरेर योजनामा बालमैत्रि विद्यालयको अवधारणा संलग्न गराउन सुरूआत गरेको, नयाँ बनिने विद्यालयहरूको संरचना बालमैत्री अनुरूप बनाउन थालनी भएको  । |
| पहुँच अभिवृद्धि | शिक्षालाई सर्बसुलभ बनाउन अभिभावक जागरणका कार्यक्रमहरू अभिभावकहरूको संलग्नतामा सञ्चालन गरीने गरेको, शिक्षण शैलीलाई बालबालिकालाई आकर्षित गर्ने तरिकाले गरीने गरेको, सरसफाई, पोषाकलाई चुस्त बनाएको, शिक्षकहरूलाई जिम्मेवारी बोध गराउन बिभिन्न गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमहरूको उपलब्ध गराएको । | १०० % बालबालिकाको पहुँचमा शिक्षा भएको (सरकारी तथा निजी विद्यालयमा) |
| समाबेशीकरण | सबै लिङ्ग,वर्ग र क्षेत्रका बालबालिका समान रूपमा विद्यालयमा आउने गरेको , विद्यालयलाई अपाङ्गमैत्री तथा छात्रामैत्री बनाउनका लागि विद्यालयहरूले सुरूआत गरेको, गाउँपालिकाले विद्यालयहरूलाई अपाङ्गतामैत्री र बालमैत्रि गाउँपालिका बनाउनका लागि कार्यबिधि बनाउन प्रक्रियागत रूपमा कामलाई अघि बढाइसकेको । | भानु आ.बि. वडा नं.५ को विद्यालयको भवनमा चर्पी तथा धारा बालमैत्री विद्यालयको अवधारणाअनुसार बनिरहेको । |

| | | |
|---|---|---|
| गुणस्तरीय सुधार | अनुभवी शिक्षकहरूको अनुभवलाई साटासाट गर्ने र नयाँ शिक्षकहरूको ज्ञान र सिपलाई बाँड्ने वातावरणको निर्माण गर्नमा जोड तथा बिभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूको तर्जुमा गरेर शिक्षकहरूलाई क्षमतावान बनाएको साथमा शिक्षकहरूमा जिम्मेवारी बोध गराउन उत्कृष्ट शिक्षकहरूलाई पुरस्कार बितरण जस्ता क्रियाकलापहरू सञ्चालन गर्ने गरेको । | शतप्रतिशत भर्ना एवम् विद्यालय नछोड्नेका संख्यामा बढोत्तरी आएको । |

**३.२.३. याङवरक गाउँपालिकाले शिक्षा क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- भौगोलिक बिकटता तथा बसाँइसराईको कारण भर्नादरमा विद्यार्थी संख्यामा न्युनता देखिएको
- सरकारी विद्यालय भर्नाका लागि धेरै कसरत गर्नु पर्ने
- पातलो बस्ती भएको कारण विद्यालय मर्ज गर्नु पर्ने बाध्यता भएको
- विद्यालयको मर्ज गर्दा दुरीको हिसाबले गाह्रे भएको
- साना कक्षामा बिद्यार्थी संख्या कम बरू मा.वि. लगायत ठुलो कक्षाहरूमा बिद्यार्थी संख्या बढि हुने गरेको
- ४ वटा विद्यालयमा भवनको अभाव
- यस गाउँपालिकाका विद्यालयहरूमा सवैका लागि पहुँचयुक्त संरचना अभाव, शौचालय र खानेपानी अभाव,
- शिक्षक दरवन्दीको कमी, शिक्षक तालिम एवं भौतिक संरचनाहरूमा कमि
- अपाङ्गता तथा बालमैत्री भवन तथा सौचालयहरू नहुनु
- कक्षा १ देखि ३ र १ देखि ५ का विद्यालयहरूमा छात्रा, छात्र को छुट्टाछुट्टै चर्पीको ब्यवस्था नहुनु
- बालबिवाहमा वृद्धि हुनु
- शिक्षा सुधारका लागि मुख्या समस्याहरू

**३.२.४. याङवरक गाउँपालिकाले शिक्षा क्षेत्रमा भावी समयमा योजना तथा आयोजना सञ्चालनको लागि चाल्नु पर्ने कदमहरू र सुझावहरू**

- योजना तर्जुमाको स्तरबाट नै ICF कार्यक्रमलाई सहयोग गर्ने योजना बनिनु पर्ने
- वडाले दिने टुक्रे बजेटलाई एकमुष्ठ योजनाहरूमा लगाउने र त्यसमा शिक्षालाई पनि प्राथमिकतामा राखिनु पर्ने
- बालविकास सहजकर्ता, विद्यालय कर्मचारी (लेखा सहायक, का.स.) हरूलाई शिक्षा शाखाले नै पारिश्रमिक बेहोर्ने जिम्मा दिएको र बजेट बिनियोजन गर्दा शिक्षा शाखालाई बढि बजेट बिनियोजन गरेको देखिने तर वास्तवमा उक्त कर्मचारीहरूलाई तलब दिदै उक्त बजेट सकिने गरेको त्यसैले उक्त कार्यक्रम बाहेकको बजेट यस शाखालाई दिइनु पर्ने

- Internet सुबिधालाई चुस्त दुरूस्त बनाउनु पर्ने
- बाल बिवाहलाई रोक्न बनेको कानुनलाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने र जनजागरणका कार्यक्रमहरू सञ्चालन गरीनु पर्ने
- बनिने भवनहरू बालमैत्री बनिनु पर्ने साथै विद्यालयलाई बालमैत्री बनाइनु पर्ने
- छात्राहरूले महिनावारी भएको बेलामा प्रयोग गरेको सेनेटरी प्याडलाई व्यवस्थापन गर्ने स्थानको निर्माण उनीहरूका लागि बेग्लै शौचालयको ब्यवस्था गरिनु पर्ने

## ३.३. गत आ.व. मा कृषि क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू

यस गाउँपालिकाको कुल ग्रार्हस्थ उत्पादनको ६३ प्रतिशत योगदान कृषि क्षेत्रको रहेकोमा ८४.७ प्रतिशत जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि कृषि तथा पशुपालनमा निर्भर रहेको छ । यस गाउँपालिकाको कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । स्थानीय कृषि उत्पादनलाई प्रोत्साहित गर्न गाउँपालिकाले विभिन्न योजनाअनुसार योजनाबद्ध क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ

**क.सोच**

याङवरकको आकर्षण, कृषिमा आधारित पर्यटन

**ख.लक्ष्य**

कृषि ब्यवसायलाई आधुनिकीकरण सहित उत्पादकत्व वृद्धि तथा आयस्रोतको मुख्य आधार बनाउने

**ग. उद्देश्य**

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई आम्दानीमूलक एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी आकर्षक व्यवसायको रूपमा स्थापित गर्नु

**घ. कार्यनीति**

- कृषक केन्द्रित तथा कृषकमैत्री नीति निर्माण तथा परिमार्जन सहित कार्यान्वयनमा जोड दिने
- उत्पादन वृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधालगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइने
- कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधनस्रोत र जैविक प्रविधिको उपयोग गरीने
- खाद्यान्न उत्पादन न्यून हुने तथा खाद्यपोषण असुरक्षित क्षेत्रमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रर्वद्धन तथा उपयोगमा जोड दिई सुरक्षित खानपान र पौष्टिक तत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरीने
- गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरीने ।

## ३.३.१.गत आ.व. मा कृषि क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू

| क्र.सं. | विवरण | लक्ष्य | एकाइ | उपलब्धि |
|---|---|---|---|---|
| १. | अनुदानमा कृषि यन्त्र तथा औजार उपकरण बितरण | १७१ | जना | क. विभिन्न कृषक तथा कृषक समूहहरूलाई १७ थान हाते ट्याक्टर बितरण गरेको<br>ख. ५० जना कृषकहरूलाई थोपा सिचाईसहित प्लाष्टिक टनेल बितरण गरेको<br>ग. ५५ जना कृषकहरूलाई एप्रोत सेट बितरण गरेको<br>घ. ५७ जना कृषकहरूलाई पावर स्प्रे बितरण गरेको |
| २. | तरकारी तथा फलफूल, बिउ - बिजन तथा बेर्ना बितरण | २५०० | जना | ३. चौमासिकमा गरी करिब २५०० कृषकहरूलाई अनुदानमा बिभिन्न जातको तरकारीको बिउ-बिजन, फलफूल, घाँस तथा चियाको बिरूवा बितरण गरेको |
| ३. | कृषक समूह तथा कृषक स्तरिय तालिम सञ्चालन | | | क. ६२ कृषक समूहहरूलाई बिषादी प्रयोग र सावधानी बिषयक तालिम प्रदान गरेको<br>ख.१५० जना कृषकहरूलाई माटो परीक्षणको लागि माटोको नमुना संकलन सम्बन्धि १ दिवसीय तालिम प्रदान गरेको |
| ४. | पकेट विकास कार्यक्रम | ३ | वटा | क. अलैचीको ब्यावसायिक साना उत्पादन केन्द्र पकेट विकास कार्यक्रम याङवरक ३ ओयाममा सञ्चालन गरेको<br>ख. आ.व. २०७७/०७८ मा सञ्चालित २ वटा पकेट विकास कार्यक्रमको निरन्तरता तर्फको कार्यक्रम याङवरक ३ मा अकबरे बाली पकेट विकास र याङवरक ६ मा तरकारी बालीमा पकेट विकास कार्यक्रम सञ्चालन गरी सम्पन्न गरेको |
| ५. | कृषि सम्बन्धी प्रकोप नियन्त्रण | | | मकै बालीमा फैलिएको अमेरिकन फौजी किरा नियन्त्रणको लागि करीब ३५० कृषक परिवारलाई किटनाशक बिषादी बितरण गरेको |
| ६. | कृषक समूह दर्ता | | | आ.व.२०७८/०७९ मा कृीष विकास एकाइमा नयाँ ९ वटा कृषक समूह दर्ता गरेको |
| ७. | बहुक्षेत्रीय पोषण सुरक्षा कार्यक्रम | | | १५० सुनौला हजार दिनका आमाहरूलाई करेसाबारी निर्माण सम्बन्धी तालिम प्रदान र |

| | | | | |
|---|---|---|---|---|
| | | | | बिउ-बिजन बितरण |

**३.३.२. याङवरक गाउँपालिकाले कृषि क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- दरबन्दी अनुसारको कर्मचारीको व्यवस्था नहुनु
- १ जना कर्मचारीले २,३ वटा वडालाई बाँडेर हेर्नु पर्ने समस्या
- कृषिका सामग्रीहरू गाउँपालिकाको कार्यालयबाट नै बाँडिने
- लक्षित वर्गका कृषकले कृषकका लागि बितरण गरीएका सुबिधाबाट बञ्चित हुने
- लक्षित वर्गको अवसरमा पहुँचको कमी
- प्रस्तावना आह्वान गरेर अनुदानको रकम प्रदान गरीने अवसरमा पहुँच नभएका समूहहरूले अवसर पाउन नसक्ने
- वडाबाट धेरै थोरै मात्रामा बिउ बिजन बितरण हुने प्रावधानले गर्दा वडाका सम्पुर्ण कृषकहरूले माग गरे अनुसारको बिउ बिजन पाउन नसकेको
- बिउ, बिजन बितरण गरेर फलाएको उत्पादनलाई बजारसम्म पुऱ्याउन नसक्नु
- बिउ, बिजन बढी मात्रामा माग हुने तर माग अनुसार उपलब्ध गराउन नसक्नु
- उत्पादित वस्तुको स्टोरेजमा समस्या, कोल्ड स्टोर नहुनु
- मकैबालीमा फौजी किरा लागेर बाली नष्ट भएको
- अलैचीमा झुसुलेकिराले पात खाने समस्या
- बिचौलीया ब्यापारीले कृषकको उत्पादनलाई उचित मुल्य नदिनु
- उत्पादित वस्तुलाई बजारीकरण गर्न नसक्नु, उचित बजारको व्यवस्था नहुनु

**३.३.३.भावी समयमा याङवरक गाउँपालिकाले कृषि क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा चाल्नुपर्ने कदमहरू र सुझावहरू :**

- दरबन्दि अनुसारको कर्मचारीको व्यवस्थापनमा गाउँपालिकाले अग्रसरता देखाउनु पर्ने
- लक्षित कृषकहरूसम्म गाउँपालिका तथा वडाको सुबिधा पुग्ने नीति अवलम्वन गरीनु पर्ने
- सूचना संप्रेषणलाई प्रभावकारी बनाइनु पर्ने
- योजना निर्माण गर्दा कृषिलाई प्रमुख क्षेत्र विकासको रूपमा लिनु पर्ने
- कृषकको माग अनुसारको बिउ, बिजन, औजार तथा बिषादीहरूको उपलब्ध गराइनु पर्ने
- बिषादीको प्रयोग न्यून रूपमा रहे पनि यसलाई निष्तेज पार्ने
- बजारको व्यवस्था गरीनु पर्ने, उत्पादित वस्तुको उचित मूल्य पाउने वातावरणको सृजनामा वडा तथा गाउँपालिका लाग्नु पर्ने
- कोल्ड स्टोरको लागि प्रदेश तथा संघीय सरकारसँग माग गर्ने पहलमा गाउँपालिका लाग्नु पर्ने
- स्थानीय उत्पादनलाई प्रवर्द्धन र खपत गर्नका लागि स्थानीय सहमतिमा नीति र प्रभावकारी कार्यान्वयका लागि गाउँपालिकाले पहल गर्नु पर्ने
- बिचौलियाको मारबाट कृषकलाई उन्मुक्ति दिने दिशातर्फ गाउँपालिकाको सोच हुनु पर्ने

- कृषकहरलाई ब्यवसायिक खेतीतर्फ आकर्षित गर्ने र अवसरको सृर्जना गरीदिने

## ३.४. गत आ.व. मा पशुपंक्षि क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू

यस गाउँपालिकामा हाल प्रतिवर्ष दुध १४५५.९६ मेट्रिक टन, मासु २५७.८८ मेट्रिक टन र अन्डा २९१८२६ ओटा उत्पादन भई प्रतिव्यक्ति प्रतिवर्ष दुध, मासु र अन्डाको उपलब्धता क्रमशः ८०.५२ लिटर, १४.२६ किलोग्राम र १६ ओटा रहेको छ । पशुजन्य पदार्थहरूको उपभोगबाट न्यूनतम पौष्टिक तत्वहरूको आपूर्तिका लागि प्रतिव्यक्ति प्रतिवर्ष दुध ९१ लिटर, मासु १४ किलोग्राम र अन्डा ४८ ओटा हुनुपर्नेमा हाल दुध उत्पादन १ प्रतिशतले, र अन्डा उत्पादन ३३ प्रतिशतले न्यून रहेको देखिन्छ । पशुपंछीपालनले पोषणमा मात्र नभै समग्र आर्थिक विकासमा पनि अहम भूमिका निर्वाह गर्दै आएको छ ।

### क. दूरदृष्टि

गुणस्तरीय स्वच्छ र दिगो पशुपंछीजन्य उत्पादन, सुरक्षा सहितको खाद्य सम्प्रभुता कुपोषणको समस्या न्यूनीकरण ।

### ख.लक्ष्य

स्वच्छ एवम् गुणस्तरीय पशुपंछीजन्य उत्पादनका माध्यमबाट याङवरकलाई आर्थिक, खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउने ।

### ग. उद्देश्य

- गाउँपालिकालाई पशुपंछीजन्य उत्पादनमा आत्मनिर्भर बनाइ कुपोषण हटाउनु र खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनु ।
- पशुपंछी पालनलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाइ पशुपंछीजन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।
- याङवरकलाई अन्डा, मासु र दुधमा आत्मनिर्भर बनाउन दुध, मासु र अन्डा विशेष कार्यक्रमहरू सञ्चालनमा ल्याइने ।
- पशुजन्य पदार्थवाट मानव स्वास्थ्यमा पर्नसक्ने नकारात्मक असर न्यूनीकरण गर्न स्वस्थ पशुपंछी उत्पादन गर्नु ।

### घ.कार्यनीतिः

- पशु नस्ल सुधार अभियान, कृत्रिम गर्भाधान अभियान तथा पशु नस्ल उत्पादनलाई प्राथमिकता दिइने ।
- पशुपंछी क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूको सहकार्यमा कृषि विकास रणनीतिको भावना अनुरूप पशुपंछी पालनसम्बन्धी विद्यमान नीतिगत, प्रक्रियागत व्यवस्थालाई सुधार गरीने ।
- याङवरकलाई अन्डा, मासु र दुधमा आत्मनिर्भर बनाउन दुध, मासु र अन्डा विशेष कार्यक्रमहरू सञ्चालनमा ल्याइने ।

- पशुपन्छीको नश्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपंछी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रूपमा अगाडि बढाई एकीकृत रूपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरू सञ्चालन गरीने ।
- गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरीनेछ ।
- स्थानीय पशुपंक्षी संरक्षणका निमित्त सञ्चालन गरीएका प्रयासमा विशेष कार्यक्रमको व्यवस्था गरीनेछ ।
- निजी तथा सहकारी क्षेत्रद्वारा सञ्चालन गर्ने गरी आवश्यकताका आधारमा पशुपंछीका स्रोत केन्द्रको विकास गर्दै लगिनेछ ।
- गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुइँघाँस उत्पादन, बिउ वृद्धि, दाना, औं.षधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरीनेछ । 'एक गाउँ एक घाँसेवाली स्रोत केन्द्र' स्थापना गरीनेछ । यसका लागि वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वनहरूमा घाँसेबाली प्रवर्द्धनका लागि पहल गरीने ।
- पशुपंछीका रोगको रोकथामका लागि पालिकाभित्र एक भ्याक्सिन भण्डारण र वितरणका लागि प्राबिधिकको व्यवस्था गरी पशुस्वास्थ्यको सुरक्षण गरीने ।
- पशुपंछी पालक साना कृषक, भूमिहीन विपन्न किसानलाई पशुपंछी पालन तथा पशुपंछीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरीनेछ । विदेशबाट फर्किएका र बेरोजगार युवा र महिला सहभागितालाई पशुपंछी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरीने । दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न 'बधशाला देखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु' तथा 'गोठ देखि ओठसम्म स्वच्छ र स्वस्थ दुध' कार्यक्रमलाई अभियानकारूपमा सञ्चालन गरीनेछ ।
- मासु, चिज,ऊन, छाला, छुर्पीजस्ता उच्च मूल्यका निर्यातमूलक पशुपंछीजन्य पदार्थ पहिचान गरी त्यस्ता वस्तुको उत्पादनमा आधारित उद्योग प्रवर्द्धन गरीनेछ ।
- यहा पाइने रैथाने घरपालुवा पशुपंछी तथा तिनका जङ्गली जातको आनुवांशिक स्रोत संरक्षण कार्यलाई उच्च प्राथमिकता गरीने
- पशुपंछीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका पुऱ्याइने ।
- गाई, भैंसी, बङ्गुर भेडा बाखा र पन्छीहरूमा हुने हानी कम गरी प्रत्यक्ष आर्थिक लाभका लागि प्रभावकारी क्षतिको राहत र पशुपंछी बिमा सेवा सञ्चालमा गर्ने ।

### ३.४.१. गत आ.व. मा पशुपंक्षी क्षेत्रमा सम्पन्न गरीएका कार्यक्रमहरू :

- सबै वडाबाट प्राबिधिक सेवा सहितको पशुपंक्षी उपचार सेवा (नेपाल सरकारबाट निशुल्क रूपमा बितरणका लागि तोकिएको सबै औं.षधी)
- एकीकृत पशु सेवा घुम्ती शिविर २ वटा क्षेत्रमा सम्पन्न वा (१ र २ वडाको खर्क क्षेत्रमा भएको गोठमा भएका ३७ घरधुरीका १८६ गाई, १८ भैंसी, ३४२ बाखा, ७९ वटा चौरी गाई र अन्य पशु लाभान्वित भएको)
- सशर्त अनुदानबाट प्राप्त छुर्पी प्रवर्द्धन कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा ५ वटा डेरी उद्योगहरूको व्यवसाय बिस्तार तथा प्रवर्द्धन कार्य भएको
- गाउँपालिकाको सबै वडामा दर्ता भएका पशुपालक कृषक समूहहरूलाई १ दिने स्थलगत पशुपालन तालिम सम्पन्न भएको छ यसबाट ६ वटा वडाको ६ वटा समूहमा आवद्ध रहेका १५० जना पशुपालन कृषकहरूको आधारभूत ज्ञान, सिप हासिल भएको
- व्यवसायको दिगोपना तथा थप सुधारका लागि ७५ प्रतिशत अनुदानमा गाईपालन सुधार कार्यक्रम १ र ७५ प्रतिशत अनुदानमा नै बंगुरपालन प्रवर्द्धन कार्यक्रम १ गरी कुल २ वटा व्यवसायको प्रवर्द्धन कार्य सम्पन्न भएको
- शसर्त अनुदानबाट प्राप्त पशु आहारा मिशन कार्यक्रमबाट १ वटा समूहमा घाँस खेतीका लागि बिभिन्न जातका बोट बिरूवा तथा बेर्ना उत्पादन हुदै आएको
- गाउँपालिकाको सबै वडामा कृत्रिम गर्भाधान सेवा सञ्चालनमा रहेको छ । यस कार्यक्रमबाट यस आ.व. मा ६४९ वटा गाई र १२६ वटा भैंसी गरी कुल ७७५ वटा पशुमा नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवा उपलब्ध भएको
- वडा नं. १ को वडा कार्यालयबाट स्वीकृत ५० प्रतिशत अनुदानमा बाखापालन सहयोग कार्यक्रमबाट ८ वटा ब्यक्तिगत बाखापालन फर्मको ब्यवसाय प्रवर्द्धन भएको । यसबाट फर्महरूको गुणस्तर सुधार समेत भएको
- वडा नं. ३ को ५० प्रतिशत अनुदानमा गाई गोठ सुधार कार्यक्रमबाट १ वटा पशुपालन ब्यवसायको गोठ सुधार भएको
- वडा नं. २ को वार्षिक कार्यक्रमबाट ६ वटा पशुपालक कृषकहरूलाई सोलार सेट बितरण भएको
- वडा नं. ४ को बार्षिक स्वीकृत कार्यक्रमबाट १ वटा उन्नत जातको बीउ बोका समूहमा हस्तान्तरण भएको र यसबाट हाल उन्नत जातका बाखाहरूको उत्पादन शुरू भएको
- शसर्त अनुदानमा प्राप्त बाखाको ब्यवसायिक साना पकेट कार्यक्रम (निरन्तर) वडा नं. १ मा १ र २ मा १ गरी कुल २ वटा समूहमा कार्यक्रम सञ्चालन भएकोले हाल यस समूहहरूबाट उन्नत जातका बाखाको पाठापाठी तथा खसी उत्पादन भई बिक्रि बितरण हुदै आएको
- वडा नं. ५ को वार्षिक कार्यक्रमबाट दलित आय आर्जन कार्यक्रम अन्तर्गत २८ घरधुरीमा उन्नत जातको बंगुरको पाठापाठी खरिद गरी वितरण गरेको

- गाउँपालिकाको पशुपंक्षी सेवा शाखाबाट ५० प्रतिशत अनुदानमा च्याफकटर बितरण भएको यसबाट ८ वटा पशुपालक कृषकले लाभ प्राप्त गरेको
- गाउँपालिकाको वडा नं. ४,५र ६ वडाको १६५७ जना कृषकहरूलाई किसान सुचीकृत गरी प्रमाणिकरण कार्य गरेको ।

**३.४.२..याङवरक गाउँपालिकाले पशुपंक्षी क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :**

- गाउँपालिकामा उत्पादित पशुपंक्षी स्थानीय बजारमा सम्पुर्ण खपत नहुँदा उत्पादित मासुको बजारको अभाव
- साना साना परिमाणमा पशुपालन गरेका कृषकहरूको मासुजन्य उत्पादनलाई तत्कालमा बजारसम्म पुर्‍याउने संयन्त्रको अभाव
- बिचौलियाको कारण कृषकले उचित मूल्य पाउन नसक्नु

**३.४.३.भावि समयमा याङवरक गाउँपालिकाले पशुपंक्षी क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा चाल्नुपर्ने कदमहरू र सुझावहरू :**

- स्थानीय बजारलाई ब्यवस्थित गर्नु पर्ने
- बिचौलियाको मारबाट बच्नलाई गाउँपालिकाले बजारसम्म उत्पादन पुर्‍याउने नीति बनाउनु पर्ने
- सहकारीहरूलाई संक्षम बनाउनु पर्ने र सहकारीको माध्यमबाट बजारको खोजी तथा बजारसम्म सामाग्री पुरयाउने वातावरण बनाइनु पर्ने

**३.५. लैङगिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रले सम्पादन गरेका कार्यहरू :**

यस गाउँपालिकाको तथ्याङ्क अनुसार यस गाउँपालिकामा महिला घरमूली १२.८५ प्रतिशत छ । लैङ्गिक असमानता सूचक ०.४८९, महिलाको मानव विकास सूचक ०.५२१ रहेको छ । त्यसैगरी सरकारद्वारा सञ्चालित कार्यक्रमहरूमा लैङ्गिक उत्तरदायी बजेट आ.व. २०७३/७४ मा २२.३ प्रतिशत पुगेको छ । बालविवाह २९ प्रतिशत रहेको छ जुन महिला विकासको अवरोधको रूपमा रहेको छ । लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन, बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन, सबै सरोकारवाला निकायहरूमा लैङ्गिक सम्पर्क विन्दुहरूको स्थापना, लैङ्गिक हिंसा निवारण र एकल महिला सुरक्षा कोषको स्थापना तथा सञ्चालन हुनु, संविधानमा महिलासम्बन्धी हकहरूलाई मौलिक हकको रूपमा स्थापित गरीनु र सङ्घदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता, लैङ्गिक हिंसालाई महिला समानता र सशक्तीकरणको बाधकको रूपमा राज्यद्वारा स्वीकार गरी त्यसको निराकरणको लागि विभिन्न नीति, योजना तथा कार्यक्रम सञ्चालन गरीनुलाई यस क्षेत्रको अवसरको रूपमा लिइएको छ ।

**क. दूरदृष्टि**

लैङ्गिक समानताका लागि समान सोच र व्यवहार समृद्धिको आधार ।

**ख. लक्ष्य**

सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने ।

## ग. उद्देश्य

- सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मूलभूत अधिकार सुनिश्चित गर्नु ।
- महिलाविरूद्ध हुने सबै किसिमका हिंसा, विभेद र बहिष्करण अन्त्यका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाहरूको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नु ।

## घ. कार्यनीति

- महिलाहरूको हक अधिकारको संरक्षणको लागि लैङ्गिक हिंसा निवारण लगायत आवश्यक नयाँ कानुनहरूको निर्माण, विभेदकारी कानुनहरूको परिमार्जन र प्रभावकारी कार्यान्वियन एवम् सोको अनुगमन तथा मूल्याङ्कन गरीने
- महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गरीने
- लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिको आधारमा ऐन निर्माण गरी प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरीने ।
- लैङ्गिक बजेट प्रणालीलाई संस्थागत बनाउँदै स्थानीयस्तरसम्म विस्तार गरीने
- गाउँपालिकाको प्रशासन तथा नीति निर्माण तहमा महिलाहरूको पहुँच वृद्धि गरी गाउँपालिकाको सम्पूर्ण संरचनामा महिलाको प्रतिनिधित्व बढाइने ।
- लैङ्गिक समानता तथा सशक्तीकरणको लागि प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गरीने
- लैङ्गिक हिंसासम्बन्धी कार्यलाई समाजमा नै दवावपूर्वक मिलाउने पद्धतिलाई निरूत्साहित गर्न सामुदायिक संस्थाहरूको परिचालन गरीने
- महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाइने
- यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू प्रति सामाजिक विभेद तथा भ्रम हटाउन सरोकार संस्थाकै सहभागितामा पैरबी र प्रचारप्रसार गरीने
- अपाङ्गता भएका व्यक्ति (विशेष गरी महिला) माथि हुनसक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीका लागि कार्यक्रम सञ्चालन गरीने
- महिला तथा किशोरीहरूका लागि लक्षित आर्थिक-सामाजिक विकासका कार्यक्रमहरू सञ्चालन गरीने

- महिलाहरूलाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगारी, उद्यमशीलता विकास गर्न सहुलियत ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइने
- महिला समूह, संस्थाद्वारा उत्पादित सामग्रीहरूको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरीने
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरूका बारेमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरीने
- मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य सेवाहरू समन्वयात्मक रूपमा ग्रामीण महिलाहरू समक्ष पुऱ्याइने

### ३.५.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको सूचक सहितको कामको बिवरण

| क.सं. | कार्यक्रमको विवरण | सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थ्यकर्मीहरूलाई शुभकामना कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १८ | गर्भवती महिलाहरूलाई शुभकामना कार्ड बितरण सहजीकरण भएको |
| २. | स्वास्थ्यकर्मीहरूलाई अपाङ्गता पहिचान तथा न्युनीकरण, रोकथाम सम्बन्धी तालिम | १८ | अपाङ्गता पहिचान, अपाङ्गता न्युनिकरण र रोकथाममा सहजता भएको |
| ३. | स्थास्थ्यकर्मीहरूलाई कुष्ठरोग सम्बन्धी क्षमता अभिवृद्धि तालिम | १८ | कुष्ठरोग पहिचान र कुष्ठरोग बिहीन गाउँपालिका बनाउनको लागि सहजता भएको |
| ४. | गर्भवती महिलालाई शुभकामना कार्ड बितरण | ५०० थान | गर्भवती महिलाहरूलाई बितरण गर्नुपर्ने ५०० थान शुभकामना कार्ड छपाई सि.बि.आर., महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य संस्थाबाट वितरण भईरहेको र उक्त शुभकामना कार्ड गर्भवती महिलाले गर्न पर्ने स्वास्थ्य परीक्षण, पोषणयुक्त आहार आदीको बारेमा सचेतना फैलाउन सहयोग भएको । |
| ५. | नव विवाहित दम्पतीलाई शुभकामना कार्ड बितरण | ५०० थान | नवविवाहित दम्पतिहरूलाई सचेतना फैलाउन सहयोग हुने । |
| ६. | प्रसुति केन्द्र र स्वास्थ्य संस्थामा औं.जार उपकरण सहयोग | | प्रसुति केन्द्र सुदृढीकरणमा सहयोग भएको । |
| ७. | गाउँघर क्लिनिक स्ट्रेचर सहयोग | ५ थान | |
| ८. | अपाङ्गता परिचय पत्र वितरण | ११ | ११ जना अपाङ्गता भएका ब्यक्तिहरूलाई अपाङ्गता कार्ड वितरण गरिएको |
| ९. | वडा तथा पालिका स्थायी अपाङ्गता स्वावलम्बन समिति गठन | ६० | गाउँपालिका वडा नं. १ देखि ६ सम्म ९ सदस्य,६ वडा र पालिका स्तरीय स्वावलम्बन समिति गठन गरीएको र उक्त समितिले अपाङ्गताको बारेमा आवश्यक कार्य गरीरहेको । |
| १०. | समावेशी बालविकास केन्द्रहरूका लागि सहयोग | ३५ बा.बि.के. | बाल विकास केन्द्रमा शिक्षण तथा खेल सामाग्री सहयोग गरीएको । |
| ११. | विद्यालयमा कुष्ठरोग सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन | ७५३ जना बिद्यार्थी | कुष्ठरोग बिहीन गाउँपालिका बनाउनको लागि सहयोग भएको । |
| १२. | अपाङ्गता भएका ब्यक्तिहरूको संस्था गठन गरी जिल्ला प्रशासन कार्यालयमा दर्ता गरीएको | ११ | सबै वडाबाट अपाङ्गता भएका ब्यक्तिहरूको प्रतिनिधित्व भएको । |

**गाउँपालिकाबाट सम्पन्न भएका आयोजनाहरू** :

- गाउँपालिका भित्रका ७ वटा विद्यालयहमा बालविवाह न्युनीकरणको लागि सचेतना कार्यक्रम सञ्चालन भएको
- सबै वडामा कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, घरेलु हिंसा न्युनीकरण मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको
- वडा नं. २ मा ९ जना महिला उद्यमीहरूलाई ३ महिने ढाँका बुनाइ तालिम प्रदान भएको
- वडा नं. १ मा २० जना महिला उद्यमीहरूलाई ३ महिने ढाँका बुनाइ तालिम प्रदान भएको
- बालविवाह मुक्त गाउँपालिकाको लागि वडा नं. ६ को गणेश मा.बि. किशोरी शसक्तिकरण कार्यक्रमको सुरूआत गरेको ।

### ३.५.२. याङवरक गाउँपालिकाले लैङगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको आयोजना तथा कार्यक्रम  कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

- योजना तर्जुमा मा लैङगिक समानता तथा सामाजिक समावेशीकरण शिर्षकमा बजेट विनियोजन नहुने
- पूर्वाधार विकासको क्षेत्रलाई बढि प्राथमिकता दिनु र लैङगिक समानता तथा सामाजिक समावेशिकरण बिषयलाई प्राथमिकतामा पनि नपार्नु
- महिलाहरूको संख्यात्मक सहभागितमा वृद्धि तर गुणात्मक सहभागिता न्यून रहेको
- वडा तथा गाउँपालिकाको योजनामा लैङगिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रमा बजेट ज्यादै कम विनियोजन हुनु
- वडा तथा गाउँपालिकाको भवनहरूमा महिलाहरूका लागि भनेर बेग्लै शौचालयको ब्यवस्था नहुनु
- वडा नं.. ४ बाहेकको वडा तथा गाउँपालिकामा सुत्केरी महिलाको लागि स्तनपान कक्षको ब्यवस्था नहुनु
- कुनै पनि कार्यालयहरू अपाङ्गता तथा बाल मैत्री नहुनु
- कार्यालयहरूमा ज्येष्ठ नागरीकरूलाई बस्ने स्थानको ब्यवस्था नगरीनु
- महिलाहरूलाई संख्यात्मक रूपमा कोटा पुऱ्याउनका लागि मात्र कार्यक्रमहरूमा सहभागी गराउनु

### ३.५.३.भावी समयमा याङवरक गाउँपालिकाले लैङगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा चाल्नुपर्ने कदमहरू र सुझावहरू :

- लैङगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा बजेट प्राथमिकतामा राखिनु पर्ने
- योजना तर्जुमाको समयमा सम्बन्धित क्षेत्रको व्यक्तिहरूको अर्थपूर्ण सहभागीताका लागि प्रोत्साहित गर्नु पर्ने
- वडा तथा गाउँपालिकाले लैङगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा सम्बन्धित ब्यक्तिहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तर्जुमा गरीनु पर्ने
- निर्माण हुने भौतिक संरचनाहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनिनु पर्ने

- गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति निर्माण गर्नु पर्ने
- विद्यालयहरू तथा कार्यालयहरू बालमैत्री बनिनु पर्ने
- विद्यालयहरूमा छात्राहरूको महिनावारी हुँदा प्रयोग गरेका सेनेटरी प्याडको व्यवस्थापन स्थान र डिस्पोजल साइड बनाइनु पर्ने

## ३.६. सहकारी क्षेत्रले सम्पादन गरेका कार्यहरू :

याङवरक गाउँपालिकामा पूर्ण सक्रिय रूपमा २६ वटा विभिन्न शिर्षकका सहकारीहरू क्रियाशिल रहेको छ । उक्त सहकारीहरूले बचत तथा ऋण परिचालन बाहेक कृषि उत्पादन तथा प्रवर्द्धनका लागि स्थापना भई आफ्ना विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ । सम्पूर्ण घरधुरी संख्याको ८० प्रतिशत घरधुरी सहकारीमा समेटिएको पाउन सकिन्छ । सहकारीहरूका लागि विभिन्न तालिम, अनुदान तथा समुदायमा आर्थिक कारोबार गर्दै आईरहको छ ।

### ३.६.१. सहकारी क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको सुचक सहितको कामको विवरण

| क्र.सं. | विवरण | लक्ष्य | एकाइ | प्रमुख उपलब्धि |
|---|---|---|---|---|
| १. | सहकारी दर्ता | ६ | वटा | यस आ.व. मा १ वटा कृषि सहकारी संस्था दर्ता गरी सञ्चालनमा रहेको । |
| २. | कम्प्युटर तथा प्रिण्टर वितरण | ४ | वटा | यस गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका विभिन्न ४ सहकारी संस्थालाई डेक्सटप कम्प्युटर र प्रिन्टर वितरण भएको । |

### ३.६.२. याङवरक गाउँपालिकाले सहकारी क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:

- सहकारीहरूले उद्देश्य अनुसार काम गर्न नसक्नु
- संस्थापकहरू आफैले आर्थिक फाइदा लिने गरेको
- सहकारीहरू आर्थिक संकटमा रहेको
- सहकारीहरूलाई ब्यावसायिक तालिमहरूको ब्यवस्था नभएको
- सहकारीहरूले योजना तर्जुमाबाट बजेट माग नहुनु र प्राथमिकिकरणमा नपर्नु
- नियमक निकायहरूका कर्मचारीहरूलाई सहकारी सम्बन्धी तालिमहरूको उपलब्धता नहुदा उनिहरूलाई काम गर्न गाह्रो हुने भएको
- ब्यावसायिक सहकारीहरू नहुनु
- सहकारीबाट लगानी भएको रकमको प्रभावकारी अनुगमन नहुनु

### ३.६.३. भावी समयमा याङवरक गाउँपालिकाले सहकारी क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा चाल्नुपर्ने कदमहरू र सुझावहरू :

- सहकारीहरूको अनुगमनमा प्रभावकारिता ल्याउनु पर्ने
- प्रदान गरीएको अनुदान रकमलाई सही सदुपयोग गर्नका लागि सहकारीहरूलाई निर्देशनात्मक सुझाव दिइनु पर्ने

- उद्देश्य अनुरूप नचलेको सहकारीहरूलाई कार्बाहीको प्रक्रियामा ल्याउनु पर्ने
- सहकारीको निश्चित फोकल पर्सन गाउँपालिकाले व्यवस्था गरी सहकारीको शाखालाई व्यवस्थित गर्नुपर्ने जसले गर्दा सेवाग्राहीहरूले चाहेको सूचना समयमा नै निश्चित शाखाबाट प्राप्त गर्न सक्ने
- सूचनाहरूलाई सिस्टममा राख्नु पर्ने
- सहकारीहरूलाई ब्यावसायिक तालिमको ब्यवस्था गरीनु पर्ने
- राम्रो काम गर्ने सहकारीलाई पुरस्कृत र नराम्रो काम गर्ने सहकारीलाई दण्ड दिने ब्यवस्था बनाइनु पर्ने

## ३.७. भौतिक पूर्वाधार क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको सूचक सहितको कामको विवरण

### क. ठेक्का मार्फत सञ्चालित योजनाहरू

| क.सं | योजनाको नाम | सम्झौता रकम रू. | हालसम्मको वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|
| १. | १५ शैया आधारभूत अस्पताल निर्माण योजना | १४,७५,२२,६४४.४९ | २०.०८% |
| २. | निसान कालिका धाम तथा याङवरक पोखरी संरक्षण योजना | ६,४४,२५,०९२.४८ | २५.७८ % |
| ३. | गाउँपालिकाको प्रशासनिक भवन निर्माण योजना | ६,२०,८४,४२६.९३ | ९०.००% |
| ४. | मल्टी पर्पोज कवर्ड हल निर्माण योजना | ३,८४,६४,९७५.५१ | १७.१८ % |
| ५. | सिम्ले निगाले प्राङबुङ याङसिबुङ बृहत् खानेपानी योजना | १,०१,६५,६१५.५० | १०० % |
| ६. | बेतेनी वर्थिङ सेन्टर भवन निर्माण योजना | ७५,८६,७१८।८० | ७९.४१ % |

### ख. टोल विकास/उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरू

| क.सं. | विवरण | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १. | साना सिचाई योजना | -१२ मास सिंचाई सेवा उपलब्ध गराउनु<br>-नगदेबालीलाई प्रोत्साहन गर्नु<br>-जनताको जिवनस्तर/आय बढाउनु | -५ सिंचाई योजना सम्पन्न भएको<br>-करिब १६५ हेक्टर जमिन सिंचित भएको<br>-सिंचाई योजना सम्पन्न भएका स्थानहरूमा १२ मास सिंचाई सेवा उपलब्ध भईरहेको<br>-किसानहरूको आय-आर्जनमा टेवा पुगेको |
| २. | सडक निर्माण तथा स्तरउन्नती | -सडक संजाल बिस्तार नभएका स्थानहरूमा सडक बिस्तार गर्नु<br>-भइरहेको सडकको स्तर वृद्धि गरी १२ मा सडक सञ्चालन गर्नु<br>-जनताको समयको बचत गर्नुका | - ५.२ कि.मि. नयाँ सडक संजाल बिस्तार भएको<br>-२७.१५ कि.मि. सडक स्तर उन्नती भएको<br>-अघिल्लो आ.व. को तुलनामा नयाँ |

| | | | |
|---|---|---|---|
| | | साथै आर्थिक वृद्धिमा टेवा पुऱ्याउनु | ट्र्याक बिस्तार गर्नृ कार्य १० % भन्दा कम रहेको तथा सडक स्तरउन्नती कार्य १० % भन्दा बढीले वृद्धि भएको -अधिकांश स्थानहरूमा १२ मास यातायात सञ्चालन भईरहेको |
| ३. | खानेपानी | -ति घर स्वच्छ खानेपानी सेवा पुऱ्याउनु | बृहत खानेपानी र अन्य योजना मार्फत करिब १५० घरधुरीलाई स्वच्छ खानेपानी सेवा बिस्तार भएको |
| ४. | अन्य | जनताको आवश्यकता बमोजिमका पूर्वाधार विकास | अन्य धेरै भवन, सडक, सिंचाई, खानेपानी, खेलमैदान लगायतका पूर्वाधारहरूको निर्माण र मर्मत सम्पन्न भएको |

**ग. भवन तथा सहरी विकास**

१. २ नं. वडा र ५ नं. वडाको "प्रशासनिक भवन" को निर्माण सम्पन्न

२. गाउँपालिकाको गौरवको योजनाको रूपमा रहेको प्रशासकीय भवन निर्माणको कार्य करिब ९० प्रतिशत सम्पन्न

३. वडा नं. ४ को सुब्बाटारमा संघीय सरकारबाट प्राप्त अुनदानमा १५ शैया अस्पतालको भवन निर्माण कार्य भइरहेको ।

## ३.७.१. याङवरक गाउँपालिकाले भौतिक पूर्वाधार क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- भौगोलिक अवस्थाको कारण स्टिमेट अनुसारको काम गर्न गाह्रे हुने तसर्थ समयमा काम सम्पन्न नहुने
- जग्गा दाताहरूको मनमुटाव र विवादले गर्दा आयोजनाहरू बिचमा स्थगित गर्नुपर्ने र ढिलाइ हुने बाध्यता
- आ.व. को अन्तिममा आयोजनाहरू हतार हतारमा सम्पन्न गर्ने चटारोले गुणस्तरीय काम हुन नसक्नु
- बर्षात्को समयमा आयोजनाहरू सम्पन्न गर्ने चटारोको कारण समुदायलाई आवत जावत गर्न गाह्रो हुने
- कतिपय टोल विकास समितिले आयोजना सञ्चालनको विधि प्रक्रिया राम्रोसँग नबुझेको कारण कन्टिजेन्सी नकाटेको कारण उनीहरूलाई काम गर्न गाह्रो भएको
- टोल विकास समितिले ढिलो काम गर्दा बढी खर्च लाग्ने भएको कारण योजनामा गाह्रो भएको
- दक्ष जनशक्ति नहुँदा काममा स्तरीयता ल्याउन नसक्नु
- कोभिडको कारण  काम सक्नका लागि ठेक्केदारलाई २,३ महिना बढी थप समय लागेको

- योजना छनौट, वातावरण अध्ययन, जग्गाको प्राप्ति पछि मात्र गर्ने परिपाटिले गर्दा योजना कार्यान्वयनमा गाह्रो हुने गरेको

### ३.७.२. भावी समयमा याङवरक गाउँपालिकाले भौतिक पूर्वाधार क्षेत्रको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा चाल्नुपर्ने कदमहरू र सुझावहरू :

- प्रभावकारी रूपमा टोल विकास समितिहरू वा उपभोक्ता समितिहरूलाई आयोजना सञ्चालनको तालिम दिनु पर्ने
- आयोजनाहरू समयमै गर्ने नीति राज्यले बनाउनका लागि गा.पा. द्वारा सुझाव दिनु पर्ने
- उपभोक्ता समिति वा टोल विकास समितिमा महिला तथा लक्षित बर्गको अर्थपूर्ण सहभागिताको लागि वातावरण सृजना गर्ने
- आयोजना शुरूवात हुनु भन्दा पहिला नै जग्गादाताहरूसँग बुझाएर सम्झौता गरीनु पर्ने
- भवन बनाउँदा Soil Test गरेर मात्र बनाउनु पर्ने

### ३.८. योजना तथा अनुगमन क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारीको सुचक सहितको कामको विवरण

**टोल विकास संस्था मार्फत सञ्चालित योजनाहरू**

| वडा.नं. | १ लाख सम्मका योजना | १ लाखदेखि २ लाखसम्मका योजना | २ लाखदेखि ५ लाख सम्मका योजना | ५ लाखदेखि १० लाखसम्मका योजना | १० लाखदेखि ५० लाखसम्मका योजना | ५० लाख भन्दा माथिको योजना | जम्मा योजना |
|---|---|---|---|---|---|---|---|
| १. | ७ | ९ | ६ | १ | १ | ० | २४ |
| २. | २१ | ७ | ५ | २ | १ | ० | ३६ |
| ३. | ७ | ९ | ९ | १ | ० | ० | २६ |
| ४. | १० | १२ | १० | १ | ० | ० | ३३ |
| ५. | २६ | १० | ७ | ३ | ० | ० | ४६ |
| ६. | २० | १७ | ५ | ० | ० | ० | ४२ |
| जम्मा | ९१ | ६४ | ४२ | ८ | २ | ० | २०७ |

### ३.९. न्यायिक समिति क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सुचक सहितको कामको विवरण

**यस आ.व. मा दर्ता भएका विवादका संख्याहरू**

| क्र.सं. | विवादको विषय | दर्ता संख्या | निरूपण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | मेलमिलाप | अदालत पठाइएको | प्रकृयामा रहेको | |
| १. | जग्गा किचलो | २ | २ | ० | ० | |
| २. | लेनदेन | ५ | १ | ३ | १ | विवादको पहिलो पक्ष तारेक गुजारी सम्पर्कमा नआएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | खान लगाउन नदिएको | १ | ० | ० | १ | विवादको पहिलो पक्ष तारिक गुजारी सम्पर्कमा नआएको |
| जम्मा | | ८ | ३ | ३ | २ | |

**३.१०. बन, वातावरण तथा विपद ब्यवस्थापन क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सुचक सहितको कामको विवरण :**

क. यस गाउँपालिकाका नागरिकहरूलाई बाढी, पहिरो जस्ता प्राकृतिक विपदबाट सिर्जित परिस्थितिको ब्यवस्थापनको लागि तार जाली खरिद गरी प्रत्येक वडामा वितरण गरीएको

ख. गाउँपालिकाका नागरीकहरू मध्य झुण्डेर, खोलाले बगाएर, बाढी पहिरोमा परेर, आगलागी लगायतका प्रकृतिका मृत्युको भएको हकमा गाउँपालिका देखि सम्बन्धित निकाय समक्ष पोष्टमार्टम गर्न लगे बापत यातायात खर्च उपलब्ध गराएको

ग. बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपबाट घरबाट बिहिन भएका यस गाउँपालिका स्थित बिभिन्न नागरीहरूलाई राहत उपलब्ध गराएको

**३.११. पञ्जीकरण क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सुचक सहितको कामको विवरण:**

| वडा नं. | ब्यक्तिगत घटना दर्ताको विवरण | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाईसराई | | सम्बन्ध विच्छेद | |
| | | | | आएको | गएको | | |
| १. | ८७ | २५ | ३१ | ४ | १५ | १ | १६३ |
| २. | १५१ | ३५ | ४० | ४ | ३६ | २ | १६८ |
| ३. | १५२ | ४९ | ३९ | ३ | २२ | १ | २६६ |
| ४. | १०१ | ३७ | ४१ | ११ | ३५ | १ | २२६ |
| ५. | १११ | ३५ | ४० | ८ | १४ | १ | २०९ |
| ६. | १०६ | ३५ | ४० | ७ | ३४ | ४ | २२६ |
| जम्मा | ७०८ | २१६ | २१६ | ३७ | १५६ | १० | १३५८ |

**३.१२. सामाजिक सुरक्षा भत्ता क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको कामको विवरण :**

| विवरण | पहिलो चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरेको संख्या | वितरण गरेको रकम | वितरण गरेको रकम | वितरण गरेको रकम |
| अन्य ज्येष्ठ नागरीक भत्ता | ८०४ | १५२०३२८ | ८१५ | ९६५०५२७ | ८२२ | ९७१७४०४ | ८१७ | ९७०५१५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ नागरीक भत्ता ( दलित) | ६४ | ५०२७४० | ६७ | ५२१३६० | ७० | ५४७९६० | ७२ | ५७१९०० |
| ज्येष्ठ नागरीक एकल महिला | १८७ | १४१२४६० | १८३ | १४५५०२० | १८७ | १४८३२१६ | १९० | १५१६२०० |
| विधवा | १६१ | १२६६१६० | १७० | १३२२१०९ | १६५ | १३०६०६० | १६८ | १३३५३२० |
| पूर्ण अपाङ्गता भत्ता | ३७ | ४२५६०० | ३४ | ४०६९८० | ३४ | ४०१३९४ | ३३ | ३८४३२७ |
| अति अशक्त अपाङ्गता भत्ता | ७१ | ४५३२६४ | ७३ | ४६३९०४ | ७५ | ४७०२८८ | ७५ | ४७८८०० |
| दलित बालबालिका | ८० | १२५४९० | ७६ | ११७२१९ | ७९ | ११८३६५ | ७९ | ११६४३५ |
| जम्मा | १३१५ | १३७०६०४२ | १४१८ | १३९३७११९ | १४३२ | १४०४४६८७ | १४३४ | १४१०८१३३ |

## ३.१३. आन्तरिक राजश्व क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको कामको विवरण :

| आन्तरिक राजश्व अनुमान | आन्तरिक राजश्व संकलन |
|---|---|
| ४५००००० | ८१७९६९७.३६ |

**शिर्षकगत आन्तरिक राजश्वको विवरण**

| आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|
| घरधुरी कर | ७००००। | ३५१३२५। |
| भूमिकर/मालपोत | १२०००००। | ९७८६२९। |
| वहाल कर | ४५००००। | ३५८६८१। |
| मनोरञ्जन कर | १००००। | ० |
| अन्य कर | ४०००००। | १५४४१६२५६। |
| अन्य बिक्रीबाट प्राप्त रकम | ५०००००। | १४०८२९०। |
| सिफारिस दस्तुर | १६००००। | २९९७३६७८०। |
| ब्यक्तिगत घटना दस्तुर | १००००। | १६३१६। |
| ब्यवसाय कर | १६००००। | ३७५०००। |
| बेरूजु | १०००००। | १४९९२६। |

**३.१४. बेरूजु क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :**

| आ.व. २०७७ /०७८ को कुल बेरूजु | कुल बेरूजु प्रतिशत | कैफियत |
|---|---|---|
| रू.२२८९४९.० | ०.०३% | संपरीक्षणको लागि पेश गरीएको |

**३.१५. बित्तिय क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :**

| सि.नं | बजेट उपशीर्षक | | बजेट | | | खर्च | | | खर्च % |
|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | |
| १. | ८०१०२५०६१०१ | याङवरक गाउँपालिका | १०,०७,९८ | ११,८८,९५ | २१,९६,९३ | ७,९९,८३ | ७,३५,६१ | १५,३५,४५ | ६९.८९ |
| २. | ८०१०२५०६२०१ | याङवरक गाउँपालिका वडा नं. १ | १८,८० | ३१,२० | ५०,०० | १७,७७ | २९,५६ | ४७,३३ | ९४.६८ |
| ३. | ८०१०२५०६२०२ | याङवरक गाउँपालिका वडा नं. २ | १७,५० | ३०,०० | ४७,५० | १५,७६ | २७,५३ | ४३,२९ | ९१.१६ |
| ४. | ८०१०२५०६२०३ | याङवरक गाउँपालिका वडा नं. ३ | २५,१० | २६,०० | ५१,१० | २१,५५ | २५,३१ | ४६,८७ | ९१.७२ |
| ५. | ८०१०२५०६२०४ | याङवरक गाउँपालिका वडा नं. ४ | १९,२४ | ३२,३५ | ५१,६० | १३,५३ | २४,५६ | ३८,०९ | ७३.८३ |
| ६. | ८०१०२५०६२०५ | याङवरक गाउँपालिका वडा नं. ५. | १४,२५ | ३५,३० | ४९,५५ | ११,८८ | ३१,३५ | ४३,२३ | ८७.२६ |
| ७. | ८०१०२५०६२०६ | याङवरक गाउँपालिका वडा नं. ६. | २६,९१ | २५,१० | ५२,०१ | २५,५१ | २३,७७ | ४९,२८ | ९४.७७ |
| ८. | ८०१०२५०६५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) | १९,९०,१२ | ६,९५,०४ | २६,८५,१६ | १७,१०,८९ | ४,४६,३० | २१,५७,२० | ८०.३४ |
| ९. | ८०१०२५०६५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्रम (विशेष अनुदान) | ० | १,२९,०० | १,२९,०० | ० | १,०४,६८ | १,०४,६८ | ८१.१५ |
| १०. | ८०१०२५०६५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम क्रम (समपूरक | ० | ७३,०० | ७३,०० | ० | ७०,२१ | ७०,२१ | ९६.१८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान) | | | | | | | |
| ११. | ८०१०२ ५०६५२ १ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(सशर्त अनुदान) | ० | १,४३,२५ | १,४३,२५ | ० | १,३२,८३ | १,३२,८३ | ९२.७३ |
| १२. | ८०१०२ ५०६५२ ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम( समपुरक अनुदान) | ० | १,००,०० | १,००,०० | ० | १,००,०० | १,००,०० | १०० |
| जम्मा | | | ३१,१९,९० | २५,०९,१९ | २६,१६,७५ | १७,५१,७६ | १७,५१,७६ | ४३,६८,५२ | ७७.६ |

### ३.१६ सुरक्षित नागरीक आवास कार्यक्रमको क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :

क. स्वीकृत घरधुरी संख्या - ५३२
ख. पहिलो किस्ता लानेको संख्या - ५१६
ग. दोस्रो किस्ता लाने संख्या - ४७०
घ. एकै किस्ता पनि नलाने -१६
ङ. दोस्रो किस्ता मात्र नलाने - ६३

### ३.१७. संस्था दर्ता तथा नविकरण कार्यक्रमको क्षेत्रमा वहन गर्ने क्षमता : सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :

| विवरण | नयाँ दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|
| टोल विकास संस्था | ४५ | ० | |
| जल उपभोक्ता संस्था | १३ | ० | ११ वटा संस्था नवीकरणको लागि नआएको |
| घ वर्ण इजाजत पत्र | १ | ४ | १ वटा संस्था नवीकरणको लागि नआएको । |

### ३.१८. सूचना प्रविधि कार्यक्रमको क्षेत्रमा वहन गर्ने क्षमता सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :

| क्र.सं. | विवरण | लक्ष्य | एकाइ | उपलब्धि |
|---|---|---|---|---|
| १. | सि.सि. क्यामरा जडान | २ | ठाउँ | -बजारको शान्ति सुरक्षा कायम राख्न याङवरक गाउँपालिका भित्र दुईवटा बजारमा सि.सि. क्यामरा जडान भई सञ्चालनमा आएको<br>-अपराधिक हबको रूपमा चिनिने र गुण्डा गर्दी, चोरी, डकैतीमा संलग्नको पहिचानका लागि पनि सिसि क्यामेरा जडानसँगै सहज हुने<br>-अपराधिक मानसिकता र अपराधिक क्रियाकलापमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | कमी आउन<br>-प्रहरीको सीमित साधन स्रोतले मात्र काम गर्न समस्या थियो अब सिसि क्यामेरा जडानसँगै शान्ति सुरक्षा र अनुसन्धानमुखी काम पनि हुनेछन्<br>- अपराध अनुसन्धान, चोरी, लुटपाट, चोरी, लुटपाट रोक्न प्रहरीलाई थप मद्दत पुग्ने अपेक्षा |

**३.१९. कर्मचारी प्रशासन कार्यक्रमको क्षेत्रमा वहन गर्ने क्षमता :सामाजिक जिम्मेवारी सुचक सहितको बिवरण :**

| क्र.सं. | सम्पन्न क्रियाकलाप | उपलब्धिहरू |
|---|---|---|
| १. | कर्मचारीहरूको हाजिरी, विदा तथा काजको अभिलेख चुस्त दुरूस्त राखिएको | जुनसुकै बेला कर्मचारीको हाजिरी, विदा तथा काजको बिवरण हेर्न सकिने |
| २. | कार्यरत कर्मचारी कार्यालयमा उपस्थित भए नभएको र तोकिएको जिम्मेवारी वहन गरे नगरेको चेक जाँच गर्ने गरेको यदि सो काम नभएको पाइएमा याथाशीघ्र स्पष्टीकरण माग गरीएको । | कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी प्रति सजग गराई कार्यालयबाट प्रदान गरीने सेवा प्रवाहलाई गुणस्तर तथा प्रभावकारी बनाउन सहयोग पुग्ने |
| ३. | विभिन्न सेवा, समूह तथा पदमा प्रदेश लोक सेवा आयोग विराटनगरबाट सिफारिस भई आएका कर्मचारीलाई नियुक्ति गरी कामकाजका खटाइएको | कर्मचारी अभावद्वारा विभिन्न शाखाबाट सेवा प्रवाहमा देखिएका समस्याहरू हल हुने सम्भावना देखिएको |
| ४. | यस याङवरक गाउँपालिका गाउँपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत सम्पुर्ण कर्मचारीहरूलाई आइडी कार्ड वितरण | कर्मचारीको पहिचान झल्काउनमा सहयोग पुगेको |

**३.२०.जिन्सी ब्यवस्थापन क्षेत्रमा वहन गर्ने क्षमता :सामाजिक जिम्मेवारी सूचक सहितको विवरण :**

| क्र.सं. | गरेका क्रियाकलाप | उपलब्धिहरू |
|---|---|---|
| १. | याङवरक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा जिन्सी निरीक्षण | जिन्सी खातामा प्रविष्टिका बारेमा कार्यालयमा कार्यरत कर्मचारीलाई निर्देशन दिई सो कार्यमा पोख्त बनाइएको |
| २. | कार्यालयमा आवश्यक फर्निचर तथा स्टेसनरीका सामग्रीहरू खरिद | कार्यालय सञ्चालनमा सहज भएको |
| ३. | नव निर्मित स्टोर भवनमा समग्र ब्यवस्थापनका लागि ओपन र्‍याक खरिद | सामग्री ब्यवस्थित गर्न सकिएको |
| ४. | नव निर्मित २ र ५ नं.वडा कार्यालय ब्यवस्थापनका लागि फर्निचरका सामान खरिद | कार्यालयको ले आउट प्रभावरी भएको |
| ५. | १ नं. वडा च्याङथापु र ६ नं. वडा गणेश चौक बजार क्षेत्रमा सि.सि. क्यामेरा जडान | सुरक्षा मजबुत हुनमा सहयोग पुगेको |
| ६. | टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०७८ छपाइ | |
| ७. | रोजगार शाखा अन्तर्गत सेफ्टीका सामान तथा औजारहरू खरिद गरी प्रत्येक वडाहरूमा हस्तान्तरण | |
| ८. | याङवरक गाउँपालिका वडा नं. १,३ र ६ मा | |

| | | |
|---|---|---|
| | सञ्चालित सिंचाइ योजनाहरूलाई सेफ्टीका सामान तथा औजारहरू खरिद गरी हस्तान्तरण | |
| ९.<br>१०. | गाउँपालिका तथा अन्तर्गतका वडाहरूमा बिनियोजन भएको बजेट एकीकृत गरी ठेक्का मार्फत पाइप, जस्तापाता र ग्याबिन जाली खरिद | |
| ११. | सहकारी प्रविधिमैत्री बनाउने उद्देश्यका साथ ४ वटा सहकारी संस्थाहरूलाई कम्प्युटर तथा प्रिन्टर वितरण | |
| १२. | सार्वजनिक खरिद व्यवस्थापन प्रणाली सुरू गरी मौजुदा सामानहरूको ईन्ट्री कार्य अन्तिम चरणमा पुगेको | कार्यालयका खप्ने तथा नखप्ने सामानहरूको व्यवस्थापनमा सहयोग पुगी सामानहरूको यथार्थ चित्रणमा सहयोग पुग्ने । |
| १३ | | |

## ३.२१. प्रधानमन्त्री रोजगार कार्यक्रम क्षेत्रमा वहन गर्ने क्षमताः सामाजिक जिम्मेवारी सूचक सहितको विवरण

| वडा | सुचीकृत बेरोजगार व्यक्तिको संख्या | कैफियत |
|---|---|---|
| १. | २७० जना | |
| २. | २३७ जना | |
| ३. | १९२ जना | |
| ४. | १९ जना | |
| ५. | १६४ जना | |
| ६. | १७२ जना | |
| जम्मा | १२३० जना EMIS मा सूचीकृत बेरोजगारी संख्या | |
| | महिला ३१२ जना पुरूष ९०९ जना | |

**प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन भएका वडागत योजनाको विवरण :**

| वडा नं. | रोजगारमूलक आयोजना संख्या | विनियोजित रकम | लाभान्वित हुने बेरोजगार व्यक्तिको संख्या | दैनिक ज्याला दर | कुल सिर्जना हुने रोजगारी दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४ वटा | १५३५५००. | २७ जना | ५७७ | २६९२ दिन | |
| २ | ५ वटा | १५३५५००. | २७ जना | ५७७ | २६९२ दिन | |
| ३ | ६ वटा | १५३५५००. | २७ जना | ५७७ | २६९२ दिन | |
| ४ | ११ वटा | १६८५५००. | ३० जना | ५७७ | २९२१ दिन | |
| ५ | ११ वटा | १५८५५००. | २७ जना | ५७७ | २७४१ दिन | |
| ६ | ८ वटा | १८४०५००. | ३१ जना | ५७७ | ३१८९ दिन | |
| जम्मा | | | १६१ जना | | १६९२७ दिन | प्रतिब्यक्ति न्यूनतम औसत १०० दिनका दरले । |

**प्रधानमन्त्री रोजगार कार्यक्रम दोस्रो चरण :**

| वडा नं. | रोजगारमूलक आयोजना संख्या | विनियोजित रकम | लाभान्वित हुने बेरोजगार ब्यक्तिको संख्या | दैनिक ज्याला दर | कुल सिर्जना हुने रोजगारी दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३ वटा | १०८०,०००. | ५० जना | ५७७ | | |
| २ | २ वटा | १०८०,०००. | ५० जना | ५७७ | १८७१ दिन | |
| ३ | ४ वटा | १०८०,०००. | ५० जना | ५७७ | १८७१ दिन | |
| ४ | १वटा | १०८०,०००. | ५० जना | ५७७ | १८६८दिन | |
| ५ | १वटा | १०८०,०००. | ५० जना | ५७७ | १८७१ दिन | |
| ६ | १वटा | १०८०,०००. | ५० जना | ५७७ | १८७१ दिन | |
| जम्मा | १२ वटा | ६८७८,०००. | ३०० जना | | ११२२३दिन | प्रतिब्यक्ति न्युनतम औसत ३८ दिनका दरले । |

**सारांशमा आ.व. २०७८/०७९ मा सञ्चालन गरीने गरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रम (कामका लागि पारिश्रमिक योजना र युवारूप आयोजना) अन्तर्गत कार्यान्वयन गरीएको कार्यक्रम/योजनाको विवरण :**

| क्र.सं. | प्राप्त सशर्त अनुदान | | सम्पन्न भएका रोजगार आयोजना | रोजगारमा संलग्न बेरोजगार ब्यक्तिहरू | रोजगारमा संलग्न दिन संख्या ( औसतमा) | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | युवारूप | कामका लागि पारिश्रमिक | | | | | |
| १. | ३८१३००० . | ५९०५०००. | ४५ | १६९ | ९९ दिन | ९६,८९,१५८. | पहिलो चरण |
| २. | – | ६४७८,००० . | १२ | ३१२ | ३६ दिन | ६४,३९,२७९. | दोस्रो चरण |
| जम्मा | ३८१३००० . | १२३८३००० . | ५७ | ४८१ | | १६१,२८,४३७. | |

## खण्ड : ४

### ४.१. सामाजिक परीक्षणबाट देखिएका बलिया पक्षहरू :

- प्रत्येक वडा धेरै कार्यालयहरू व्यवस्थित रूपमा आफ्नै भवनम सञ्चालन भएका र आफ्ना भवन नभएका वडाको पनि भवन लगभग निर्माण सम्पन्न हुन लागेकोले अव वडाको लागि स्थायी स्थानको व्यवस्था भएको
- दरबन्दी अनुसारका कर्मचारीहरूको व्यवस्था नहुँदा पनि पालिका तथा वडाहरूले सेवाग्राहीहरूका लागि चुस्त दुरूस्त सेवा प्रदान गरेको
- पालिकाले विषयगत क्षेत्रको कार्यविधिहरू बनाउनका लागि जागरूकता देखाई बिषयगत क्षेत्रको कार्यबिधिहरू निर्माण गरेको
- जनप्रतिनिधिहरूमा केही गर्नु पर्दछ गाउँ, समुदायको विकासको लागि भन्ने सकारात्मक भावनाको विकास भएको
- जन प्रतिनिधिहरूले विकासको कामलाई ज्यादै जिम्मेवारी र आपनत्व महसुस गरी कार्य गर्ने गरेको (वडा नं. ४ का वडा अध्यक्षको आफ्नै लगानीमा स्ट्रेचर वितरण तथा बिरामीहरूका लागि हस्पिटलहरूसँग सहकार्य गरेर आर्थिक तथा मानवीय सहयोग गरी उपचारमा सहयोग गर्ने गरेको)
- जवाफदेहिताको मर्म अनुसार लैसस परीक्षण सम्पन्न गरेको त्यसको सकारात्मक परिवर्तनको रूपमा वडा नं. ४ को वडा कार्यालयमा बच्चालाई स्तनपान गराउन बेग्लै कोठामा स्तनपान कक्षको निर्माण गरेको पाउन सकिन्छ ।
- जवाफदेहिताको मर्म अनुसार यस आ.व. मा २ पटक सार्वजनिक सुनुवाई सम्पन्न गरेको
- .याङवरक गाउँपालिकाको प्रथम पञ्च बर्षीय गाउँ विकास आवधिक योजना २०७६ लाई आधार बनाइ गाउँपालिकाको योजनाहरू निर्माण  गरीने
- पूर्वाधार निर्माण गर्न अघि योजनाको DPR निर्माण गर्ने गरेको
- पालिकाको आलेप, मलेप नियमित हुने गरेको
- विभिन्न समस्याका कारण रकमान्तर गर्नु परेमा गाउँसभाबाट पारित गरेर बजेट खर्च गर्ने गरेको
- अवको विकासको प्रमुख क्षेत्र भनेको पर्यटन, कृषि र पशु हुनु पर्दछ भन्ने कुरामा जनप्रतिनिधि देखि जनतासम्म सहमतमा पुगरेका
- प्रत्येक वडालाई त्यस वडाको बिशेष कुनै न कुनै कृषि उत्पादनको क्षेत्रमा पकेट क्षेत्रको रूपमा विकास गर्नु पर्नेमा कृषकहरूको धारणा रहेको
- पर्यटन विकासको लागि गाउँपालिका सकरात्मक रहेको योजनाबद्ध पर्यटन विकासका लागि गाउँपालिका कार्य गर्न अग्रसर रहेको
- गाउँपालिकाको प्रशासन अति चुस्त दुरूस्त रु ? रहेको
- गाउँपालिकाको कार्यालय अनुशासित हुनुका साथै सेवाग्राहीलाई सबैले सहयोग गरेर काम गर्ने चलन भएको
- गाउँपालिकाले आर्थिक कारोबारमा नीति नियमको पूरै पालना गरेको जसको कारण बेरूजु कम आएको
- पालिकाको सूचनाहरू कम्प्युटर सिस्टममा एकद्वार प्रणालीमा राखिने गरेको जसको कारण सबै जानकारी एकै स्थानबाट प्राप्त गर्न सकिने

## ४.२ समस्याहरू

- गाउँपालिकाको भवन निर्माणाधिन अवस्थामा रहेकोले हालमा कार्यालय रहेको भवनहरूमा कार्यसञ्चालन गर्नका लागि कठिनाई देखिएको
- इन्टरनेट स्लो चल्ने भएको कारण समयमै सूचनाहरू पाउन नसकेको
- पालिकामा रहेको बिषयगत शाखाहरूले सूचनाहरू समयमै उपलब्ध गराउन नसकेको
- वडा कार्यालयहरूमा दरबन्दि अनुसारको कर्मचारी नहुँदा भएका कर्मचारीहरूले सेवा ग्राहीलाई सेवा दिन कठिनाई भएको
- वडाहरूमा इन्टरनेटको समस्या भएको भनी समयमा काम नहुनु
- वडासँग वडामा रहेको अन्य कार्यालयहरूको सूचना नहुनु
- वडामा रहेको अन्य कार्यालयहरूको सिधै सम्बन्ध गाउँपालिकासँग हुन्छ हामीसँग कुनै सूचना छैन भनेर वडाले देखाउने गरेको तसर्थ वडाको अन्य कार्यालयहरूसँग समन्वयको अभाव देखिएको
- वडालाई सिफारिसको मात्र जिम्मेवारी भएकोले, आर्थिक कुनै कारोबार गर्न नपाउदा वडामा भैपरी आउने खर्च जुटाउनका लागि आफैले खर्च गर्नु पर्दा गाहो भइरहेको अवस्था
- लक्षित बर्गसम्म प्रयाप्त सेवा सुविधा नपुगेको अवस्था
- कृषि, पशु तथा सहकारीमा प्राप्त अनुदानहरूमा पहुँचवालाहरूले पाउने गरेको
- कृषि तथा पशु विकासमा लगानी अनुसारको प्रतिफल नआएको
- साना साना उत्पादनलाई बजारको समस्या
- ठुला ठुला उत्पादनलाई बिचौलियासँग कारोबार गर्नुपर्दा लगानी अनुसारको फाइदा नपाउने गरेको
- बिउ बिजन दिएर पनि कृषकले उत्पादन गरेको उत्पादनलाई बेच्न नसक्नु
- तल्लो स्तरको कृषकसम्म कृषि, पशुका सेवा सुबिधाहरू पुग्न नसकेको
- प्राविधिक कर्मचारीहरूको कमिको कारण समयमा सेवाग्राहीसम्म कर्मचारीहरू पुग्न नसकेको
- अझैसम्म पनि सडक सञ्जालको स्तरउन्नतीको समस्या  रहेको
- सहकारीहरूले  उद्देश्य अनुसार काम नगरेको
- बित्तीय संस्थाका सदस्यहरूले सही तरिकाले ऋणको परिचालन नगर्दा समुदायमा आर्थिक विचलन आउने जोखिम
- राज्यद्वारा निशुल्क वितरण गर्ने औषधीको मात्रामा कमि रहेको र महंगा औषधिहरूको प्रयार्प्त उपलब्धता नभएको  कारण समुदायको माग अनुसार पुग्न नसकेको
- बालविवाहको समस्या दिनानुदिन बढदै गएको
- टोल विकास संस्थाहरू सक्षम भइनसकेको
- सरकारी विद्यालयहरूलाई शैक्षिक सुधार गर्नु पर्ने

## ४.३. चाल्नुपर्ने कदमहरू :

- टोल विकास संस्थाहरूको क्षमता विकासका लागि गाउँपालिका र वडाहरूले योजनाबद्ध कार्यक्रम गर्नु पर्ने
- सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यबिधि २०७८ मा उल्लेख भएका विभिन्न विधिहरूलाई बर्षौपिच्छे प्रयोग गर्नु पर्ने
- सरकारी विद्यालयका शिक्षकहरूले गुणस्तर बढाउने रणनीति तय गर्नु पर्ने
- महिलाहरूका लागि आर्थिक आयआर्जन हुने कार्यक्रमहरूको योजना बनाइनु पर्ने
- महिलाहरूको क्षमता विकासका साथै आयआर्जन वृद्धिका कार्यक्रमहरू बनाइनु पर्ने
- वडाहरूले लक्षित वर्गका लागि सूचना अझ प्रभावकारी प्रवाहका लागि संयन्त्र निर्माण गर्नुपर्ने
- विकास भनेको भौतिक पूर्वाधार विकास मात्र हैन भन्ने बिषयको ज्ञान टोल टोलसम्म पुऱ्याउनु पर्ने
- महिलाहरूको अर्थपूर्ण सहभागिता बढाउन उनीहरूको क्षमता विकासका लागि योजना बनिनु पर्ने
- वडाहरूमा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापनमा गाउँपालिकाले पहल गर्नु पर्ने
- परियोजनाहरूको पहिचान, छनौट तथा कार्यान्वयनमा वडाका सबै जनताको समान सहभागिता रहुन पर्दछ
- परियोजनाहरू समुदायस्तरबाट तल्लो स्तरबाट छनौट भएर प्राथमिकताको निर्धारण भएर आउनु पर्दछ
- परियोजना छनौटमा सबै लक्षित वर्गको समान तथा अर्थपूर्ण सहभागिता गराइनु पर्दछ
- जुन शीर्षकमा बजेट बिनियोजन गरीएको छ त्यहि शीर्षकमा खर्च गर्ने परिपाटिलाई कडाईका साथ लागु गरीनु पर्दछ
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा युवाहरूको प्रयार्प्त मात्रामा सहभागिता गराइनु पर्दछ
- प्रधानमन्त्री रोजगार कार्यक्रमको काम गरेको रकम समयमै निकास गरीनु पर्दछ
- प्रधानमन्त्री रोजगार कार्यक्रमको सूचना टोल टोलमा समयमै पुग्नु पर्दछ
- झन्झटिलो प्रक्रियालाई सजिलो बनाईनु पर्दछ
- कृषि तथा पशु सेवा लाई अझ सर्वसुलभ बनाउन वडाहरूले पहल गर्नुपर्ने
- गाउँपालिका र वडाहरूले  एकिकृत कृषि ब्यापारको योजना बनाई लागु गर्नु पर्ने
- उन्नत जातको गाई तथा बाखामा गाउँपालिकाले लगानी गर्ने योजना बनाउनु पर्ने
- यस गाउँपालिकालाई निश्चित समयमा कृषिमा आत्म निर्भर बनाउने उद्देश्य अनुसार वडा तथा गाउँपालिकाले काम गर्नु पर्ने
- गाउँपालिका स्तरीय कृषि विज्ञ टिम बनाई कृषिको योजनाहरू बनाईनु पर्ने
- कृषि, पशु विकासलाई प्रमुख प्राथमिकताको क्षेत्र बनाइनु पर्ने
- गाउँपालिका तथा वडाबाट प्रवाह हुने सूचनालाई लक्षित वर्गसम्म पुऱ्याउने प्रभावकारी माध्यम बनाउनु पर्ने

- योजना तर्जुमाको समयमा टोलको योजना तर्जुमामा पनि बिषयगत क्षेत्रको प्राविधिक, कर्मचारीको सहभागिता गराउनु पर्दछ तब मात्र तल्लो स्तरबाट बिषयगत क्षेत्रको योजनाहरू आउने गर्दछ
- स्थानीय तहका कर्मचारीहरूको प्रभावकारी अनुगमन हुनुपर्दछ
- कर्मचारीहरूको कामको मूल्यांकन गर्ने पद्धतिलाई प्रभावकारी बनाइनु पर्दछ
- कर्मचारीहरूलाई दण्ड र पुरस्कारको ब्यवस्था गरीनु पर्दछ
- वडाहरूले अन्य कार्यालयहरूलाइ्र आफ्नो मातहतमा ल्याएर सूचनाहरू अध्यावधिक गराउनु पर्ने

## ४.४.सेवाग्राहीहरूको दृष्टिमा समस्या :

- वडा तथा गाउँपालिकाको अनुगमन नियमित नभएको
- बालविवाहलाई रोक्न नसकेको, गाउँघरमा रिसिइबी बढछ किन बोल्नु भन्दै गाउँका समाजसेवी, जनप्रतिनिधिले नै विवाहमा गएर खाएर आउने चलन
- बालबिवाह रोकथामका लागि जति पनि काम गरेता पनि ति कार्यक्रमहरूले बालबिवाह रोक्ने हैन झन बढाउनका लागि प्रोत्साहन मिलेको
- बालबिवाह गरेर उमेर नपुगी बच्चा जन्माउने आमाहरूको संख्या पनि बढि नै भएको
- स्वास्थ्य संस्थामा सरकारद्वारा प्रदान हुने सबै औषधीहरू पाउन नसक्नु
- बर्थिङ्ग सेन्टरहरू सञ्चालन त भैरहेको तर चलाउने औजारहरू पुरानो भएको
- स्वास्थ्य संस्थाहरूमा शौचालयको कमी भएको
- सरकारी विद्यालयहरूमा गुणस्तरीय पढाई नहुने
- शिक्षामा गाउँपालिका तथा वडाले विशेष ध्यान तथा अनुगमन गर्नुपर्ने
- सरकारी विद्यालयमा विद्यार्थीहरूको गुणात्मक प्रगति र संख्यामा वृद्धि गर्नका लागि शिक्षकहरू अभिप्रेरित भई योजनाबद्ध काम गर्नु पर्ने
- विद्यालयहरू बालमैत्री बन्न नसकेको
- विद्यालयका तथा अन्य कार्यालयहरूको भौतिक संरचना अपाङ्गता तथा बालमैत्री नभएको
- बसाईसराई र भौगोलिक अवस्थाका कारण विद्यार्थीको संख्यामा कमि आएको
- कृषिका बिउ, बिजन पाउन नसकेको
- कहिलेकाही पाएको बिउ, बिजनको मात्रा ज्यादै न्यून रहेको
- पशु तथा कृषिका प्राविधिकहरू कम भएको कारण उनीहरूबाट सेवा पाउन नसकेको
- अनुदान तथा बिउ, बिजन पाउनका लागि गाउँपालिकासम्म पहुँच नहुने गरेको
- सूचनाहरू पाउन नसकेको
- सहकारीहरूले पैसाको अनियमितता गरेको
- सहकारीहरू धेरै भएको तर समुदायको लागि काम भने नगरेको

- अनुदान पाउने आशाले धेरै सहकारीहरू गठन भएका तर सक्रिय काम गर्ने सहकारी ज्यादै कम भएको
- कृषकहरूलाई कृषिको सिप हस्तान्तरण नभएको
- AI को कार्यक्रमबाट प्रभावकारी रूपमा प्रतिफल नपाएको
- आधुनिक तरिकाले पशुपालन गर्न नसकेको
- लम्पि स्किन डिजिजले गर्दा कृषकहरू मारमा परेको
- उत्पादित वस्तुको बजार नहुनु
- ५ नं. वडालाई अर्गानिक चिया उत्पादन क्षेत्र घोषणा गर्नका लागि गाउँपालिकाले अध्ययन विश्लेषण गर्नु पर्ने
- चिया उत्पादनलाई प्रोत्साहन र बजारीकरणमा सहयोग गर्नुपर्ने
- बिचौलियाको मारबाट कृषकलाई संरक्षण गरी बजार खोजीमा सहयोग गर्नु पर्ने

## खण्ड : ५

### ५.१. याङवरक गाउँपालिकाको सुशासनको अवस्था

याङवरक गाउँपालिका र यस मातहतका विभिन्न शाखा तथा गाउँपालिकाका सम्पुर्ण वडाहरूको कार्यसम्पादन, सेवा प्रवाह साथै सुशासनको अवस्थालाई सामाजिक परीक्षणको क्रममा सुक्ष्म विश्लेषण गरीएको छ ।

### ५.१.१ं याङवरक गाउँपालिका वडा नं. १ वडा कार्यालयको सुशासनको अवस्था

- वडाको कार्यालय भवन पक्की र शौचालयको ब्यवस्था भएको
- इन्टरनेट, प्रिन्टर र कम्प्युटरको ब्यवस्था भएको
- सोलारको ब्यवस्था नभएको
- नागरीक बडापत्र, सूचना पाटी र सुझाव पेटिकाको प्रभावकारी प्रयोग नभएको
- सँयुक्त शौचालय प्रयोग गर्नुपर्ने भएकोले महिलाहरूका लागि कठिनाइ हुने गरेको
- सुत्केरी महिला कर्मचारी तथा सेवाग्राहीका लागि बच्चालाई स्तनपान गराउने बेग्लै कोठाको ब्यवस्था नहुदा वहाँहरूका लागि सार्वजनिक स्थलमा स्तनपान गराउन गाह्रे हुने भएको
- वडाले टोल विकास संस्थाहरूलाई सक्रिय बनाइ उनीहरूको समन्वयमा योजना तथा अन्य कामहरू सम्पन्न गर्ने गरेको
- योजना छनौट हुँदा समुदायबाट भौतिक संरचना निर्माणलाई बढि प्राथमिकता र अन्य क्षेत्रलाई न्युन प्राथमिकतामा राखेर योजनाहरू माग हुने गरेको
- वडालाई सिफारिस बाहेकको अन्य कुनै कार्यको अधिकार नदिएको हुँदा वडाको खर्च धान्नलाई वडालाई गाह्रो हुने गरेको
- वडालाई स्थानीय सरकारको मान्यता दिएर जनताहरूले धेरै आशा र भरोसा राखेर बिभिन्न कुराहरूको माग गर्ने गरेको तर वडाले ति कुराहरू गर्न नसक्दा उनिहरूमा निराशा आउने गरेको
- वडालाई सञ्चालनका लागि पालिकाले केही आर्थिक उपलब्ध गराउने नीति बनाउनु पर्ने
- दरबन्दी अनुसारको कर्मचारीको ब्यवस्थापनमा गाउँपालिकाले पहल गर्नुपर्ने
- वडाको बजेटले लक्षित वर्गका लागि आयआर्जन वृद्धिको कार्यक्रममा प्राथमिकता दिनु पर्ने

### ५.१.२. याङवरक गाउँपालिका वडा नं. २ वडा कार्यालयको सुशासनको अवस्था

- हाल वडा कार्यालयले भाडाको घरमा बसेर सेवा प्रवाह गरीरहेको
- वडाको पक्की भवन, सुलभ शौचालय सहितको निर्माणाधीन अवस्थामा रहेको
- महिलाहरूका लागि बेग्लै शौचालयको ब्यवस्था नभएको
- नागरीक बडा पत्र, सूचना पाटी र सुझाव पेटीकाको प्रयोग ब्यवस्थित रूपमा नभएको

- वडा कार्यालय सञ्चालनका लागि इन्टरनेट, कम्प्युटर र प्रिन्टर सुविधा रहेको
- वडाले सिफारिसका काम मात्र गर्ने भएकाले इन्टरनेटले राम्रो काम नगर्दा समयमा काम गर्नका लागि कठिनाई हुने गरेको
- कृषिका योजनाहरू लक्षित वर्गसम्म पुग्न नसकेको
- कृषकका अनुदानको कार्यक्रम र बिउ, बिजन वितरण कार्यक्रम गाउँपालिकाले आफै गर्ने हुँदा गाउँपालिकासम्म तल्लो स्तरको कृषकहरू पुग्न नसक्नु
- प्रभावकारी सूचना संप्रेषण गर्नका लागि वडाले टोल विकास समिति तथा जनप्रतिनिधिहरूलाई जिम्मेवारी दिएता पनि तल्लो वर्गको समुदाय अवसरबाट बञ्चित हुने
- वडामा कृषि प्राविधिक नहुँदा कृषकहरूलाई समस्या समाधानको लागि गाह्रो हुने गरेको
- बिउ, बिजन लिनका लागि कृषकहरू गाउँपालिकासम्म पुग्न नसक्ने

### ५.१.३ याङवरक गाउँपालिका वडा नं. ३ वडा कार्यालयको सुशासनको अवस्था

- वडा कार्यालय ब्यवस्थित तर शौचालय महिला तथा पुरूषको बेग्ला बेग्लै नभएको
- इन्टरनेट, प्रिन्टर र कम्प्युटरको ब्यवस्था भएको
- अभिलेखीकरण कम्प्युटरमा गर्ने गरेको
- कम कर्मचारीले कामको बाँडफाँड गरेर सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गरीरहेको
- नागरीक बडापत्र, सूचना पेटिका र सुझाव पेटीकाको प्रभावकारी प्रयोग नभएको
- वडाको सम्पूर्ण काममा टोल विकास समितिको सहयोग र सहकार्यमा गर्ने गरेको
- लक्षित वर्गका योजनाहरू प्राथमिकतामा नआउने गरेको
- भौतिक पूर्वाधार विकास र सडक निर्माण कार्यक्रमलाई सधै प्रमुख प्राथमिक क्षेत्रको रूपमा राखिनु
- क्षमता विकास तथा चेतना विकासका कार्यक्रमहरू टोलबाट सिफारिस नहुनु साथै वडाले पनि यस्ता कार्यक्रमहरूलाई कम प्राथमिकतामा राखेर बजेट निर्माण गर्नृ गरेको
- महिलाहरूको अर्थपूर्ण सहभागिताका लागि वडाबाट न्यून मात्र पहल हुने गरेको
- वडाले कृषि तथा पर्यटन विकासलाई विशेष महत्व दिएर कृषि तथा पशु प्रवर्द्धनमा अनुदान वितरण गरेको
- पर्यटन विकासका लागि गुप्तेश्वर मन्दिर डि.पि.आर. तथा चरिभञ्ज्याङ गेट निर्माण
- कृषि सडक तथा मोटर बाटो स्तरउन्नती
- विपन्न वर्गका लागि निशुल्क विद्युत मिटर जडान
- अति विपन्न २३ घर परिवारलाई सुरक्षित नागरीक आवास कार्यक्रमबाट सुबिधा प्रदान
- बालमैत्री तथा लक्षित वर्ग सिप विकास कार्यक्रम सञ्चालन
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत ६ वटा गोरेटो बाटो मर्मत तथा २ वटा सडक मर्मत कार्य सम्पन्न

### ५.१.४. याङवरक गाउँपालिका वडा नं. ४ वडा कार्यालयको सुशासनको अवस्था

- वडा कार्यालयको आफ्नो पक्की भवन भएको
- सुरक्षित चर्पीको व्यवस्था भएको
- भौतिक संरचना व्यवस्थित
- कालोपत्रे बाटोले छोएको
- गाउँपालिकाको नजिकमा अवस्थित
- इन्टरनेट, डेक्सटप तथा प्रिन्टरको व्यवस्था भएको
- नागरीक वडापत्रको प्रयोग तथा सुरक्षित, सर्वसुलभ राखिएको
- सूचना पाटी तथा सुझाव पेटिकाको व्यवस्था भएको
- सेवाग्राहीहरूलाई बस्ने, बिसाउने पर्याप्त स्थान भएको
- २ जना कर्मचारीद्वारा सेवा प्रदान गरीदै आएको
- वडा अध्यक्षले पूर्ण समय वडालाई दिएर जनताको काममा समर्पित भएको
- वडा कार्यालयलाई व्यवस्थित गर्न नसकेको अवस्था
- दरबन्दी अनुसारको कर्मचारी नहुँदा २ जना कर्मचारीले सेवाग्राहीलाई सेवा दिन गाह्रो भएको अवस्था
- इन्टरनेटको ढिलो चल्नाले सेवाग्राहीले एउटै कामको लागि धेरै समय बस्नु पर्ने र १ दिनमै पूरा हुने कामको लागि पुनः अर्को दिनको पनि खर्च गर्नुपर्ने अवस्था
- योजना प्राथमिकीकरणमा भौतिक पूर्वाधार विकासको पक्ष बाहेक अन्य पक्ष नआउनाले विकासका अन्य पक्षहरूमा कम काम सम्पन्न भएको
- विषयगत क्षेत्रमा एकदम कम जिम्मेवार र कम लगानी देखिएको
- कृषकहरूको माग अनुसारको बिउ, बिजन उपलब्ध गराउन नसकेको
- गाउँपालिकाबाट प्राप्त हुने बजेट कम हुने तर जनताको आशा बढी हुने
- जनताले अपेक्षा गरे अनुसारको काम गर्न नसक्नु
- वडाले साना साना योजना मात्र गर्न सकेको ठुला ठुला योजनाको लागि वडालाई अधिकार प्राप्त नहुने
- वडालाई अतिरिक्त कार्यका लागि आर्थिक अभिभारा जनप्रतिनिधिहरूले ब्यक्तिगत रूपमा बेहोर्नु परेको
- आकास्मिक भैपरी आउने दैवी प्रकोप र असाहय, समस्यामा परेकाहरूलाई सहयोग गर्नका लागि बजेट नहुँदा त्यस्ता कामको आर्थिक ब्यवस्थापनमा गाह्रे हुने गरेको
- जनप्रतिनिधिहरूलाई समय ब्यवस्थापन गर्न गाह्रो भएको

## ५.१. ५. याङवरक गाउँपालिका वडा नं. ५ वडा कार्यालयको सुशासनको अवस्था

- व्यवस्थित चर्पी सहितको पक्की भवनमा वडा कार्यालय रहेको
- सेवाग्राहीका लागि प्रतीक्षा तथा आराम साथ बस्ने ठाउँको व्यवस्था भएको
- तर वडा कार्यालयमा नागरीक बडापत्र, गुनासो पेटिकाको व्यवस्था नभएको
- सूचना पाटीमा सूचना भने टाँस गर्ने गरेको
- जम्मा ४ जना कर्मचारी र जनप्रतिनिधिको सक्रियतामा वडाको कामकाज हुने गरेको
- वडाअध्यक्षले पूर्ण रूपमा समय दिने गरेको
- योजना तथा आयोजनाहरूको अनुगमन प्रभावकारी र उद्देश्यपरक बनाउन समयमै अनुगमनको काम गर्ने गरेको
- इन्टरनेट, कम्प्युटर र प्रिन्टरको व्यवस्था भएको
- सडक स्तरोन्नती र सडक निर्माणका लागि बढी बजेटको लगानी भएको
- कृषकहरूका लागि टनेल, आलुको बिउ वितरण गा.पा. मार्फत वडाबाट गरीएको
- लक्षित वर्गको बजेटलाई प्राथमिकतामा नराखेको
- योजना तर्जुमामा वडाका सम्पुर्ण सरोकारवाला पक्षहरूको सहभागिता नहुने गरेको सिमित व्यक्तिहरूले बसेर योजना बनाउने गरेको कागजी रूपमा मात्र सहभागिता देखाउने गरेको
- कृषिमा लगानी अनुसारको प्रतिफल कृषकहरूले प्राप्त गर्न नसक्नु
- कृषकहरूको उत्पादनलाई बजार व्यवस्थापन र बजारीकरण समस्याले गर्दा उत्पादनले आर्थिक आयआर्जन गर्न नसकेको
- जति स्तरोन्नति गरे पनि अझै पनि सडक संजालको अझै स्तरोन्नति गर्नु पर्ने
- कृषि प्राविधिकको सेवा लिनु समस्या पर्ने गरेको
- कृषि प्राविधिकको प्रत्येक वडामा आवश्यकता भएको
- ५ नं. वडालाई अर्गानिक चिया उत्पादन क्षेत्र घोषणा गर्नका लागि वडा तथा समुदायहरू जागरूकताका साथ काम गर्दै गरेको
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम प्रभावकारी भएको यस काममा युवाहरूको बढी मात्रामा रूचि रहेको
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका लागि फर्म भरेकाहरूमध्ये धेरै जना पालिकाले तय गरेको मापदण्ड अनुरूप नपर्दा नपाउनेले झगडा/रिसाउने गरेको
- पशुहरूका लागि गा.पा.मा नै माग गरी औषधीहरू वडाले कृषकको माग अनुसार उपलब्ध गराउने गरेको

## ५.१.६. याङवरक गाउँपालिका वडा नं. ६. वडा कार्यालयको सुशासनको अवस्था

- वडाको पक्की भवन भएको
- १ वटा मात्र शौचालयको व्यवस्था भएको कारण शौचालय प्रयोगकका लागि कुर्नु पर्ने बाध्यता
- सभा, गोष्ठि गराउने हलको पनि नजिकै व्यवस्था भएका
- ३ जना कर्मचारी र जनप्रतिनिधिहरूको संलग्नतामा वडा कार्यालय सञ्चालनमा रहेको
- वडामा नागरीक वडापत्र प्रयोगमा भएता पनि अव्यवस्थित रूपमा रहेको, सुझाव पेटिकाको व्यवस्था नभएको
- सूचना पाटि मार्फत सूचना संप्रेषण गर्ने गरेको
- वडा कार्यालयको वरिपरि घेराबारा गरीएको
- वडा कार्यालय कालोपत्रे बाटोको छेउमा रहेको हुँदा सेवाग्राहीलाई यातायातको सुबिधा मार्फत वडामा आउन जान सजिलो हुने
- कार्यालयमा इन्टरनेट, कम्प्युटर, प्रिन्टरको सुबिधा भएको
- सेवाग्राहीहरूलाई सेवा प्रदानका लागि वडाध्यक्ष पूर्ण समय दिएर बस्ने गरेको
- गाउँपालिकाले बिउ, बिजन खरिद गरी वडालाई दिने गरेको र वडाले टोल विकास समितिसँगको समन्वयमा कृषकहरूलाई वितरण गर्ने गरेको
- वडाले प्राथमिकतामा दलित, आर्थिक हिसाबले न्युन स्थिति भएका र अन्यलाई चाहि दामासाही रूपमा वितरण गर्ने गरेको
- वडाको विषयगत कर्मचारीहरू वडाको योजना तर्जुमामा नबस्ने गरेको
- कृषकहरूले माग गरेको निवेदनको आधारमा विषयगत क्षेत्रका कर्मचारीले आफ्नो विषयगत क्षेत्रको योजना आफैले बनाएर पेश गर्ने गरेको
- पशुहरूलाई आवश्यक भ्याक्सिनहरू निशुल्क गाउँपालिकाले प्राविधिक मार्फत उपलब्ध गराउने गरेको
- बर्षैपिच्छे रेबिजको खोप दिने गरेको
- पशुको औं.षधिमा Expair Rate ० प्रतिशत रहेको
- महिला कर्मचारी तथा सेवाग्राहीहरूलाई मध्यनजर गरी कार्यलयको व्यवस्थापन नभएको
- सुत्केरी आमाका लागि स्तनपान गराउने कोठको बेग्लै व्यवस्था नभएको

## ५.२. याङवरक गाउँपालिकामा सञ्चालित स्वास्थ्य केन्द्रहरूको हालको अवस्था

### ५.२.१. स्वास्थ्य संस्था, च्याङ्थापू १

- स्वास्थ्य संस्थाको व्यवस्थित भवन शौचालय र पानीको धारा सहितको ?
- बिरामी, सेवाग्राहीको लागि आराम गर्ने ठाउँको व्यवस्था भएको

- स्वास्थ्य संस्थामा इन्टरनेट, कम्प्युटर र प्रिन्टरको ब्यवस्था भएको
- सरकारबाट प्रदान गरीने औषधी मध्ये ३६ प्रकारका औषधी स्वास्थ्य संस्थामा उपलब्ध भएको
- Expair भएर जाने औषधीको रेट ० प्रतिशत
- औषधीहरूको लिष्ट/फ्लेक्समा लेखि भित्तामा टाँसिएको
- स्वास्थ्य पानीका साथमा धाराको ब्यवस्था
- वर्थिङ्ग सेन्टरको ब्यवस्था भएको
- वर्थिङ्ग सेन्टरमा २८ जना गर्भवतीहरूलाई सुत्केरी गराउन सफल
- वर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन नसकेको केसलाई जिल्ला सदरमुकाम हस्पिटलमा रेफर गर्ने
- वर्थिङ्ग सेन्टरको लागि आवश्यक सामग्री काम चलाउनका लागि पर्याप्त तर आधुनिक र नयाँ औजारको आवश्यकता
- सेवाग्राही घरधुरी १०० प्रतिशत रहेको
- ५ वर्ष मुनिका बालबालिकाको संख्या ४० प्रतिशत रहेको
- खोपमा पहुँच भएको जनसंख्या १०० प्रतिशत रहेको
- ANC गराउने महिलाको संख्या ८० प्रतिशत
- हैजा तथा महामारीबाट कसैको पनि मृत्यु नभएको
- स्वास्थ्य स्वयम् सेविकाहरूका लागि मासिक रू. १५००। र वार्षिक पोषाक भत्ता रू. १०,०००। र काम गरेको दिनको रू. ४००। प्रदान गरीने
- महिला स्वयम् सेविकाहरूले स्वास्थ्य दिवश, अपाङ्गता दिवश तथा स्वास्थ्य स्वयम् सेविका दिवश मनाउने गरेको
- नयाँ स्वास्थ्य स्वयम सेविकाको लागि तालिम तथा पुरानाका लागि पुनरताजगी तालिमको ब्यवस्था गरीनु पर्ने
- महिला स्वास्थ्य स्वयम् सेविकाहरूका लागि झोला, छाता र गम्बुट जुत्ताको ब्यवस्था भए धेरै राम्रो हुने स्वयम् सेविकाहरूको माग

### ५.२.२. स्वास्थ्य संस्था, फलैचा, याङवरक २.

- स्वास्थ्य संस्थाको भवन ब्यवस्थित रहेको
- इन्टरनेट तथा कम्प्युटर, प्रिन्टरको ब्यवस्था भएको
- शौचालय तथा धाराको राम्रो ब्यवस्था रहेको
- १ घण्टा आधा मा सेवा क्षेत्रका समुदायलाई स्वास्थ्य संस्थासम्म आईपुग्न समय लाग्दछ
- १०० प्रतिशत घरधुरी स्वास्थ्य संस्थाबाट लाभान्वित भएका
- वर्थिङ्ग सेन्टर सञ्चालनमा रहेको

- वर्थिङ्ग सेन्टरलाई आवश्यक सामग्री उपलब्ध रहेको
- ७ जना गर्भवतीहरूलाई वर्थिङ्ग सेन्टरमा सुत्केरी गराउन सफल
- दक्ष प्रसुतिकर्मीबाट प्रसुति गरीएका महिलाको संख्या प्रतिशतमा ७५ प्रतिशत
- यस संस्थामा सुत्केरी गराउन नसक्ने केसलाई पाँचथर सदरमुकाम हस्पिटलमा सिफारिस गरेर गठाउने गरेको
- उपचार केन्द्र बनिने क्रममा रहेको
- गत आ.व.मा स्वास्थ्य संस्था सामाजिक परीक्षण नगराएको तर आ.व. २०७९/०८० मा भने स्वास्थ्य संस्था सामाजिक परीक्षण गरीएको
- गाउँघर क्लिनिक तथा खोप केन्द्रहरूबाट सेवा प्रभावकारी रूपमा प्रवाह गरीरहेको
- स्वास्थ्य स्वयम् सेविकाहरूका लागि मासिक रू. १५००। र वार्षिक पोषाक भत्ता रू.१००००। र काम गरेको दिनको रू. ४००। प्रदान गरीने
- महिला स्वयम् सेविकाहरूले स्वास्थ्य दिवश, अपाङ्गता दिवश तथा स्वास्थ्य स्वयम् सेविका दिवश मनाउने गरेको
- नयाँ स्वास्थ्य स्वयम् सेविकाको लागि तालिम तथा पुरानाका लागि पुनरताजगी तालिमको व्यवस्था गरीनु पर्ने
- वर्थिङ्ग सेन्टरमा आधुनिक र नयाँ औजारहरूको व्यवस्था गरीनु पर्ने
- ५ वर्ष मुनिका बालबालिकाको संख्या ४३ प्रतिशत
- खोपमा पहुँच भएको जनसंख्या १०० प्रतिशत
- ४ पटक गर्भजाँच गरीउका महिलाहरूको संख्या ७५ प्रतिशत
- रूघा, खोकी, ज्वरो बाहेक महामारीको रूपमा कुनै रोग नलागेको

### ५.२.३. स्वास्थ्य संस्था, ओयाम, वडा नं. ३.

- स्वास्थ्य संस्था व्यवस्थित रूपमा रहेको
- शौचालय तथा पानीको राम्रो व्यवस्था भएको
- स्वास्थ्य संस्थामा पहुँच भएका घरधुरी संख्या १०० प्रतिशत
- स्वास्थ्य सम्बन्धि र स्वास्थ्य सँग सम्बन्धीत सूचना तथा जानकारी भित्तामा टाँसेर राखेको
- स्वास्थ्य संस्थाबाट प्राप्त गर्न सकिने औषधीहरूको लिष्ट स्पष्ट रूपमा भित्तामा टाँस गरेर राखेको
- सरकारबाट निःशुल्क दिने औषधीमध्ये ३६ प्रकारको औषधी गाउँपालिकाबाट उपलब्ध भएको
- औषधीहरू Expair भएर जाने रेट ० प्रतिशत रहेको
- ५ वर्षमुनिका बालबालिका संख्या २०८ जना

- एक वर्षमुनिका खोपमा पहुँच भएका बालबालिका संख्या ५९ जना
- वर्थिङ्ग सेन्टर सुचारू रूपले सञ्चालनमा रहेको
- गत आ.व. मा ९ जना गर्भवतीहरू सुत्केरी हुन सफल
- ANC चेक गराउने महिला संख्या १० जना
- PNC गराउने महिला संख्या १०० प्रतिशत नै रहेको
- हैजा वा माहामारीबाट कसैको मृत्यु नभएको
- खोपमा पहूँच भएका बालबालिकाको संख्या १०० प्रतिशत
- स्वास्थ्य संस्था अपाङ्गता मैत्री र बालबालिका मैत्री नभएको कारण उनीहरूलाई पानीको धारा, शौचालय प्रयोग गर्न गाह्रो हुने साथै स्वास्थ्य संस्थासम्म अपाङ्गता भएका ब्यक्तिहरू पुग्न नै समस्या हुने
- स्वास्थ्य स्वयम् सेविकाहरूका लागि मासिक रू. १५००। र बार्षिक पोषाक भत्ता रू. १००००। र काम गरेको दिनको रू. ४००। प्रदान गरीने
- महिला स्वयम् सेविकाहरूले स्वास्थ्य दिवस, अपाङ्गता दिवस तथा स्वास्थ्य स्वयम् सेविका दिवस मनाउने गरेको
- नयाँ स्वास्थ्य स्वयम् सेविकाको लागि तालिम तथा पुरानाका लागि पुनरताजगी तालिमको ब्यवस्था गरीनु पर्ने

### ५.२.४. थर्पु स्वास्थ्य संस्था, वडा नं. ४.

- ब्यवस्थित शौचालय, धारा सहितको स्वास्थ्य संस्थाको कार्यालय
- खानेपानीको ब्यवस्था भएको
- स्वास्थ्य नागरीक वडापत्र, जानकारीमुलक सूचनाहरू, निःशुल्क वितरण हुने औषधीहरूको नाम सहितको जानकारी भित्तामा टाँस गरीएको
- १५ शैयाको हस्पिटल निर्माणाधिन अवस्थामा
- आइरन, जीवन जल, परिवार नियोजनका अस्थायी साधनहरू स्वास्थ्य स्वयम् सेविकाहरूबाट सर्वसुलभ रूपमा समुदायमा वितरण गर्ने प्रणाली भएको
- स्वास्थ्य स्वयम् सेविकाहरूका लागि मासिक रू. १५००। र वार्षिक पोषाक भत्ता रू. १००००। र काम गरेको दिनको रू.४००। प्रदान गरीने
- महिला स्वयम् सेविकाहरूले स्वास्थ्य दिवस, अपाङ्गता दिवश तथा स्वास्थ्य स्वयम् सेविका दिवस मनाउने गरेको
- नयाँ स्वास्थ्य स्वयम् सेविकाहरूको लागि तालिम तथा पुरानाका लागि पुनरताजगी तालिमको ब्यवस्था हुँदा स्वयम् सेविकाहरूलाई काममा प्रोत्साहन मिल्ने
- स्वास्थ्य संस्थाको सेवाबाट सेवा क्षेत्र लगायत नजिकका वडा र अन्य स्थानबाट आउने सेवाग्राहीहरू सबैले स्वास्थ्य सेवा प्राप्त गरेका
- ५ वर्षमुनिका बालबालिकाको संख्या ४० प्रतिशत

- खोपमा सम्पूर्ण समुदायको पहुँच भै पूर्ण खोप वडा तथा गाउँपालिका घोषणा भएको
- ४ पटक ANC जाँच गराउने गर्भवती महिलाको संख्या ७० प्रतिशत रहेको
- बर्थिङ्ग सेन्टर तथा स्वास्थ्य संस्थाहरूमा सुत्केरी गराउने गर्भवती महिला संख्या ७० प्रतिशत
- झाडापखाला तथा हैजाको समस्या नदेखिएको तर ज्वरो, रूघाखोकीको समस्या भने सामान्यतया समुदायमा हुने गरेको

### ५.२.५. आधरभूत स्वास्थ्य संस्था, हिटिधारा, वडा नं. ५

- यस वडामा सामुदायिक स्वास्थ्य एकाइ पनि सञ्चालनमा रहेको
- ब्यवस्थित स्वास्थ्य संस्था शौचालय र पानीको ब्यवस्था भएको
- ५ वटा खोप केन्द्र र ५ वटा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा प्रदान गरीरहेको
- स्वास्थ्य सँग सम्बन्धित सूचना तथा जानकारीहरू सेवाग्रीहरूले देख्ने स्थानमा टाँस गरेर राखेको
- स्वास्थ्य संस्थामा सम्पूर्ण घरधुरीको पहुँच भएको
- वडामा ५ वर्ष मुनिका बालबालिकाको संख्या २० प्रतिशत रहेको
- पुर्ण खोप गाउँपालिका घोषणा भैसकेको अवस्थामा यहाँका सबै बालबालिका तथा कोभिडको खोप सबैले प्राप्त गरीसकेका
- ANC, PNC पूर्ण रूपमा गर्ने गर्भवती महिलाको संख्या ९० प्रतिशतले रहेको
- कोभिड बाहेकको अन्य महामारी र हैजा नरहेको
- स्वास्थ्य स्वयम् सेविकाहरूका लागि मासिक रू. १५००। र वार्षिक पोषाक भत्ता रू. १००००। र काम गरेको दिनको रू.४००। प्रदान गरीने
- महिला स्वयम् सेविकाहरूले स्वास्थ्य दिवस, अपाङ्गता दिवस तथा स्वास्थ्य स्वयम् सेविका दिवस मनाउने गरेको
- नयाँ स्वास्थ्य स्वयम् सेविकाहरूको लागि तालिम तथा पुरानाका लागि पुनरताजगी तालिमको ब्यवस्था हुँदा स्वयम् सेविकाहरूलाई काम प्रोत्साहन मिल्ने

### ५.२.६. नागी स्वास्थ्य संस्था, वडा नं. ६.

- कर्मचारी संख्या जम्मा ५ जना
- स्वास्थ्य स्वयम् सेविका ९ जना
- ब्यवस्थित स्वास्थ्य संस्थाको भवन भएता पनि मापदण्ड अनुसारको कोठाहरू नभएको
- एउटा मात्र शौचालयको ब्यवस्था हुनाले शौचालयको समस्या रहेको
- पानीको ब्यवस्था भएको
- स्वास्थ्य कालो पत्रे बाटोको नजिक भएकोले सेवाग्राहीलाई आउन जान सजिलो

- सेवाग्राहीका लागि व्यवस्थित प्रतिक्षालयको निर्माण गरेको
- सरकारद्वारा निशुल्क वितरण हुने गाउँपालिकाबाट प्राप्त औषधी स्वास्थ्य संस्थाबाट निशुल्क वितरण गर्ने गरेको
- स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवा सुविधाको बारेमा जानकारी सबैले देख्ने ठाउँमा टाँस गरीएको
- कोभिड १९ बिरूद्धको पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणामा यस स्वास्थ्य संस्थाले प्रथम घोषणा गरेकोले रकम सहितको पुरस्कार र सम्मान पत्र प्राप्त गरेको
- वर्थिङ्ग सेन्टर व्यवस्थित रूपमा सञ्चालन भएको र यस आ.व. मा ३० जना गर्भवती महिलाहरूलाई सुत्केरी गराउन सफल भएको
- ३ जना गर्भवतीहरूलाई पाँचथर जिल्ला अस्पतालमा रेफर गरेको
- गर्भवती मृत्यु शुन्य रहेको
- बाल मृत्युदरको सन्दर्भमा सुत्केरी घरमै बच्चा जन्माएर ३ दिनमा बच्चालाई गाह्रो भएर स्वास्थ्य संस्थामा ल्याएको, बच्चा अन्तिम समयमा ल्याएकोले बच्चाको मृत्यु भएको
- ८ जनाले घरमै बच्चा जन्माएको
- ANC, PNC १०० प्रतिशत महिलाहरूले गराउने गरेको
- बालबिवाह हुने चलन बढेर गएको
- उमेर नपुगि बच्चा जन्माउने महिलाको संख्या ९ जना, उनिहरूको अभिलेखीकरण नाघी स्वास्थ्य संस्थाले राखेको
- बालबिवाहको असर र रोकथामका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरे पनि बालबिवाहमा वृद्धि भएर गएको
- कोरोना माहामारीका कारण २ जनाको मृत्यु भएको जानकारी प्राप्त तर यसको अभिलेखीकरण नभएको
- रूघाखोकी, ज्वरो, मलेरीया जस्ता समस्या देखिएको
- राज्यबाट प्राप्त हुने निशुल्क औषधीहरूमा ग्यास टाइटीज, प्रेषरको औषधी ज्यादै कम परिमाणमा प्राप्त हुने भएकोले बिरामीहरूले ति औषधी प्राप्त गर्ने अवसरबाट वञ्चित भएको
- महंगो औषधीहरू दिनलाई गाह्रो भएको
- स्वास्थ्य सामाजिक परीक्षण सम्पन्न भएको

# खण्ड : ६

### ६.१.निष्कर्ष

जनतालाई सेवा प्रदान गर्ने निकायहरूको जनताप्रतिको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्नका लागि हरेक स्थानीय सरकारका अङ्गहरूले सामाजिक उत्तरदायित्व वहनका लागि आफ्नो कार्यालयहरूले बिभिन्न कार्यविधिहरू निर्माण गर्नु पर्ने हुन्छ । यसै क्रममा याङवरक गाउँपालिका पाँचथरले पनि सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ निर्माण गरीसकेको छ । उक्त कार्यविधिमा सार्वजनिक जवाफदेहिताका विभिन्न औजारहरूको प्रक्रियागत ब्याख्या गरीएको छ, सोहि बिभिन्न औजारहरू मध्ये सामाजिक परीक्षण सामाजिक उत्तरदायित्व र पारदर्शिताको लागि एउटा महत्वपूर्ण विधिको रूपमा उल्लेख गरीएको छ । सामाजिक परीक्षणले बिगतको समस्या, कमि कमजोरी र आगामी दिनको काम गर्ने दिशा निर्धारणको लागि यसले दिशाबोध गर्दछ । सामाजिक परीक्षणका लागि याङवरक गाउँपालिकाका ६ वटै वडा तथा गाउँपालिकाको अवस्था बिश्लेषण, अभिलेखहरूको अध्ययन तथा सरोकारवाला पक्षहरूसँगको छलफलबाट त्यहाँको अवस्थितिको बिश्लेषण ऐना जस्तो छर्लङ्ग पार्ने छ । सामाजिक परीक्षणले कर्मचारी तथा जनप्रतिनिधिहरूलाई जवाफदेही र जिम्मेवार बनाउदछ । सामाजिक परीक्षणले योजना छनौट देखिको कार्यान्वयन तथा हस्तान्तरणको हरेक प्रक्रियाको अध्ययन र बिश्लेषण गर्दछ यसले योजनाको चिरफार गर्ने गर्दछ तसर्थ यो एउटा पारदर्शी ऐना हो ।

यस गाउँपालिकाले सन्तुलित विकासको अवधारणालाई मनन गरेर आफ्ना योजना बनाउन प्रयास गरेको पाउन सकिन्छ । विकासको गतिमा यो गाउँपालिका धेरै अघि बढ्न खोजिहेको पाइएको छ । स्थानीय निकाय नियमावली, स्थानीय स्वायत्त शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा यस गाउँपालिका अग्रसर भइरहेको छ । उक्त नीतिहरूमा निहित रहि यस गाउँपालिकाले विषयगत क्षेत्रको कार्यविधिहरू धमाधम निर्माण गर्नमा लागि परेको छ । राज्यद्वारा प्रद्धत योजना तर्जुमाका विभिन्न चरण र प्रक्रियालाई अवलम्वन गर्दै यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको आवश्यकता पहिचान, विश्लेषण, आवश्यकताको निर्धारण गरेर योजनाको माग गर्ने र ति आयोजनाहरूलाई पालिकाको परिषद्बाट पारित गरेपछि मात्र कार्यक्रमहरू पालिकाको सभाले पास गर्ने गर्दछ । छनौट भएका आएका कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै सञ्चालन गरीएका देखिन्छन् । विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरूले गर्ने कामहरूको डुब्लिकेशन हुन नदिनका लागि यस गाउँपालिकाको नेतृत्वमा ६ वटै वडाहरूमा काम गर्ने ति संस्था तथा कार्यालयलाई एकत्रित गर्न गरेका प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरूको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ । वास्तवमा भन्ने हो भने आर्थिक वर्षको अन्ततिर बजेट निकासा गरीने हुँदा परियोजनाहरू हतारमा सम्पन्न गरेको देखियो । यसबाट परियोजनाहरू स्तरीय रूपमा सम्पन्न गर्नु भन्दा पनि काम सक्ने र बजेट फ्रिज हुन नदिने कार्यले प्राथमिकता पाउने गरेको छ तसर्थ यस्ता परिपाटीलाई पनि रोकेर काममा गुणस्तरीयता ल्याउनु पनि यस गाउँपालिकाको जिम्मेवारी र कर्तव्यको रूपमा रहेको छ । गाउँपालिकाको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी र कर्तब्य भनेको समुदायलाई मानेर, समुदायको उत्थानको लागि समुदाय केन्द्रित योजनाहरू बनाउन जरूरी देखिन्छ, महिलाहरूको क्षमता विकास तथा उनीहरूको आर्थिक सवलीकरणमा यस पालिकाले विशेष महत्व दिनु पर्ने आवश्यकता देखिन्छ । पर्यटन विकास , कृषि तथा पशु विकासको

क्षेत्रमा धेरै राम्रा राम्रा क्रियाकलापहरू गरेको पाइयो यसलाई संस्थागत गरेर लैजानका लागि सहकारीहरूको दिगो विकास र क्षमता विकासको नीति गाउँपालिकाले बनाउन जरूरी देखिन्छ किन कि जनताको पैसा सहकारीहरू मार्फत सञ्चालन भैरहेको छ र सहकारी भनेको तल्लो तहसम्म पुग्ने राम्रो माध्यम बन्न सक्दछ । सहकारीहरूलाई व्यवसायिक ज्ञान र सिप दिई व्यवसायिकता तिर लैजान जरूरी देखिएको छ । गाउँपालिकाले नयाँ तथा सृजनात्मक कार्यगर्ने सोचहरू राखेको पाइयो त्यस्ता योजनाका साथै हाम्रा वरिपरि रहेका महिला, लक्षित वर्गहरू प्रति सम्वेदनशील भएर योजना तर्जुमा गरेको अवस्थामा यो गाउँपालिकाको अवस्था अझ राम्रो हुने देखिन्छ ।

## ६.२. सुझाव

- सामाजिक परीक्षणलाई गा.पा. को आफ्नो कार्यक्रमको रूपमा स्विकारेर गम्भिरताको साथ यस कार्यमा गा.पा.को कर्मचारी, जनप्रतिनिधि र समुदाय सम्लग्न हुनु जरूरी छ
- सामाजिक परीक्षणले गा.पा. को संस्थागत पारदर्शिता र जिम्मेवारीलाई प्रभावकारी बनाउदछ तसर्थ यसबाट प्राप्त सुझावहरूलाई सम्बन्धित पक्षले स्वीकार्न महत्वपूर्ण हुन्छ
- यो कार्यले भावि दिशा निर्देश गर्दछ भन्ने सोच राख्नु पर्दछ न कि यसले समस्या पैदा गर्दछ भन्ने ठान्नु हुदैन
- यो बिषयलाई साधारण तालिम वा गोष्ठि ठानिनु हुदैन
- सामाजिक परीक्षणलाई स्वमूल्यांकनको माध्यमको रूपमा लिनु पर्दछ
- सामाजिक परीक्षण तथा जवाफदेहिता प्रवर्द्धनका विभिन्न विषयहरूमा संवेदनशील भई आवश्यक स्रोत र साधनको बाँडफाँड बजेट बिनियोजनको समयमै गराउदा यो क्षेत्रमा अपनोत्व बढदै जानेछ
- समयमा नै सामाजिक परीक्षण गर्नु पर्ने

## सन्दर्भ पुस्तकहरू


- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- स्थानीय स्वायत्त शासन नियमावली, २०५६
- स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७
- स्थानीय निकाय स्रोत परीचालन कार्यविधि,
- अवलोकन र समूह छलफलबाट प्राप्त विवरण
- याङवरक गाउँपालिकामा रहेको नागरीक बडापत्र
- याङवरक गाउँपालिकाको वेबसाईट
- याङवरक गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट, २०७८/७९
- याङवरक गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक प्रगति विवरण,

- याङवरक गाउँपालिकाको प्रथम पञ्च वर्षीय गाउँ विकास विकास आवधिक योजना, २०७६(२०८१)
- याङवरक गाउँपालिकाको सार्बजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८
- याङवरक गाउँपालिकाको लैंगिक समानता र समाजिक समावेशीकरण परीक्षण, २०७९/८०
- विषयगत कार्यालयहरूको वेबसाईट तथा प्रकाशनहरू

**अनुसूची हरू :**

**१. फोटोहरु**

**२. माइन्यूटहरू**

**३. यातायात खर्च बुझिलिएको भरपाई**

# १. सम्पन्न कार्यक्रमको विभिन्न समयमा भएका कार्यक्रमको फोटोहरु






हुकुम रामजा मगर
वडा सचिव


अमृत बहादुर योङहाङ
वडा अध्यक्ष


छलफल कार्यक्रम
SAFAL


याङवरक गाउँपालिकाको सामाजिक परिक्षण सम्बन्धी
SAFAL


याङवरक गाउंपालिकाको सामाजिक परिक्षण सम्वन्धी
छलफल कार्यक्रम
SAFAL




याङवरक गाउँपालिकाको सामाजिक परिक्षण सम्बन्धी
छलफल कार्यक्रम


छलफल कार्यक्रम





छलफल कार्यक्रम
SAFAL


याङवरक गाउँपालिकाको सामाजिक परिक्षण सम्बन्धी
छलफल कार्यक्रम
सहयोग
याङवरक गाउँपालिका
SAFAL


सामाजिक परिक्षणबाट देखिएका बलियो पक्षहरु
क्रमश
REDMI NOTE 9 PRO MAX
AI QUAD CAMERA


REDMI NOTE 9 PRO MAX
AI QUAD CAMERA


REDMI NOTE 9 PRO MAX
AI QUAD CAMERA


छलफल कार्यक्रम

